# नगर शिक्षा योजना

## (२०८१/२०८२–२०९०/२०९१)

(नगर कार्यपालिकाबाट मिति २०८२/०१/०९ गते स्वीकृत)

कपिलवस्तु नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

तौलिहवा, कपिलवस्तु

लुम्बिनी प्रदेश

नेपाल

# शुभकामना

कपिलवस्तु नगरपालिकाले आगामी १० वर्षलाई दृष्टिगत गर्दै तयार गर्न लागेको स्थानीय शिक्षा क्षेत्र विकास योजना हाम्रो नगरपालिकाको शैक्षिक सुधार र समृद्धिको दिशामा एक महत्वपूर्ण मार्गचित्र हुनेछ। हाल शिक्षामा देखिएका विविध चुनौतीहरूको सम्बोधन र भविष्यका सम्भावनाहरूको उपयोग गर्न यो योजना एक सशक्त साधन बन्नेछ।

हालको अवस्थाले देखाउँछ कि सामाजिक तथा आर्थिक रूपमा कमजोर पृष्ठभूमिका बालबालिकाहरू शिक्षामा पछि परिरहेका छन्, जसको प्रत्यक्ष असर नगरपालिकाको  शैक्षिक उपलब्धिमा देखिएको छ। स्रोतसाधनको उपस्थिति हुँदाहुँदै पनि अपेक्षित परिणाम प्राप्त हुन नसक्नु हामी सबैका लागि आत्ममूल्यांकनको विषय हो। यसले व्यवस्थापनमा देखिएका कमजोरीलाई सुधार गर्दै योजनाबद्ध रूपमा अघि बढ्नुपर्ने आवश्यकता औंल्याएको छ।

नेपालको संविधान र अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७७ ले सबै बालबालिकालाई गुणस्तरीय, निःशुल्क र अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने स्पष्ट व्यवस्था गरेको भए तापनि त्यसको प्रभावकारी कार्यान्वयनमा केही चुनौतीहरू अझै विद्यमान छन्। विशेषगरी आर्थिक रूपले कमजोर वर्गका बालबालिकाहरूको पहुँच अझै सन्तोषजनक छैन।

यस योजनाले नगरपालिकाको सम्पूर्ण शैक्षिक संस्थाहरूको स्तरोन्नति, स्रोतसाधनको न्यायसंगत वितरण, नियमित शिक्षक प्रशिक्षण, सहुलियत कार्यक्रम, प्रविधिको प्रयोग, र सिकाइ वातावरणको समग्र सुधारमा विशेष ध्यान दिनेछ। हामीले विद्यालयको भौतिक पूर्वाधार, विद्यार्थी–शिक्षक अनुपात, र व्यवस्थापन प्रणाली सुधारमा पनि सन्तुलित ध्यान दिनु पर्नेछ।

बालमैत्री सिकाइ वातावरण निर्माण, नियमित उपस्थिति सुनिश्चितता, र विशेष आवश्यकता भएका विद्यार्थीहरूलाई लक्षित कार्यक्रमहरू सञ्चालन गरी समावेशी र उत्तरदायी शिक्षा प्रणाली निर्माण गर्नु हाम्रो लक्ष्य हो। अभिभावक, विद्यालय व्यवस्थापन समिति, समुदाय, शिक्षक र विद्यार्थी सबैको सहकार्य बिना यो सम्भव छैन।

हामी कपिलवस्तु नगरपालिकामा उपलब्ध स्रोतसाधनलाई प्रभावकारी रूपमा परिचालन गरी, प्रविधि र नवप्रवर्तनको सहायताबाट शिक्षामा परिवर्तन ल्याउने दृढ संकल्पका साथ अघि बढिरहेका छौं। यो शिक्षा योजना सम्पूर्ण पालिकावासीहरूको सक्रिय सहभागितामा सफल कार्यान्वयनतर्फ उन्मुख हुनेछ भन्ने विश्वास लिएका छौं।

अन्त्यमा, कपिलवस्तु नगरपालिकाका सम्पूर्ण बालबालिकाको उज्ज्वल भविष्य निर्माण गर्न हामी सबै मिलेर अघि बढ्न आवश्यक छ भन्ने भावनाका साथ यो योजनाको कार्यान्वयनको लागि पूर्ण प्रतिबद्धता व्यक्त गर्दछु।

**धन्यवाद**

**नगर प्रमुख**

**मन्तब्य**

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको संरचनासहित संघीय शासन प्रणालीलाई अंगीकार गरेको छ। स्थानीय तहहरू जनताको नजिक रहेका सेवा प्रवाह गर्ने जनप्रतिनिधिद्वारा निर्वाचित सरकार हुन्। संविधानको अनुसूचीमा उल्लेख गरिएअनुसार, स्थानीय तहलाई शिक्षा क्षेत्रसमेत स्पष्ट जिम्मेवारी र अधिकार प्रदान गरिएको छ।

संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रूपमा प्राप्त गर्ने नागरिकको मौलिक हकको रूपमा सुनिश्चित गरेको छ। यस व्यवस्थाले स्थानीय तहहरूलाई शिक्षा क्षेत्रप्रति संवेदनशील भई गुणस्तरीय शिक्षा विकास गर्ने दिशामा अग्रसर हुन उत्प्रेरित गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभूत र माध्यमिक शिक्षासम्बन्धी जिम्मेवारीलाई थप स्पष्ट पार्दै स्थानीय तहलाई आफ्ना अधिकार क्षेत्रभित्र रणनीतिक तथा लक्ष्यकेन्द्रित योजना बनाई कार्यान्वयन गर्ने जोहो गरेको छ।

संविधान र अन्य कानुनी व्यवस्थाले तोकेको अनुसारका जिम्मेवारीहरू निर्वाह गर्दै कपिलवस्तु नगरपालिकाले शिक्षा क्षेत्रको विकासका लागि योजनाबद्ध ढंगले अगाडि बढ्न **शिक्षा क्षेत्र विकास योजना (२०८१/०८२ – २०९०/०९१)** तयार गरी कार्यान्वयनमा ल्याएको छ।

यस योजनाले शिक्षा सेवा प्रवाहको सन्दर्भमा नगरपालिकाको हालको अवस्था, विद्यमान समस्या र चुनौतीहरू पहिचान गर्दै तिनको समाधानका लागि उपयुक्त रणनीति र प्रमुख कार्यक्रमहरू तय गरेको छ। साथै, यसले आगामी दश वर्षको लागि कपिलवस्तु नगरपालिकाको शिक्षा क्षेत्रको दिशानिर्देशन प्रदान गरेको छ।

यस योजना कार्यान्वयन गरी तोकिएका समृद्ध शैक्षिक लक्ष्यहरू हासिल गर्न जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, आम नागरिक तथा संघ र प्रदेश सरकारको महत्त्वपूर्ण भूमिका रहनेछ। यस्तै, निजी क्षेत्र, गैरसरकारी क्षेत्र र विकास साझेदारहरूसँगको सहकार्य बिना योजना सफल कार्यान्वयनतर्फ उन्मुख हुने विश्वास गरिएको छ।

कपिलवस्तु नगरपालिकाले शिक्षा क्षेत्रको दिगो विकासका लागि तयार पारेको यो दश वर्षीय नगर शिक्षा क्षेत्र योजना कार्यान्वयनमा सरोकारवालाहरूको पूर्ण साथ, सहयोग र सहकार्यको अपेक्षा गर्दछ। अन्त्यमा, यो शिक्षा योजना तयार गर्न सक्रिय सहयोग गर्ने नगरप्रमुख, उपप्रमुख , सामाजिक विकास समिति संयोजक, कार्यपालिका सदस्यहरू, शिक्षा समितिका पदाधिकारीहरू तथा सम्पूर्ण कपिलवस्तु नगरपालिकावासीहरू प्रति हार्दिक आभारसहित योजना कार्यान्वयनमा समेत निरन्तर साथ, सहयोग र सुझावको अपेक्षा व्यक्त गर्दछु।

**धन्यवाद |**

**प्रमुख प्रशासकीय अधिकृत**

## हाम्रो भनाइ

संघीय शासन प्रणाली कार्यान्वयनमा आएपछि मुलुकमा तीन तहका सरकार स्थापना भएका छन्। तीमध्ये माध्यमिक तहसम्मको शैक्षिक जिम्मेवारी मुख्यतः स्थानीय सरकारअन्तर्गत रहेको छ। कक्षा १२ सम्मको शिक्षा स्थानीय तहको मातहतमा रहेकाले यसलाई व्यवस्थित र गुणस्तरी ढंगले सञ्चालन गर्न विभिन्न प्रयासहरू भइरहेका छन्।

कपिलवस्तु नगरपालिकाको सन्दर्भमा कुरा गर्दा, २०७४ सालमा निर्वाचित जनप्रतिनिधिहरूको नेतृत्वमा शैक्षिक विकासका लागि उल्लेखनीय रचनात्मक कार्यहरू थालिएका छन्। पालिकाले शिक्षाका क्षेत्रमा गरेका कतिपय अभ्यासहरू अन्य स्थानीय तहका लागि पनि सिकाइको विषय बनेका छन्। विशेष गरी सामुदायिक विद्यालयहरूमा विद्यार्थीको आकर्षण बढाउन पालिकाले भौतिक पूर्वाधार तथा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। दरबन्दी नभएका विद्यालयहरूमा आफ्नै स्रोतबाट शिक्षक नियुक्त गर्ने, छात्राहरु लाई प्रोत्साहन गर्ने, बालमैत्री कक्षा निर्माण गर्ने लगायतका कार्यहरूले विद्यालयहरूमा उल्लेखनीय परिवर्तन ल्याएका छन्।

हालसम्म गरिएका कार्यहरू आफैमा पूर्ण नभए पनि, ती कार्यहरूले यहाँको शैक्षिक क्षेत्रलाई सकारात्मक दिशामा अगाडि बढाउन योगदान पुऱ्याएका छन् भन्ने कुरा जो–कोहीले महसुस गर्न सक्छ। यही पृष्ठभूमिमा कपिलवस्तु नगरपालिकाको शिक्षा प्रणालीलाई अझ व्यवस्थित, योजनाबद्ध, समावेशी, समतामूलक र गुणस्तरीय बनाउने उद्देश्यले यो दशवर्षीय शैक्षिक योजना निर्माण गरिएको हो।

यस योजनाको तयारीका क्रममा पालिकाभित्रका सरोकारवाला पक्षहरूसँग व्यापक छलफल, राय, सुझाव र परामर्श लिइएको छ। यो योजना लागू हुँदा कपिलवस्तु नगरपालिकाको  शिक्षामा नयाँ आयाम थपिने विश्वास लिएको छु। प्रस्तुत योजनाले बालबालिकालाई समावेशी र गुणस्तरीय शिक्षण सिकाइको वातावरणमा सहभागी गराउने सुनिश्चितता प्रदान गर्दै दीगो विकासका लक्ष्यहरू (SDGs) प्राप्त गर्ने मार्गमा टेवा पुऱ्याउनेछ।

योजनाले संविधानद्वारा प्रत्याभूत सबै बालबालिकालाई आधारभूत शिक्षाको सुनिश्चितता गर्ने र माध्यमिक तहसम्म निःशुल्क शिक्षामा पहुँच पुऱ्याउने लक्ष्य लिएको छ। साथै विद्यालय छोडेका बालबालिकालाई पुनः शिक्षामा ल्याउने वातावरण निर्माणको पक्षलाई पनि यसले सम्बोधन गरेको छ।

अन्त्यमा, यस योजनाको निर्माण प्रक्रियामा प्रत्यक्ष वा परोक्ष रूपमा योगदान पुऱ्याउनुहुने नगरपालिका का नगरप्रमुख ज्यू , उप प्रखुख ज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण जनप्रतिनिधिज्यूहरू, राजनीतिक दल, सरोकारवाला संघसंस्थाहरू, शिक्षक, कर्मचारीलगायत सबैप्रति हार्दिक आभार एवं कृतज्ञता व्यक्त गर्दछु। साथै, योजनाको सफल कार्यान्वयनका लागि सबैको निरन्तर साथ, सहयोग, समन्वय र समर्थन रहनेमा पूर्ण विश्वास व्यक्त गर्दछु।

**धन्यवाद।**

शिक्षा शाखा

# सारांश

लुम्बिनी प्रदेश, कपिलवस्तु जिल्ला कपिलवस्तु नगरपालिकाको द्रुततर शिक्षाको उन्नति र विकासको लागि तयार पारिएको प्रस्तुत गाउँ शिक्षा योजनाले मुलुकमा भएको राजनैतिक परिवर्तन पछि नेपालको संविधान २०७२ मा शिक्षाको सन्दर्भमा बोलिएको तथा लेखिएको अनिवार्य तथा निःशुल्क शिक्षाको मूल मर्मलाई समेट्न स्थानीय तह को शिक्षा योजना निर्माण सम्बन्धि मार्गदर्शन २०७९ अनुसार दश वर्षीय नगर शिक्षा योजना तयार पारिएको छ । यसमा नेपालको संविधान, संघीय शिक्षा ऐन, नियमावली, केन्द्रियस्तरमा भएका आयोगहरूका प्रतिवेदनलाई समेत आधार लिइएको छ । बदलिदो परिवर्तन तथा परिस्थितिलाई मध्यनजर गर्दै शिक्षामा समयानुकूल परिवर्तन गर्न जरूरी छ भनी विद्यालय तहको संरचनामा भएको परिवर्तन एवं आन्तरिक सुशासन, सुधार एवं दक्षतामा अभिवृद्धि गरी गुणात्मक परिवर्तनका कार्यक्रमहरू ल्याइएका छन् । नगर शिक्षाको सन्दर्भमा प्रारम्भिक बालविकास कार्यक्रम, आधारभूत शिक्षा, माध्यमिक शिक्षामा प्राविधिक तथा व्यवसायिक र अनौपचारिक शिक्षालाई जीवनपर्यन्त एवं सिपमूलक तथा प्रविधिमैत्री बनाउने गरी योजना तय गरिएको छ ।

कपिलवस्तु नगरपालिकाको शिक्षा योजनाले गुणस्तर सुधार र पहुँच विस्तार गर्ने उद्देश्यसहित विभिन्न शिक्षाका उपक्षेत्रहरूमा व्यापक कार्यक्रमहरू समावेश गरेको छ। प्रारम्भिक बालविकास कार्यक्रम अन्तर्गत चार वर्ष उमेरका सबै बालबालिकालाई तालिमप्राप्त सहयोगी कार्यकर्ता मार्फत बालमैत्री वातावरणमा कक्षा संचालन, अपाङ्ग बालबालिकाको पहिचान र सहायता, अभिभावक सहभागिता सुनिश्चित गर्ने क्रियाकलाप समावेश गरिएको छ । आधारभूत शिक्षामा गुणस्तर अभिवृद्धिका लागि पठन सामग्री, दिवा खाजा, स्वास्थ्य परीक्षण, सूचना–प्रविधि को उपयोग, स्थानीय भाषामा शिक्षण, कक्षा–आधारित मूल्यांकन, शिक्षक तालिम र अभिभावक–जनचेतना कार्यक्रम समावेश गरिएको छ। त्यसैगरी माध्यमिक तहमा प्राविधिक शिक्षा, छात्रवृत्ति, पोषण/स्वास्थ्य कार्यक्रम, अतिरिक्त गतिविधि, विद्यालय पूर्वाधार सुधार, सुपरिवेक्षण आदि मार्फत विद्यार्थी प्रोत्साहन र गुणस्तरोन्नति गर्ने क्रियाकलाप समावेश गरिएको छ । प्राविधिक शिक्षा अन्तर्गत कृषि प्रयोगशाला र विभिन्न तालिमहरू सञ्चालन गरी सिपयुक्त र प्रविधिमैत्री युवा उत्पादन गरिनेछ । अनौपचारिक तथा आजीवन शिक्षामा सामुदायिक सिकाइ केन्द्रमार्फत व्यवसायिक र सिपमुलक कार्यक्रममार्फत विद्यालयसम्म नपुगेका, रोजगारीमा नजाने वा नियमित अध्ययन नगर्ने बालबालिका, युवा वयस्क, महिला र ज्येष्ठ नागरिकलाई समावेश गरिने सुनिश्चितता गरिएको छ।

साथै माथिल्लो कक्षामा शिक्षक–विद्यार्थी अनुपात अत्यधिक भएकाले गुणस्तरमा देखिएको कमजोरीलाई सम्बोधन गर्न दरबन्दी मिलान कार्यक्रम समावेश गरिएको छ। यसले विद्यार्थी संख्या र शिक्षक आवश्यकताको आधारमा शिक्षण प्रभावकारितामा सुधार ल्याउने लक्ष्य राख्दछ । साथै, स्थानीय पहिचान र विकासलाई सम्बोधन गर्न स्थानीय पाठ्यक्रम परिमार्जन गरेर आधारभूत शिक्षा स्थानीय आवश्यकता अनुरूप विकास गरिने योजना गरिएको छ। पूर्वाधार सुधार अन्तर्गत कक्षाकोठा, फर्निचर, स्वच्छ पानी,बाल, अपाङ्ग र महिला मैत्री शौचालय, पुस्तकालय, क्ष्त्रग्त कक्षा तथा स्मार्टबोर्डको प्रयोग गरेर सिकाइ वातावरणलाई आधुनिक एवम् समावेशी बनाई गुणस्तरीय बनाउने प्रयास गरिनेछ, जसबाट विद्यालय नआउने वा नियमित अध्ययन गर्न नसक्ने विभिन्न समुदायका बालबालिकाहरु व्यवसायिक, सिपयुक्त तथा प्राविधिक शिक्षामा पहुँच बढाउन सुनिश्चित गरिएको छ।

यसको साथै अपाङ्गता भएका बालबालिका लगायत प्रौढहरूलाई विशेष व्यवस्था गरी एकीकृत शिक्षा तथा सिपयुक्त अपाङ्गमैत्री शिक्षा दिन समावेशी तथा समाहित शिक्षाको अवधारणालाई अगाडि सारिएको छ । यसरी योजनाको समग्र लक्ष्य र उद्देश्य प्राप्तिका लागि योजनामा खर्च हुने लागतहरू नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार तथा गैरसरकारी संघसंस्था र समस्त अभिभावक तथा सरोकारवालापक्षको योगदानमा आधारित रहेर सम्पन्न गर्ने कार्यक्रम रहेको छ ।

विषयसूची

क) विषय प्रवेश ........ Error! Bookmark not defined.
परिच्छेद १ : परिचय ........ Error! Bookmark not defined.
११. वर्तमान अवस्था ........ Error! Bookmark not defined.
१मुख्य समस्या २. तथा चुनौतीको विश्लेषण ........ Error! Bookmark not defined.
ख) शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण ........ Error! Bookmark not defined.
परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण ........ Error! Bookmark not defined.
२ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने १.आधार ........ Error! Bookmark not defined.
२२. दूरदृष्टि ........ Error! Bookmark not defined.
२३. लक्ष्य ........ Error! Bookmark not defined.
२४. उद्देश्य ........ Error! Bookmark not defined.
२५. रणनीति ........ Error! Bookmark not defined.
२६. कार्यनीति ........ Error! Bookmark not defined.
२७. अपेक्षित उपलब्धि ........ Error! Bookmark not defined.
२स्थानीय तहको शिक्षा योजनामा रहनुपर्ने मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ८.Error! Bookmark not defined.
परिच्छेद ३ : शिक्षाका मुख्य उपक्षेत्र ........ Error! Bookmark not defined.
३१. प्रारम्भिक बालविकास र शिक्षा ........ Error! Bookmark not defined.
३२. आधारभूत शिक्षा ........ Error! Bookmark not defined.
३३. माध्यमिक शिक्षा ........ Error! Bookmark not defined.
३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम ........ Error! Bookmark not defined.
३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ ........ Error! Bookmark not defined.
परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र ........ Error! Bookmark not defined.
४१. पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ........ 76
४२. शिक्षक व्यवस्थापन र विकास ........ Error! Bookmark not defined.
४३. शैक्षिक समता र समावेशीकरण ........ Error! Bookmark not defined.
४४. विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ........ Error! Bookmark not defined.
४५. विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता ........ Error! Bookmark not defined.
४६. विद्यालय भौतिक पूर्वाधार विकास ........ Error! Bookmark not defined.

४७. विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ........ **Error! Bookmark not defined.**

**परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन** ........ **Error! Bookmark not defined.**

५१. शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ........ **Error! Bookmark not defined.**

६२. स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ........ **Error! Bookmark not defined.**

**परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन** ........ **Error! Bookmark not defined.**

**परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन** ........ 148

**अनुसूची १ : स्थानीय शिक्षा योजनाको ढाँचा** ........ **Error! Bookmark not defined.**

## विषय प्रवेश

शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि **विद्यालय शिक्षा क्षेत्र योजना** कार्यान्वयनमा रहेको छ । त्यसै गरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यन्वयनमा छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन भइरहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ ओटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तहस्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ ।

## शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य सोह्रौँ पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षासम्वन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचनाअनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न सङ्घीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ ।

नेपालको संविधान अनूसूची ८ मा स्थानीय तहको एकल अधिकारअन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११,ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ ओटा शिक्षाको अधिकार तोकेको छ । यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ। यी प्रावधानलाई कार्यान्वयन गर्नका लागि सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिकलगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे **विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan)** स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यसैको आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन् । यसै परिवेशमा सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी स्थानीय शिक्षा योजना निर्माण तथा विकास गरिएको हो ।

### स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

१. तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थपित गर्न
२. सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न
३. कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न
४. साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन
५ शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुरयाउन

## शिक्षा योजना निर्माणका आधार

स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाइनुका साथै अन्य सान्दर्भिक सामग्री प्रयोग गरी योजना निर्माणका आधार मानिएको छ।

क) नेपालको संविधान

ख) सोह्रौँ आवधिक योजना
ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४
घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन २०७७
ङ) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
च) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना
छ) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
ज) विद्यालय शिक्षामा समता रणनीति
झ) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
ट) स्थानीय तहको मध्यमकालिन खर्च संरचना
ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
ड) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

स्थानीय शिक्षा योजना निर्माण गर्दा स्थानीय तहले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनालाई आधार मानिएको छ।

**शिक्षा योजना निर्माण प्रक्रिया**

कुनै पनि कार्य सम्पन्न गर्न गरिने परिकल्पनाको स्वरूपलाई कार्यान्वयन तहसम्म पुऱ्याउन प्रतिफल दिने प्रक्रियाहरूको सम्मिश्रण योजना हो। योजना आफैँमा निर्मित हुने होइन ,यसलाई निर्माण गर्नुपर्छ।त्यसैले योजना निर्माण गर्नु जटिल र चुनौतीपूर्ण कार्य पनि हो। विगतको अनुभव वर्तमानको कार्यशैली र भविष्यको दृष्टिकोण नै योजना भएकाले सबै तथ्यगत वस्तुको आधारमा स्थानीय तहमा शिक्षा योजना निर्माण गर्न र यसलाई विश्लेषणात्मक रूपमा कार्यान्वयन तहसम्म पुऱ्याई मिठो प्रतिफल दिने अपेक्षाका साथ सहभागितामूलक ढङ्गले योजना निर्माण कार्य गरिएको छ। यो नगर शिक्षा योजना निर्माण गर्न तपसिलका चरण र प्रक्रियाहरूलाई गम्भीरतापूर्वक अवलम्बन र अनुसरण गरिएको छ।

क) गाउँ/नगर सभा र गाउँ/नगर कार्यपालिका स्तरीय स्थानीय तहको बैठक
ख) योजना निर्माण समितिको गठन (२०८१।४।२४)
ग) स्थानीय तहको शिक्षा क्षेत्रको अवस्था विश्लेषण
घ) गाउँ/टोल तथा वडास्तरमा विभिन्न सरोकारवाला (वडाध्यक्ष, विद्यालयका प्रधानाध्यापक र शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित सङ्घसस्थालगायत विभिन्न सरकारी/गैरसरकारी सङ्घसंस्था आदि) सँग भेला छलफल गरी सुझाव सङ्कलन
ङ) स्थानीय तह तथा विद्यालय स्तरीय छलफल
च) योजनाको मस्यौदा तयारी
छ) मस्यौदामाथि सरोकारवालाको सुझाव सङ्कलन तथा पृष्ठपोषण
ज) योजनाको अन्तिमीकरण
झ) बाह्य विज्ञद्वारा योजनाको लेखाजोखा र सुझाव समायोजन
ञ) स्थानीय कार्यपालिकाबाट योजनाको स्वीकृति र कार्यान्वयन

**योजनाको लेखाजोखा**

स्थानीय तहको शिक्षा योजना निर्माण गरिसकेपछि सो योजना विश्वसनीय, वस्तुनिष्ठ दिगो र लगानीयोग्य छ कि छैन भन्नका लागि योजनाको विविध पक्ष समेटेर लेखाजोखा गरिनुपर्छ, जुन योजना कार्यान्वयन गर्नुपूर्व गरिने महत्त्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो। निर्माण भएको योजनाको लेखालोखा कार्यलाई समबन्धित स्थानीय तहले आन्तरिक र बाहिरका विभिन्न विषय

क्षेत्रका विज्ञहरूको समिति निर्माण गरी सो समितिको कार्य बिवरण तोकी सम्पन्न गर्नुपर्छ । योजनाको लेखाजोखा गर्दा तलको तालिकामा दिइएका पक्षको सुक्ष्म विश्लेषण गर्नुपर्छ :

| क्र.सं. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्त्व तथा सहभागिता (Leadership and participation) | ● शिक्षा योजना निर्माण प्रक्रियामा स्थानीय तहको मूल नेतृत्त्व थियो कि थिएन ?<br>● शिक्षा योजना निर्माण प्रक्रियामा विभिन्न सरोकारवालाको अर्थपूर्ण सहभागिता थियो कि थिएन ?<br>● शिक्षा योजना निर्माण प्रक्रिया पारदर्शी थियो कि थिएन ? |
| २ | पर्याप्तता र सान्दर्भिकता (Adequacy and relevance) | ● योजनामा समावेश भएका रणनीति, कार्यक्रम तथा क्रियाकलाप शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतीलाई सम्वोधन गर्नका लागि पर्याप्त तथा सान्दर्भिक छन् कि छैनन् ? |
| ३ | समता, सक्षमता तथा गुणस्तर (Equity, efficiency and quality) | ● शिक्षा क्षेत्रको समग्र प्रदर्शन बढाउनका लागि योजनामा समता, सक्षमता, तथा सिकाइ र गुणस्तर अभिवृद्धिसम्बन्धी प्रमुख मुद्दाहरूको सम्बोधन भएको छ कि छैन ? |
| ४ | अन्तर्सम्बन्ध र तादात्म्य (Coherence) | ● शिक्षा योजना र स्थानीय तहले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनाबिच अन्तर्सम्बन्ध कायम भएको छ कि छैन ?<br>● शिक्षाका अन्तर्राष्ट्रिय लक्ष्यसँग अनुकूल हुने गरी आन्तरिकीकरण र समायोजन गरिएको छ छैन ?<br>● राष्ट्रिय, प्रदेश र स्थानीय दूरदृष्टि, उद्देश्य, र लक्ष्यअनुरूप योजना बनाइएको छ ?<br>● शिक्षा योजनाका समावेश भएका विभिन्न उपक्षेत्र तथा विषयबिच अन्तर्सम्बन्ध कायम भएको छ कि छैन ? |
| ५ | सम्भाव्यता र कार्यान्वयनयोग्यता तथा सान्दर्भिकता | ● योजनामा भएका विषयहको अन्य पक्षसँग तादात्म्य कायम छ कि छैन ?<br>● योजनाका लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलाप कार्यान्वियन गर्न सकिने व्यावहारिक र सान्दर्भिक छन् कि छैनन् ? तथा अनुगमन र मूल्याङ्कनका संयन्त्र पर्याप्त छन् कि छैनन् ?<br>● योजनालाई स्थानीय विशिष्ट आवश्यकता, विशेष गरी जनसङ्ख्या, जातजाति, आर्थिक, भाषिक, पिछडिएक  वर्ग र क्षेत्रका आधारमा सान्दर्भिक बनाउने दृष्टिकोणका साथ विकास गरिएको छ ?<br>● योजनाले शिक्षा क्षेत्रका प्रमुख चुनौतीलाई सम्बोधन गरेको छ ? |
| ६ | स्रोतको प्रबन्ध | ● शिक्षा योजनामा समावेश भएका विभिन्न कार्यक्रम तथा क्रियाकलापका आवश्यक स्रोतको प्रबन्ध गरिएको छ कि छैन ?<br>● लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलापमा पर्याप्त बजेट विनियोजन भएको छ कि छैन ?<br>● योजनामा प्रस्तावित कार्यक्रम तथा बजेटबिच आपसी तालमेल छ ?<br>● स्रोतको प्रबन्धका लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्थासँग सहकार्य र साझेदारी भएको छ कि छैन ? |
| ७ | संस्थागत क्षमता | ● योजनाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहभित्र विभिन्न चरणमा |

| | | |
|---|---|---|
| | | संरचनात्मक र संस्थागत व्यवस्था गरिएको छ कि छैन ?<br>• कार्यान्वयनका लागि तालिम तथा क्षमता विकासका कार्यक्रम तथा संयन्त्र तय गरिएको छ कि छैन ? |
| ८ | कार्यान्वयनमा तत्परता | • योजनाको कार्यान्वयनका लागि स्थानीय तहभित्रका सरोकारवालाको सहभागिता र अपनत्व कायम गरिएको छ कि छैन ?<br>• योजनाको कार्यान्वयनका लागि वार्षिक रणनीतिक योजना तथा बजेट तथा कार्यक्रम तयार गरिएको छ कि छैन ?<br>• योजनाको कार्यान्वयनका लागि जिम्मेवार पक्षलाई लक्ष्य, उद्देश्य र कार्यान्वयन प्रक्रियाको पर्याप्त प्रबोधीकरण तथा अभिमुखीकरण भएको छ कि छैन ? |
| ९ | तथ्याङ्क विश्लेषण र प्रक्षेपण | • स्थानीय तहभित्रका शैक्षिक सूचक र अन्य तथ्याङ्क सङ्कलन गरिएको छ कि छैन ?<br>• तथ्याङ्क तथा सूचनाबिच तादात्म्यताको विश्लेषण तथा प्रक्षेपण गरिएको छ कि छैन ? |
| १० | अनुगमन र प्रतिवेदन | • अनुगमन तथा मूल्याङ्कनको संयन्त्र र जिम्मेवारी निर्धारण गरिएको छ कि छैन ?<br>• आवधिक रूपमा अनुगमन र मूल्याङ्कन गर्ने प्रक्रिया निर्धारण गरिए छ कि छैन ?<br>• अनुगमन सूचकको प्रयोग गरिएको छ कि छैन ?<br>• प्रतिवेदन प्रणाली यकिन गरिएको छ कि छैन ? |

**योजनाको दस्तावेजको स्वरूप**

स्थानीय तहले यस योजनाको स्वरूपलाई स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन २०७९ अनुसूची १बमोजिमको ढाँचामा आधारित भई तयार गरीएको छ । यस योजनाको परिचय खण्ड भन्दा पहिला योजनाको कार्यकारी सारांश, विषयसूची, तालिकाहरूको सूची, चित्रहरूको सूची समावेश गरिएको छ ।

## परिच्छेद १ : परिचय

### १.१ पृष्ठभूमि

नेपालको संविधानले संघ,प्रदेश र स्थानीय तीन तहको सरकारको व्यवस्था गरेको छ । संविधानले संघ,प्रदेश र स्थानीय तहका आ आफ्नो अधिकार र कार्यक्षेत्र तोकेको छ । राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्नेगरी स्थानीय तहको एकल तथा साझा अधिकार क्रमशः संविधानको अनुसूची ८ र ९ मा उल्लेख गरिएका छन् । स्थानीय तहबीच भौगोलिक विविधता छ । प्राकृतीक स्रोतको सम्भाव्यता,आर्थिक,सामाजिक विकास पूर्वाधारको उपलब्धता तथा संस्थागत क्षमतामा पनि प्रशस्त भिन्नता

रहेको छ । यी विविधता र भिन्नतालाई सम्बोधन गर्दै स्थानीय तहलाई आफ्नो क्षेत्रको आर्थिक,सामाजिक र पूर्वाधार विकासका लागि योजना बनाई लागु गर्नुपर्ने जिम्मेवारी सुम्पिएको छ । सो जिम्मेवारी अन्तर्गत शिक्षा  पनि महत्वपूर्ण क्षेत्र अन्तर्गत पर्दछ । स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत ज मा आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी व्यवस्था गरेको छ । नेपाल सरकारले स्थनीय तहमा कार्यक्रम कार्यान्वयनमा एकरुपता र प्रभावकारीता कायम गर्न ससर्त अनुदानको रुपमा कार्यक्रम हस्तान्तरण गरेको छ । सबैका लागि शिक्षा आधारभुत शिक्षा , माध्यमिक शिक्षा , विद्यालय क्षेत्र विकास कार्यक्रम आदि जस्ता कार्यक्रमहरु ससर्त अनुदान मार्फत स्थानीय तहमा प्राप्त भएको अवस्था छ ।

केन्द्रबाट निर्मित शैक्षिक नीति र कार्यक्रमको कार्यन्वयन गर्ने प्रमुख स्थान स्थानीय तह हो । जसले शैक्षिक नीति नियम कार्यान्वयन गर्न गहन भूमिका निर्वाह गर्दछ । यसले स्थानीय तहका विद्यालय तहको सम्पूर्ण कार्यक्रम र प्रशासनसंग सम्वन्धित गतिविधिको अवलोकन गरी शैक्षिक नीति कर्यान्वयनमा सहयोग पु¥याउदछ । स्थानीय तहले आफ्नो क्षेत्रभित्र शिक्षासंग संबन्धित सरकारी नीति तथा कार्यक्रम कार्यान्वयनमा नेतृत्व प्रदान गर्दछन् । हाल केन्द्रीय तहलाई  शैक्षिक नीति तथा कार्यक्रम निर्माण गर्ने, योजना बनाउने तथा कार्यक्रम वनाउने उद्गम विन्दुको रुपमा लिइन्छ । स्थानीय तहलाई विद्यालयको शिक्षण सिकाई क्रियाकलाप तथा विद्यालय व्यवस्थापनको सुपरिवेक्षण, अनुगमन, मूल्यांकन तथा प्रतिवेदन पेश गर्ने उत्तरदायी बनाइएको छ |

नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको सम्पूर्ण व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिएको छ । यो जिम्मेवारीसँगै शिक्षामा सबै नागरिकको पहुँचको सुनिश्चिताका साथै गुणस्तरीय शिक्षा प्रदान गर्ने दायित्य स्थानीय तहको काँधमा आएको छ । शिक्षाले रोजगारी र आयआर्जनको अवस्था सृजना गरी मानिसको जीवन स्तरमा सुधार ल्याउनुका साथै सामाजिक र सांस्कृतिक विकास मार्फत सभ्य समाजको निर्माण गर्नु नागरिकको सबैभन्दा नजिकको सरकार स्थानीय तह भएको हुनाले यस नगरपालिकाको जिम्मेवारीका साथै दायित्व समेत हुन आउँछ । शिक्षामा गरेको लगानीले विकासको समग्र पक्षमा प्रभाव पर्ने हुँदा लगानी बृद्धि तर्फ राष्ट्रिय तथा अन्तरष्ट्रिय तहमा जोडदर आवाज उठ्दै आएको छ । युनस्कोद्धारा प्रकाशित भ्मगअबतष्यल ँयच बि्ि न्यिदब ििःयलष्तयचष्लन च्भउयचत ले शिक्षाको लक्ष्य हासिल गर्न सबै राष्ट्रलाई कुल राष्ट्रिय उत्पादनको ६ प्रतिशत् र वार्षिक बजेटको २० प्रतिशत् शिक्षामा लगानी गर्ने सुझाव दिएको छ । सोही प्रतिवेदनमा कुल राष्ट्रिय उत्पादनको १.८ प्रतिशत् बराबरको लगानी सिकाइ सुधारमा लगाउने हो भने प्रतिव्यक्ति आयमा १ प्रतिशतले बृद्धि हुने तथ्य पनि उल्लेख गरिएको छ । यसै गरी दिगो बिकासका लक्ष्यहरु मध्ये लक्ष्य ४ मा “समावेशी तथा गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि आजीवन सिकाइका अवसरहरु प्रदान गर्ने,” भनि लक्ष्य प्राप्तिका लागि मार्गदर्शकको रुपमा अगाडि सारिएको छ । योजना भविष्यमा गरिने कामहरु भएकोले तथ्यमा आधारित रहेर गरिने क्रियाकलापहरु समावेश गरिएको हुन्छ । विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र र अन्तरसम्बन्धित बिषय तथा क्षेत्रहरु जस्तै  प्रारम्भिक बालबिकास देखि माध्यमिक तहसम्मको विद्यालय शिक्षालाई व्यवस्थित गरी विद्यालय उमेर समूहका बालबालिकालाई शिक्षामा पहुँच पु¥याई गुणस्तरीय सिकाइ उपलब्ध गराउनु, जनजिवीकासँग प्रत्यक्ष सरोकार राख्ने रोजगारमूलक, व्यवसायिक, प्रविधियुक्त र सीपमूलक शिक्षा प्रदान गर्नु,पाठ्यक्रम,पाठ्यपुस्तक,सिकाइ सामग्री तथा मूल्यांकन , शिक्षक व्यवस्थापन र विकास , शैक्षिक समता र समावेशीकरण , विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ,विद्यालय सुरक्षा,विपद न्यूनीकरण तथा उत्थानशीलता , विद्यालय भौतिक पूर्वाधार विकास , विद्यालय सूचना तथा सञ्चार प्रविधि र अनौपचारिक शिक्षाको माध्यमबाट सबै नागरिकहरुलाई जीवन पर्यान्त सिक्ने वातावरण सृजना गरी शिक्षाको अवसर प्रदान गर्नु यस नगरपालिकाको मुख्य भूमिका हुनेछ । सामुदायिक विद्यालय शिक्षालाई गुणस्तरीय बनाई ति विद्यालयमा अभिभावकहरुको आकर्षण बढाउनुका साथै शिक्षाका लगानी गर्ने वातावरण सृजना गर्नुपर्ने अवस्था आएको छ । त्यसैले स्थानीय सरकारको हैसियतले विद्यालय शिक्षा सर्वसूलभ, गुणस्तरीय, अनिवार्य एवं निशुल्क बनाई आशातित उपलब्धी हासिल गरेर यस नगरपालिकालाई शैक्षिक गन्तव्यको थलोको रुपमा बिकास गर्ने ध्येयले यो दश वर्षे शिक्षा क्षेत्रको योजना तयार गरिएको छ ।

## १.२ बर्तमान अवस्था

कपिलवस्तु नगरपालिका लुम्बिनी प्रदेशको कपिलवस्तु जिल्लामा अवस्थित छ । नेपालको पछिल्लो प्रशासनिक विभाजन अनुसार कपिलवस्तु नगरपालिका लुम्बिनी प्रदेश अन्तर्गत कपिलवस्तु जिल्लाको १० स्थानीय तहहरू मध्ये एक पर्दछ । यो नगरपालिका विश्व शान्तिका अग्रदुत तथा महा मानव गौतम बुद्धले २९ वर्ष बिताएको ठाउ तिलौराकोट देखि उत्तर मनोरम चुरे पहाडको काखमा अवस्थित छ। तत्कालीन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय द्वारा वि.सं. २०७३ फाल्गुन २७ गते साविकको कपिलवस्तु नगरपालिका को १९ वटा वडाहरू समेटेर १२ वटा वडाहरू कायम गरिएको छ |

**नगरपालिकाको भौगोलिक परिचय**

| | |
|---|---|
| अक्षांश | २७°२५' देखि २७°४९' उत्तरी अक्षांश सम्म |
| देशान्तर | ८२°४१' देखि ८३°१४' पुर्वी देशान्तर सम्म |
| कपिलवस्तु नगरपालिकाको क्षेत्रफल(कि.मि.) | १३६.९१ बर्ग कि.मि |
| सिमाना | पूर्व:- मायादेबी गाउँपालिका<br>पश्चिम:- महाराजगंज र बुद्धभुमी नगरपालिका<br>उत्तर:- बाणगंगा नगरपालिका<br>दक्षिण:- यशोधरा गाउँपालिका |
| उचाइ | समुन्द्री सतह देखि १०७ मिटर को उचाई |
| हावापानी | उष्ण प्रदेशीय |
| नगरपलिका को आकार | पुर्व पश्चिम लम्बाई ५४ कि.मि.<br>उत्तर दक्षिण चौडाई ३२ कि.मि. |
| प्रमुख नदिहरु | वाणगंगा, अर्रा, अगिया, कोईली, सुराई, चिराई, गुडरुङ, जमुवार |
| ताल, पोखरी | जगदिशपुर ताल, सगरहवा ताल, विजुवा, कोपवा, हरिहरपुर ताल, कर्मा ताल, घोघहवा ताल, पुरैनी ताल |
| पुरातात्विक स्थल | तिलौराकोट, कुदान, गोटिहवा, सगरहवा, निग्लिहवा, डेरवा, सारकुप, अरौराकोट, सिसहनिया |
| प्रमुख धार्मिक स्थलहरु | समयमाई, तौलेश्वरनाथ महादेव, शिवगढी, रामघाट, लक्ष्मणघाट , राधाकृष्ण मन्दिर, दुर्गा मन्दिर, मस्जिद , रिशोईन शान्ति बिहार, थाई बिहार |
| जम्मा वडा संख्या | १२ |
| प्रदेश निर्वाचन क्षेत्र | ३ |
| सङ्घीय निर्वाचन क्षेत्र | ६ |

## ख) ऐतिहासिक पृष्ठभूमि

कपिलवस्तु नामको उत्पत्ति प्राचीन शाक्य वंशका राजा कपिलको नामबाट भएको मानिन्छ। यही स्थानमा राजा शुद्धोधनको दरबार थियो र यहीं गौतम बुद्ध (सिद्धार्थ गौतम) ले आफ्नो बाल्यकाल र यौवनकालको २९ बर्ष समय बिताएका थिए।कपिलवस्तु क्षेत्र तिलौराकोट दरबारका अवशेषहरूका कारण अझ चर्चित छ, जहाँ पुरातत्वविद्हरूले बुद्धकालीन संरचनाहरू, महलका भग्नावशेष, प्राचीन सडक, र अन्य वस्तुहरूको उत्खनन गरेका छन्। शान्तिका अग्रदूत भगवान् गौतमबुद्धसँग सम्बन्धित भएका कारण यो स्थान बौद्ध धर्मावलम्बीहरूका लागि तीर्थस्थलको रूपमा ख्यातिप्राप्त छ। यसले सिद्ध गर्छ कि यो क्षेत्र प्राचीन सभ्यताको केन्द्र थियो।

### पुरातात्त्विक र धार्मिक सम्पदा

कपिलवस्तु नगरपालिका वरिपरिका थुप्रै पुरातात्त्विक स्थलहरूले यसको ऐतिहासिक गौरवलाई अझ पुष्टि गर्छन्। जसमध्ये केही प्रमुख स्थलहरू:

- **तिलौराकोट**: शुद्धोधनको दरबार भएको ऐतिहासिक स्थान। यहाँ बुद्धले २९ वर्षको उमेरमा राजकीय जीवन त्याग गरी ज्ञान प्राप्तिका लागि यात्रा सुरु गरेका थिए।
- **निग्लिहवा**: जहाँ अशोक सम्राटले क्रकुछन्द बुद्धको जन्मस्थल भनेर अभिलेख कुँदिएको शिलालेख राखेका छन्।
- **गोतिहवा**: कनकमुनि बुद्धको स्मृति स्थल मानिन्छ।
- **अर्घा, सागरहवा, पकडी** आदि स्थानहरूमा पनि बुद्धसँग सम्बन्धित विभिन्न अवशेषहरू फेला परेका छन्।

वि. सं. २०१८ सालमा १४ अञ्चल ७५ जिल्लामा गरिएको राजनैतिक बिभाजन पछि ऐतिहासिक महत्वको दृष्टिकोणले यस जिल्लाको नामाकरण “कपिलवस्तु” गरियो। पछि वि. सं. २०२९ सालको स्थानिय निर्वाचनको पश्चात जिल्लाको सदरमुकाम तौलिहवा नगरपालिका बारगदावा, मालपारा, पिपरी, कपिलवस्तु आदर्श गाउँ र तिलौराकोट, गोटिहवा र गोबरी गाउँ पञ्चायत को केही भागलाई मिलाएर तौलिहवा नगर पञ्चायतको नामबाट कपिलवस्तु नगरपालिकाको स्थापना भएको थियो। २०७१ कात्तिक २१ गते गोटिहवा र तिलौराकोट गाविसको बाँकी क्षेत्रलाई समेटेर यस नगरपालिका भित्र १९ वटा वडा बनाइएको थियो भने पुनः तत्कालीन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय द्वारा वि.सं. २०७३ फाल्गुन २७ गते साविकको कपिलवस्तु नगरपालिका को १९ वटा वडाहरू समेटेर १२ वटा वडाहरू कायम गरिएको छ।

## ग ) जनसंख्याको विवरण

**तालिका नं. १**

**कुल जनसङ्ख्या**

| परिवार संख्या | जम्मा जनसंख्या | पुरूष | महिला | परिवारको औसत आकार | लैंगिक अनुपात | बार्षिक जनसंख्या बृद्दिर | जनघनत्व | कुल घरधुरी संख्या |
|---|---|---|---|---|---|---|---|---|
| १४०६० | ८८८७४ | ४३९९८ | ४४८७६ | ५.७८ | ९८.०४ | १.४० | ६४९ | १५३८२ |

**स्रोत: राष्ट्रिय जनगणना २०७८**

### १ ) वडा अनुसार जम्मा जनसंख्या

**तालिका नं. २**

**वडा अनुसार जनसंख्या विवरण**

| वडा नं. | पुरुष | महिला | जम्मा | पुरुष प्रतिशत | महिला प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ४२६९ | ४२६१ | ८५३० | ५०.० | ५०.० |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | ३८७४ | ३९८० | ७८५४ | ४९.३ | ५०.७ |
| ३ | ५३७२ | ५२२६ | १०५९८ | ५०.७ | ४९.३ |
| ४ | ३८३४ | ३९०८ | ७७४२ | ४९.५ | ५०.५ |
| ५ | २८२० | २९०० | ५७२० | ४९.३ | ५०.७ |
| ६ | ४९९२ | ५००१ | ९९९३ | ५०.० | ५०.० |
| ७ | २६४८ | २८७२ | ५५२० | ४८.० | ५२.० |
| ८ | ४१२४ | ४०६८ | ८१९२ | ५०.३ | ४९.७ |
| ९ | ३०३५ | ३२५१ | ६२८६ | ४८.३ | ५१.७ |
| १० | ३०८४ | ३१४९ | ६२३३ | ४९.५ | ५०.५ |
| ११ | ३५३६ | ३८९८ | ७४३४ | ४७.६ | ५२.४ |
| १२ | २४१० | २३६२ | ४७७२ | ५०.५ | ४९.५ |
| जम्मा | ४३९९८ | ४४८७६ | ८८८७४ | ४९.५ | ५०.५ |

स्रोत राष्ट्रीय जनगणना २०७८

कपिलवस्तु नगरपालिकामा रास्ट्रीय जनगणना २०७८ अनुसार १५३८२ घरधुरी रहेको छ। यस नगरपालिकामा जनघनत्व ६४९ रहेको छ। नगरपालिकामा जम्मा १२ वडा मध्ये वाड नं.३ मा सबैभन्दा बढि १०५९८ जनसंख्या रहेको देखिन्छ भने सवैभन्दा कम जनसंख्या वडा नं १२ मा जम्मा ४७७२ जनसंख्या रहेको छ। नगरपालिकाको लैंगिक अनुपात भने ९८.०४ रहेको छ।

**तालिका नं. ३**

**उमेरगत जनसँख्या विवरण(२०७८ )**

| क्र स | उमेर समुह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | ०-४ | ४८९३ | ४५७४ | ९४६७ |
| २ | ५- वर्ष ९ | ५०६५ | ४७१३ | ९७७८ |
| ३ | १०- वर्ष १४ | ४९४६ | ४७२७ | ९६७३ |
| ४ | १४-१९ वर्ष | ४७५७ | ४६९६ | ९४५३ |
| ५ | २०-२४ वर्ष | ३९४६ | ४५७५ | ८५२१ |
| ६ | २५-वर्ष २९ | ३५३१ | ४०९१ | ७६२२ |
| ७ | ३०-३४ वर्ष | २७०७ | ३३१८ | ६०२५ |
| ८ | ३५-वर्ष ३९ | २८०४ | ३१२६ | ५९३० |
| ९ | ४०-वर्ष ४४ | २२८९ | २२९८ | ४५८७ |
| १० | ४५-वर्ष ४९ | १८८९ | १८९० | ३७७९ |
| ११ | ५०- वर्ष ५४ | १६७४ | १७६५ | ३४३९ |

| | | | | |
|---|---|---|---|---|
| १२ | ५५-५९ वर्ष | १४९६ | १३६८ | २८६४ |
| १३ | ६०-६४ वर्ष | १२३८ | १२४३ | २४८१ |
| १४ | ६५-६९ वर्ष | २००७ | १०५६ | ३०६३ |
| १५ | ७०-७४ वर्ष | ९६६ | ८७० | १८३६ |
| १६ | ७५-७९ वर्ष | ४५१ | ४०१ | ८५२ |
| १७ | ८०-८४ वर्ष | १६७ | १४७ | ३१४ |
| १८ | ८५-८९ वर्ष | ७१ | ६३ | १३४ |
| १९ | ९०-९४ वर्ष | २९ | ३८ | ६७ |
| २० | ९५ वर्ष र सो भन्दा माथि | २३ | २२ | ४५ |
| | **जम्मा** | ४३९९८ | ४४८७६ | ८८८७४ |

स्रोत रास्ट्रीय जनगणना २०७८

रास्ट्रीयजनगणना २०७८ अनुसार उमेर अनुसार जनसंख्या हेर्दा सबैभन्दा बढी ५ देखि ९ वर्ष उमेर समुहका ९७७८ जना र सबैभन्दा न्युन ९५ वर्ष भन्दा माथी उमेर समुहका ४५ जना मात्र रहेको छ।

**तालिका नं. ४**

**साक्षरता सम्बन्धी विवरण**

| कूल साक्षरता दर | पुरूष साक्षरता दर | महिला साक्षरता दर |
|---|---|---|
| ७३.१ % | ८१ .५% | ६४.९ % |

**स्रोतः राष्ट्रिय जनगणना २०७८**

कपिलवस्तु नगरपालिका पूर्ण साक्षरता नगरपालिका घोषणा भैसक्दा पनि बि स २०७८ को जनगणना को तथ्यांक लाई विश्लेषण गर्दा २६.९ प्रतिशत जनसंख्या अझै निरक्षर रहेको देखिन्छ जसमध्ये पुरुष १८.५ र महिला ३५.१ प्रतिशत निरक्षर रहेका छन्।

**तालिका नं. ५**

**नगरपालिकामा अपांगता सम्बन्धि बिवरण**

| क्र स | अपांगता को प्रकार | पुरुष | महिला | जम्मा | पुरुष प्रतिशत | महिला प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | शारीरिक अपांगता | ३९२ | २२२ | ६१४ | ६३.८ | ३६.२ |
| २ | न्यून दृष्टियुक्त | १२३ | १५४ | २७७ | ४४.४ | ५५.६ |
| ३ | दृस्टीबिहिन | ५५ | ४४ | ९९ | ५५.६ | ४४.४ |
| ४ | बहिरोपन | ६० | ६७ | १२७ | ४७.२ | ५२.८ |
| ५ | मनोसामाजिक अपांगता | ५२ | ६४ | ११६ | ४४.८ | ५५.२ |
| ६ | श्रवन शक्ति कम्जोर | १८ | १६ | ३४ | ५२.९ | ४७.१ |
| ७ | बहिरो र अन्धो | ३६ | ३३ | ६९ | ५२.२ | ४७.८ |
| ८ | बोलि समस्या | ५९ | ३८ | ९७ | ६०.८ | ३९.२ |
| ९ | बौद्धिक अपांगता | २९ | २७ | ५६ | ५१.८ | ४८.२ |
| १० | हेमोफिलिया | १३ | ४ | १७ | ७६.५ | २३.५ |
| ११ | अतिज्म | ८ | ७ | १५ | ५३.३ | ४६.७ |
| १२ | बहु अपांगता | ९५ | ६९ | १६४ | ५७.९ | ४२.१ |
| | जम्मा | ९४० | ७४५ | १६८५ | ५५.८ | ४४.२ |

**स्रोतः राष्ट्रिय जनगणना २०७८**

कपिलवस्तु नगरपालिका मा अपांगता सम्बन्धि बिवरण विश्लेषण गर्दा जम्मा १६८५ जना अपाङ्गता भएका जनसंख्या मध्ये सबैभन्दा बढी शारीरिक अपांगता ६१४ जना (३९२ पुरुष र २२२ महिला) र सबै भन्दा कम अटिजम भएका जम्मा १५ जना (८ पुरुष र ७ महिला ) रहेका छन् |

**तालिका नं. ६**

**जातीगत बिवरण :**

| क्र स | जातजाति | जनसंख्या | | | |
|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | प्रतिशत |
| | क्षेत्री | १६५२ | ७७८ | ८७४ | १.८६ |
| १ | ब्राम्हण - पहाडी | ३७७० | १८४० | १९३० | ४.२४ |
| २ | मगर | ८६० | ३९१ | ४६९ | ०.९७ |
| ३ | थारु | ३७९८ | १८७७ | १९२१ | ४.२७ |
| ४ | तामांग | ३० | ११ | १९ | ०.०३ |
| ५ | नेवार | २४७ | ११६ | १३१ | ०.२३ |
| ६ | बिश्वकर्मा | ५३४ | २३७ | २९७ | ०.६० |
| ७ | मुस्लिम | १५५०३ | ७४५५ | ८०४८ | १७.४४ |
| ८ | यादब | ९९८९ | ५०२४ | ४९६५ | ११.२४ |
| ९ | गुरुङ | १२६ | ५१ | ७५ | ०.१४ |
| १० | परियार | २१२ | १०८ | १०४ | ०.२४ |
| ११ | ठाकुर | १५७ | ७८ | ७९ | ०.१८ |
| १२ | मिझार | १६२ | ८० | ८२ | ०.१८ |
| १३ | तेली | २१०३ | १०६१ | १०४२ | २.३७ |
| १४ | चमार/हरिजन | ४२८३ | २११८ | २१६५ | ४.८२ |
| १५ | कोरी/केवट | ९९५ | ५२२ | ४७३ | १.१२ |
| १६ | कुर्मी, | ६६५९ | ३३२७ | ३३३२ | ७.४९ |
| १७ | सन्यासी /दशनामी | ६५७ | ३२२ | ३३५ | ०.७४ |
| १८ | दुशाध/पासवान/पासी | ३३१३ | १६५५ | १६५८ | ३.७३ |
| १९ | मल्लाह | ११४७ | ५६८ | ५७९ | १.२९ |
| २० | केवट | २७६७ | १४१२ | १३५५ | ३.११ |
| २१ | कठबनिया | ८६१ | ४४२ | ४१९ | ०.९७ |

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | ब्राम्हण - तराई | ३३९० | १७३१ | १६५९ | ३.८१ |
| २३ | कलवार | ७७३ | ३९४ | ३७९ | ०.८७ |
| २४ | कानु | ७७७ | ३७५ | ४०२ | ०.८७ |
| २५ | कुमाल | १४३ | ८० | ६३ | ०.१६ |
| २६ | घर्ति/भुजेल | ५७ | २६ | ३१ | ०.०६ |
| २७ | हजाम/ठाकुर | १७०१ | ८५० | ८५१ | १.९१ |
| २८ | राजबंसी | १६ | ८ | ८ | ०.०२ |
| २९ | धोबी | १९८३ | ९६७ | १०१६ | २.२३ |
| ३० | लोहार | ७१३ | ३६८ | ३४५ | ०.८० |
| ३१ | सुन्डी | १० | ९ | १ | ०.०१ |
| ३२ | हलवाई | ५६ | २७ | २९ | ०.०६ |
| ३३ | माझि | १४ | ९ | ५ | ०.०२ |
| ३४ | बरई | १८५९ | ९३१ | ९२८ | २.०९ |
| ३५ | बिन | १४ | ८ | ६ | ०.०२ |
| ३६ | नुनिया | १२९२ | ६६० | ६३२ | १.४५ |
| ३७ | चेपांग | १२ | ६ | ६ | ०.०१ |
| ३८ | सोनार | ५१५ | २६२ | २५३ | ०.५८ |
| ३९ | कुम्हार | १५५० | ७९४ | ७५६ | १.७४ |
| ४० | सुनुवार | २३ | ८ | १५ | ०.०३ |
| ४१ | कहर | ३२५९ | १५९५ | १६६४ | ३.६७ |
| ४२ | कायस्थ | ४७९ | २४६ | २३३ | ०.५४ |
| ४३ | राजपुत | १७९ | ८६ | ९३ | ०.२० |
| ४४ | ओरन/खुदुख | ४९५ | २५५ | २४० | ०.५६ |
| ४५ | लोध | ८९ | ४५ | ४४ | ०.१० |
| ४६ | बडई | १०२३ | ५०२ | ५२१ | १.१५ |
| ४७ | गडेरी/भेदियार | ४५१ | २१७ | २३४ | ०.५१ |
| ४८ | माली | ३३५ | १७७ | १५८ | ०.३८ |
| ४९ | धुनिया | ८७२ | ४४७ | ४२५ | ०.९८ |
| ५० | कोरी | २४५३ | १२२३ | १२३० | २.७६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५१ | बोटे | ३० | १३ | १७ | ०.०३ |
| ५२ | राझभर | ३५५ | १७७ | १७८ | ०.४० |
| ५३ | पन्जाबी/सिख | १५ | ९ | ६ | ०.०२ |
| ५४ | पठारकट्ट | १५२ | ७० | ८२ | ०.१७ |
| ५५ | धरिकार | ५९ | २४ | ३५ | ००७ |
| ५६ | धंदी | १० | ५ | ५ | ०.०१ |
| ५७ | बानिया | २८२९ | १४४४ | १३८५ | ३.१८ |
| ५८ | गोंड | २४ | १३ | ११ | ०.०३ |
| ५९ | खटिक | ६५९ | ३४५ | ३१४ | ०.७४ |
| ६० | बेल्डार | ३४ | १७ | १७ | ०.०४ |
| ६१ | अन्य | ७२ | ३४ | ३८ | ०.०६ |
| ६२ | बिदेशी | २६५ | ६३ | २०२ | ०.३० |
| ६३ | नखुलेको | १२ | ५ | ७ | ०.०१ |
| | जम्मा | ८८८७४ | ४३९९८ | ४४८७६ | १००.०० |

**स्रोत: राष्ट्रिय जनगणना २०७८**

बि सं २०७८ को जनगणना अनुसार कपिलवस्तु नगरपालिकामा जम्मा ६२ जातजातिका मानिसहरुको बसोबास रहेको छ जसमध्ये सबै भन्दा बढी मुस्लिम १७.४४ % र यादब जति ११.१४ % र सबै भन्दा कम सुन्डी र धंदी ०.०१ % जाति का जनसंख्या रहेका छन्|

**तालिका नं. ७**

**मातृभाषाको आधारमा जनसंख्या विवरण:**

| क्र स | मातृभाषा | जनसंख्या | | | |
|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | प्रतिशत |
| १ | नेपाली | ८२५७ | ३९२५ | ४३३२ | ९.२९ |
| २ | मैथली | ७० | ३८ | ३२ | ०.०८ |
| ३ | भोजपुरी | ४३८ | १८० | २५८ | ०.४९ |
| ४ | थारु | ३६४९ | १८०५ | १८४४ | ४.११ |
| ५ | तामांग | १० | ६ | ४ | ०.०१ |
| ६ | नेवारी | ४० | १७ | २३ | ०.०५ |
| ७ | मगर | २८६ | १२८ | १५८ | ०.३२ |
| ८ | उर्दु | ३३१ | १७० | १६१ | ०.३७ |
| ९ | अवधि | ७५३०० | ३७५६७ | ३७७३३ | ८४.७५ |
| १० | हिन्दु | ३५९ | ९३ | २६६ | ०.४० |
| ११ | बोटे | १२ | ५ | ७ | ०.०१ |
| १२ | संस्कृत | १० | ७ | ३ | ०.०१ |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | सोनाह | ३८ | १७ | २१ | ०.०४ |
| १४ | कागते | २९ | १९ | १० | ०.०३ |
| १५ | अन्य | ४५ | २१ | २४ | ०.०५ |
| | जम्मा | ८८८७४ | ४३९९८ | ४४८७६ | १००.०३ |

**स्रोत: राष्ट्रिय जनगणना २०७८**

बि सं २०७८ को जनगणना अनुसार कपिलवस्तु नगरपालिका को मातृभाषाको आधारमा जनसंख्या विवरण विश्लेषण गर्दा सबै भन्दा बढी अवधि भाषा ८४.७४ % र सबै भन्दा कम संस्कृत भाषा ०.०१ % बोल्ने जनसंख्या रहेका छन् |

**तालिका नं. ८**

**धर्मको आधारमा जनसंख्या विवरण:**

| क्र स | धर्म | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | हिन्दु | ३५९०१ | ३६१३६ | ७२०३७ | ८१.० |
| २ | बौद्ध | ७२ | ७८ | १५० | ०.१६ |
| ३ | इश्लाम | ७९२८ | ८५४० | १६४६८ | १८.५ |
| ४ | किरात | ७ | ६ | १३ | ०.०० |
| ५ | क्रिश्चियन | ८६ | ११४ | २०० | ०.२२ |
| ६ | प्रकृति | १ | १ | २ | ०.०१ |
| ७ | बोन | ० | ० | ० | ०.०० |
| ८ | जैन | ० | ० | ० | ०.०० |
| ९ | वाहि | ० | ० | ० | ०.०० |
| १० | शिख | ३ | १ | ४ | ०.०२ |
| | जम्मा | ४३९९८ | ४४८७६ | ८८८७४ | १०० |

**स्रोत: राष्ट्रिय जनगणना २०७८**

कपिलवस्तु नगरपालिका मा सबै भन्दा बढी हिन्दु धर्म मान्ने ८१ प्रतिशत (७२०३७जना ) जनसंख्या रहेका छन् भने सबैभन्दा कम प्रकृति धर्म मान्ने ०.०१ प्रतिशत(२ जना ) जनसंख्या रहेका छन् |

## १.५ आर्थिक अवस्था

कुनै पनि ठाउँको आर्थिक अवस्था मजबुत हुनुमा त्यहाँका बासिन्दाहरुको मुख्य पेशाको महत्वपूर्ण भूमिका रहन्छ । यस नगरपालिकाको अभिलेख अनुसार यहाँका अधिकाश मानिसहरु कृषि तथा पशुपालन व्यवसायमा सम्लग्न रहेका छन् भने उद्योग तथा व्यपार व्यवसाय ज्याला मजदुरी जस्ता क्षेत्रमा पनि सम्लग्न रहेको पाईएको छ । जस अनुसार यस नगरपलिकाका २८.२ प्रतिशत मानिसहरुले कृषि तथा पशुपालन व्यवसाय अगालेको पाईएको छ भने नोकरीमा ३ प्रतिशत,व्यपार व्यवसायमा लाग्नेहरुको सख्या ३.३ प्रितशत ,ज्याला मजदुरीमा ७.३ प्रतिशत रहेको देखिन्छ। यहाँको मुख्य आय श्रोतका रुपमा कृषि बाहेक अन्य क्षेत्रलाई स्विकार गर्न सकिदैन । कृषिलाई आधुनिकीकरण गर्नु र जनसमुदायलाई दक्ष जनशक्तिमा रुपान्तरण गर्नुले मात्र यहाँको आर्थिक अवस्थामा सुधारको सम्भावना प्रवल देखिन्छ। यहा का जनता हरु प्राय कृषि पेशा मा नै आश्रीत रहदै आएकाले अन्य पालिकाको तुलनामा यहाँको आर्थिक अवस्था त्यति मजबुत नभएको कुरालाई स्विकार गर्न सकिन्छ। पछिल्लो अवस्थामा आईपुग्दा यहाँका वासिन्दाहरूमा वैदेशिक रोजगारीको अवसर खोज्ने र विदेशतिर पलायन हुने सामान्य रोग लागेको छ यसकारणले गर्दा यहाँको आर्थिक अवस्थामा सामान्य सुधार आएतापनि सुदृढीकरणको प्रमुख उपायका रुपमा यसलाई ग्रहण गर्न सकिदैन । रोजगारीको हिसावले हेर्दा सबै विद्यालयहरूमा स्थानीय जनशक्तिको संलग्नता सम्पूर्ण रुपमा रहेको कुरालाई फरक ढङ्गले बुझ्न सकिदैन। निजामती सेवामा प्रवेश गर्नेहरूको संङ्ख्या एकदमै न्यून रहेको देखिन्छ। उद्योगहरूको इतिहास बनिसकेको छैन,भर्खरै मात्र केही साना तथा घरेलु उद्योगहरूको सुरुवात गरिएको छ। ती सुरु गरिएका उद्योगहरू पनि सानो (छोटो) पुँजीमा आधारीत छन र ठूलो स्केलका उद्योगहरू सञ्चालनमा आउने सम्भावना धैरै रहेपनि सुरुवात भएको देखिदैन।

यस नगरपालिकाको केन्द्र र केही  स्थानीय बजारहरूमा संलग्न  व्यापारीहरू बाहेक अन्य व्यापार व्यवसायमा  संलग्न रहेको जनशक्ति नगन्य रुपमा रहेको पाइन्छ । आर्थिक गतिविधिमा परम्परागत काम, सानातिना पसल र भारतीय भूमिहरूमा खर्चिने समयको उपलब्धी बाहेक अन्य त्यस्ता नयाँ गतिविधिहरू पउन सकिदैन सामान्य जीविकोपार्जनका गतिविधिहरूबाहेक चुनौतिमोल्नुपर्ने जोखिमपूर्ण कामहरूमा सक्रियता र सहभागिता त्यति साह्रो देखिदैन |

स्रोत नगरपालिका प्रोफाइल

**१.७ शैक्षिक अवस्था**

यस नगरपालिका मा  ५२  वटा सामुदायिक २९   वटा संस्थागत २८  वटा मदरसा ३  वटा सिकाइकेन्द्र र  १७  वटा सामुदायिक बालबिकास केन्द्र  गरी जम्मा १२९  वटा विद्यालयहरु सञ्चालनमा रहेका छन् ।जनगणना २०७८ का अनुसार यस पालिकाको साक्षरता दर ७३.१  प्रतिशत हेरेकोछ जसमध्ये पुरुषको साक्षरता दर ८१`.५  प्रतिशत छ भने महिलाको साक्षरता दर ६४.९  प्रतिशत रहेकोछ ।

**तालिका नं. ९**

५ वर्ष माथि का उमेरगत  सक्षरता बिवरण

| उमेर | जम्मा जनसंख्या | जनसंख्या | | | नखुलेको |
|---|---|---|---|---|---|
| | | पढ्न लेखन जानेको | पढ्न मात्र जानेको | पढ्न लेख्न नजानेको | |
| 05 Year | २१३० | १६५८ | १५ | ४४९ | ८ |
| 06 Year | १९२४ | १६३३ | १५ | २७२ | ४ |
| 07 Year | १८७१ | १६६९ | ११ | १९० | १ |
| 08 Year | २३४६ | २१६० | ९ | १७७ | ० |
| 09 Year | १५०७ | १३९२ | ३ | १११ | १ |
| 10 Year | २४३९ | २३०८ | ५ | १२६ | ० |
| 11 Year | १३३४ | १२९२ | ० | ४२ | ० |
| 12 Year | २२७७ | २१८१ | ० | ९६ | ० |
| 13 Year | १६९९ | १६३७ | ० | ६२ | ० |
| 14 Year | १९२४ | १८४४ | २ | ७८ | ० |
| 15 Year | १९१६ | १८१५ | ० | १०१ | ० |
| 16 - 19 Years | ७५३७ | ७०३० | ६ | ५०० | १ |
| 20 - 24 Years | ८५२१ | ७४२७ | १६ | १०७४ | ४ |
| 25 - 29 Years | ७६२२ | ६१६६ | ७ | १४४७ | २ |
| 30 - 34 Years | ६०२५ | ४२१९ | १५ | १७९१ | ० |
| 35 - 39 Years | ५९३० | ३७७६ | १४ | २१४० | ० |
| 40 - 44 Years | ४५८७ | २६३६ | १६ | १९३४ | १ |
| 45 - 49 Years | ३७७९ | २०३८ | १० | १७३० | १ |
| 50 - 54 Years | ३४३९ | १५६५ | १० | १८६४ | ० |
| 55 - 59 Years | २८६४ | ११९३ | ४ | १६६७ | ० |
| 60 - 64 Years | २४८१ | ९२७ | १३ | १५४१ | ० |
| 65 - 69 Years | २२५७ | ७०१ | ८ | १५४८ | ० |
| 70 - 74 Years | १६९९ | ४६१ | ७ | १२३० | १ |
| 75+ Years | १२९९ | २९४ | ४ | १००० | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| जम्मा | ७९४०७ | ५८०२२ | १९० | २११७० | २५ |

स्रोत: राष्ट्रिय जनगणना २०७८

५ वर्ष भन्दा माथि को उमेरगत साक्षरता को तथ्यांक विश्लेषण गर्दा ७३.०६ % पढ्न र लेखन दुवै जानेको , ०.२३% पढ्न मात्र जानेको र २६.६६% जनसंख्या पढ्न र लेखन नजानेको रहेका छन्|

**तालिका नं. १०**

**शैक्षिक संस्थाको बिवरण**

| क्र सं | तहगत बिद्यालय बिवरण | सामुदायिक | धार्मिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|---|
| १ | बालबिकास | ६९ | ० | २९ | ९८ |
| २ | कक्षा १ देखि ३ | ८ | २० | ० | २८ |
| ३ | कक्षा १ देखि ५ | २१ | ६ | ४ | ३१ |
| ४ | कक्षा १ देखि ८ | ८ | १ | १३ | २२ |
| ५ | कक्षा १ देखि १० | १० | ० | ५ | १५ |
| ६ | कक्षा १ देखि १२ | ३ | ० | ८ | ११ |
| ७ | सामुदायिक सिकाई केन्द्र | ३ | ० | ० | ३ |
| | कुल जम्मा | १२२ | २७ | ५९ | २०८ |

स्रोत: कपिलवस्तु नगरपालिका  शिक्षा युवा ताथ खेलकुद शाखा

**तालिका नं. ११**

**वडागत सामुदायिक विद्यालय विबरण**

| वडा नं | कक्षा १-३ | कक्षा १–५ | कक्षा १–८ | कक्षा १–१० | कक्षा १–१२ | प्राविधिकधार | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ० | १ | ० | ० | १ | ० | २ |
| २ | ० | ३ | १ | १ | २ | १ | ७ |
| ३ | ० | ४ | १ | १ | ० | ० | ६ |
| ४ | ० | २ | १ | | ० | ० | ३ |
| ५ | १ | ० | ० | २ | ० | ० | ३ |
| ६. | ० | ३ | १ | १ | ० | ० | ५ |
| ७ | २ | १ | १ | १ | ० | ० | ५ |
| ८ | २ | १ | २ | ० | ० | ० | ५ |
| ९ | १ | १ | ० | १ | १ | ० | ४ |
| १० | १ | १ | ० | १ | ० | ० | ३ |

| वडा नं | कक्षा १-३ | कक्षा १–५ | कक्षा १–८ | कक्षा १–१० | कक्षा १–१२ | प्राविधिकधार | जम्मा |
|---|---|---|---|---|---|---|---|
| ११ | १ | १ | १ | १ | ० | ० | ४ |
| १२ | ० | ४ | ० | १ | ० | ० | ५ |
| जम्मा | ८ | २२ | ७ | १० | ४ | १ | ५२ |

**स्रोत: EMIS dashboard 2081**

**तालिका नं. १२**

**वडागत धार्मिक विद्यालय विबरण**

| वडा नं | कक्षा १-३ | कक्षा १–५ | कक्षा १–८ | कक्षा १–१० | कक्षा १–१२ | प्राविधिकधार | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ० | १ | ० | ० | ० | ० | १ |
| २ | २ | ० | ० | ० | ० | ० | २ |
| ३ | ३ | ० | ० | ० | ० | ० | ३ |
| ४ | २ | ० | ० | ० | ० | ० | २ |
| ५ | १ | १ | ० | ० | ० | ० | १ |
| ६. | ३ | १ | ० | ० | ० | ० | ४ |
| ७ | १ | | ० | ० | ० | ० | १ |
| ८ | २ | १ | ० | ० | ० | ० | ३ |
| ९ | १ | १ | ० | ० | ० | ० | २ |
| १० | १ | ० | ० | ० | ० | ० | १ |
| ११ | ३ | २ | ० | ० | ० | ० | ६ |
| १२ | २ | ० | ० | ० | ० | ० | २ |
| जम्मा | २१ | ७ | १ | | | | २८ |

**स्रोत: EMIS dashboard 2081**

**तालिका नं. १३**

**वडागत संस्थागत विद्यालय विबरण**

| वडा नं | कक्षा १-३ | कक्षा १–५ | कक्षा १–८ | कक्षा १–१० | कक्षा १–१२ | प्राविधिकधार | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ० | ० | १ | ० | १ | ० | २ |
| २ | ० | १ | ४ | १ | ० | ० | ६ |
| ३ | ० | ० | १ | १ | ४ | ० | ६ |
| ४ | ० | ० | १ | ० | १ | ० | २ |
| ५ | ० | १ | ० | ० | ० | ० | १ |
| ६. | ० | ० | २ | ० | १ | ० | ३ |
| ७ | ० | ० | ३ | ० | ० | ० | ३ |

| वडा नं | कक्षा १-३ | कक्षा १–५ | कक्षा १–८ | कक्षा १–१० | कक्षा १–१२ | प्राविधिकधार | जम्मा |
|---|---|---|---|---|---|---|---|
| ८ | ० | १ | ० | २ | ० | ० | ३ |
| ९ | ० | १ | ० | ० | ० | ० | १ |
| १० | ० | ० | १ | १ | ० | ० | २ |
| ११ | ० | ० | ० | ० | ० | ० | ० |
| १२ | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | ४ | १३ | ५ | ७ | | २९ |

**स्रोत: EMIS dashboard 2081**

कपिलवस्तु नगरपालिका मा वडागत बिध्यालय को अवस्था विश्लेषण गर्दा सबै भन्दा धैरै सामुदायिक बिध्यालय बडा नं २ मा ७ वोटा , धार्मिक बिध्यालय वडा नं ६ मा ४ ओटा र संस्थगत बिध्यालय वोड़ा नं २ , ३ मा ६ / ६ ओटा रहेका छन् भने सबै भन्दा कम सामुदायिक बिध्यालय बडा नं १ मा २ ओटा , धार्मिक बिध्यालय वडा नं १/५/७/१० मा १,१ ओटा रहेका छन् | वड़ा नं ११ र १२ मा संस्थागत बिध्यालय नरहेको अवस्था छ |

**तालिका नं. १४**

**बिद्यार्थी संख्या २०८१**

| बिद्यालय | बालविकास केन्द्र | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१२ | जम्मा |
|---|---|---|---|---|---|
| सामुदायिक | २०३० | ७२९९ | ३७१८ | २७४८ | १५७९५ |
| संस्थागत | ३४१६ | ४६७० | १४६८ | १०११ | १०५६५ |
| धार्मिक | ३५९ | १८३९ | ६४ | ० | २२६२ |
| जम्मा | ५८०५ | १३८०८ | ५२५९ | ३७५९ | २८६३१ |

**स्रोत: IEMIS २०८१**

माथि को तालिका अनुसार २०८१ मा बिद्यालय मा भर्ना भएका बालबालिका हरु मध्ये बालविकास तर्फ .५८०५ जना , कक्षा १- ५मा १३८०८ जना , कक्षा ६- ८ मा ५२५९ जना र कक्षा ९-१२ मा ३७५९ जना गरि जम्मा २८६३१ जना बालबालिकाहरु भर्ना भएका छन् | जसमध्ये सामुदायिक बिध्यालय मा १५७९५ जना , धार्मिक बिध्यालय मा २२६२ र संस्थागत बिध्यालय मा १०५६५ जना बालबालिका हरु रहेका छन् |

**तालिका नं. १५**

**सामुदायिक विद्यालयमा रहेको तहगत शिक्षक विवरण**

| क्र स | तह | स्वीकृत दरबन्दि | राहत | संघिय अनुदान | पालिका अनुदान | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | प्राथमिक(१-५ ) | १४१ | ४५ | ० | १४ | २०० |
| २ | निम्नमाध्यमिक(६-८) | २४ | १४ | ५ | २१ | ६४ |
| ३ | माध्यमिक(९-१०) | ३० | ६ | १५ | ७ | ५८ |
| ४ | उच्च मा बि (११-१२) | ० | ८ | ० | ० | ८ |
| | कुल जम्मा | १९५ | ७३ | २० | ४२ | ३३० |

**स्रोत: नगरपालिका को तलबी प्रतिवेदन प्रथम त्रैमासिक २०८१**

सामुदायिक बिध्यालय को शिक्षक बिवरण विश्लेषण गर्दा प्राथमिक तह मा जम्मा २०० जना शिक्षक हरु छन् |सो तह मा बिद्यार्थी शिक्षक अनुपात १:३७ रहेको छ | निम्न माध्यमिक तह मा जम्मा शिक्षक संख्या ६४ जना रहेको छ भने बिद्यार्थी शिक्षक अनुपात १:५८ रहेको छ | माध्यमिक तह मा जम्मा शिक्षक ६६ जना छन् भने बिद्यार्थी शिक्षक अनुपात १:४३ रहेको छ |

## १.८ कपिलवस्तु नगरपालिका को  शैक्षिक समस्था तथा चुनौति र अवसरहरूको SWOT विश्लेषण

कपिलवस्तु नगरपालिका को  वर्तमान अवस्थाको विश्लेषणबाट शिक्षा क्षेत्रमा रहेका मुख्यमुख्य समस्या, ती समस्याको समाधानमा देखिएका चुनौती र अवसरको पहिचान गरिएका समस्याहरुलाई विश्लेषण गरिएको छ । सरोकारवालाहरूको सहभागितामा समस्याको विश्लेषण गर्न समस्या वृक्ष र Gap analysis प्रक्रिया अवलम्बन गरिएको छ। सरोकारवालाहरूबाट  प्राप्त विश्लेषणबाट समस्याका कारणलाई नै योजनाको रणनीति तथा कार्यनीतिको रुपमा ल्याइएको छ । जसले गर्दा निर्माण भएको शिक्षा योजना प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न सकिने भएकाले विशेषगरी शिक्षा योजनामा समावेश गरिएका शैक्षिक समस्याहरु उल्लेख गर्दा समतामूलक पहुँच, निरन्तरता, गुणस्तर, सक्षमता विकास, सहभागिता व्यवस्थापन आदि क्षेत्रगत पक्षसँग सम्बन्धित रहेर विश्लेषण गरिएको छ। नगरपालिका को शैक्षिक क्षेत्रको तथ्याङ्क, अवस्थाहरूको विश्लेषणका आधारमा शिक्षा क्षेत्रको विकासका समस्या, समस्याका कारण, चुनौती र अवसरहरुलाई प्रस्तुत गरिएको छ

### १.२.१ सवल पक्षहरु

- बलविकास देखि कक्षा १० सम्म पूर्ण  निशुल्क शिक्षाको व्यवस्था सो कार्यका लागि विद्यालय व्यवस्थापन अनुदान प्रदान।
- नगर शिक्षा ऐन २०७६ निमार्ण तथा कार्यान्वयन
- वाल विकास केन्द्रका सवै वाल वालिकालाई दिवा खाजा कार्यक्रम
- वाल विकास केन्द्रका सहयोगी कार्यकतालाईं प्रोत्साहन भत्ताको व्यवस्था।
- शैक्षिक क्यालेण्डर प्रकाशन गरी कार्यान्वयन
- शिक्षक कमी भएका विदालयहरुमा स्वयंसेवक शिक्षक भर्ना
- विद्यालय कर्मचारीहरुलाई प्रोत्साहन भत्ताको व्यवस्था
- त्रैमासिक रुपमा प्रत्येक विद्यालयको निकासा पत्र
- माध्यमिक तथा निम्न माध्यमिक विद्यालयहरुमा ई हाजिरीको व्यवस्था
- आधारभूत तह ( १–८) स्थानिय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन
- सामुदायिक विद्यालय ५२ वटा , सस्थागत विद्यालय ३० वटा , मदरसा ३० वटा र सामुदायिक बालविकास केन्द्र १७ वटा रहेको।
- बहिरा बालबालिकाको लागि स्रोत कक्षा संचालन।
- साक्षर नगरपालिका घोषणा।
- स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि निर्माण।
- ३० वटा अनुमति प्राप्त मदरसा।

### १.२.२ मुख्य समस्याहरु

विद्यालय उमेर समुहका सबै बालबालिकाहरुलाई समतामुलक पहुँच र सहभागिताको सुनिश्चित गर्न नसक्नु, विद्यालय तहको शिक्षामा गुणस्तरीयता र सान्दर्भिकताको सुनिश्चितता गर्न नसक्नु, सबै विद्यालयहरुमा बालमैत्री तथा अपांगमैत्री भौतिक पूर्वाधार निर्माण गरी सिकाई वातावरणमा सुधार नहुनु, विषयगत र कक्षागत रुपमा शिक्षकहरुको दरबन्दी कमी हुनु, स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसक्नु, सबै विद्यालयहरुमा सूचना तथा संचार प्रविधिको पहुँच सुनिश्चित गर्दै प्रभावकारी कार्यान्वयन हुन नसक्नु, अनौपचारिक तथा आजीवन सिकाईका अवसरहरुलाई विस्तार गर्न नसक्नु, स्थानीय तहका सबै कर्मचारीहरुको संस्थागत क्षमता विकास नहुनु, बालबालिकाहरुलाई प्राविधिक शिक्षामा पहुँच बिस्तार गर्न नसक्नु, आपतकालीन तथा संकटपूर्ण अवस्थामा बैकल्पिक योजनाहरुको कार्यान्वयन गरी बालबालिकाहरुको शिक्षा प्राप्त गर्न अधिकार

सुनिश्चित गर्न नसकिनु आदि जस्ता समस्याहरुलाई यस नगरपालिकाको मुख्य शैक्षिक समस्याको रुपमा लिइएको छ । केही विद्यालयको प्रशासनको नेतृत्व क्षमतावान नहुँदा पनि समस्या देखिएको छ । सामुदायिक विद्यालयप्रति बालबालिका र अभिभावकहरुको आकर्षण कम हुँदा समस्या झन टड्कारो बनेको छ।

### १.२.३ शिक्षा क्षेत्रका चुनौतीहरु

लैङ्गिक, भाषिक, भौगोलिक, आर्थिक, शारीरिक अपाङ्गता, जात र जाति आदिको विविधताका कारण सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न कठिन ,जनसाङ्खिकीय प्रवृत्ति विशेषतस जन्म र बसाँई सराई, बनौट र बसोबास साथै भौगोलिक विकटताका कारण व्यवहारिक विद्यालय नक्साङ्कन तथा समायोजन कार्यले पूर्णता पाउन कठिन,स्थानीय परिवेशका कारण भैरहेको विद्यालय शिक्षक दरवन्दीलाई न्यायोचित वितरण गर्न कठिन,विद्यालयमा थप आर्थिक व्यस्थापन हुन नसक्ने हुँदा निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन पूर्णरूपमा गर्न कठिन,दक्ष जनशक्तिको अभावका कारण पाठ्यक्रम, पाठ्यपुस्तक तथा मुल्यांकंन प्रणालीमा सुधार र शिक्षामा सुचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग गर्न कठिन,विपत्को अवस्थाको व्यवस्थापन र त्यस्ता समयमा वैकल्पिक माध्यमबाट सिकाई अवसर प्रदान गर्न आपतकालीन स्रोतसाधनको कमी,जनसाङ्ख्यिक समूहहरूको विविधताका कारण आजीवन सिकाइको पहिचानमा विविधता र समान अवसर सुनिश्चित गर्न कठिन, सबै विद्यालयमा तोकिएअनुसारको भौतिक पूर्वाधारको निर्माण र हरित विद्यालयको रूपमा विकास गर्न आर्थिक स्रोत सङ्कलनमा चुनौती,जलवायु परिवर्तन र त्यसको असर कम गर्ने उपायहरु अवलम्बन गर्न सिमित जनशक्ति र स्रोतका कारण अपेक्षित उपलब्धि प्राप्त गर्न कठिन। अभिभावक विहिन तथा न्यून आर्थिक अवस्था भएका बालबालिकाहरुलाइ विद्यालय ल्याउन, सिकाउन र टिकाउन नसक्नु । नगरपालिकाको आन्तरीक आम्दानी वृद्धि गराइ संघिय सरकारको शिक्षाको शिक्षा क्षेत्रको वजेटको अनुपात बमोजिम नगरपालिकाको बजेट व्यवस्थापन गर्नु।

### १.२.४ शिक्षा क्षेत्रका अवसरहरु

संवैधानिक तथा शिक्षाका विभिन्न कानुनी आधारहरु प्राप्त हुनु, शिक्षामा लगानी वृद्धि गरी गुणस्तर सुधार गर्न सकिनु, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले शिक्षाका अधिकार स्थानीय तहमा प्रदान गर्नु, तीन तहको सरकार तथा अन्य सङ्घ संस्थाहरुबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु, सुचना तथा सञ्चार प्रविधिको प्रयोगमा क्रमिक विस्तार हुनु, स्थानीय पाठ्यक्रममा परम्परागत पेशा, व्यवसाय, सीप, साँस्कृतिक सम्पदा, पर्यटकीय स्थान, रैथाने बाली प्रवर्द्धन सम्बन्धी विषयवस्तु समावेश गरी कार्यान्वयनको अवसर हुनु, सूचना प्रविधि मार्फत वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता हुनुलाई शिक्षा क्षेत्रको अवसरको रूपमा लिन सकिन्छ ।

# परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार

हाम्रा नीति, ऐन, नियम, र अन्य सम्बन्धित दस्तावेजको बारेमा माथि परिचय खण्डमा छलफल गरिसकिएको छ l यस खण्डमा हाम्रो स्थानीय तहको शैक्षिक योजना कार्यान्यनबाट केके प्राप्त गर्ने तथा के के उपलब्धि हासिल गर्ने भन्ने बारेमा प्राविधिक कार्य गर्छौं । जसमा हाम्रो शैक्षिक योजनाको लक्ष्य निर्धारण गर्छौं तर यी कार्य गर्नुपूर्व तथा कार्यको दौरानमा हामीले उल्लिखित नीति, ऐन, नियम, र अन्य सम्बन्धित दस्तावेजको प्रावधानलाई योजनाको लक्ष्यमा प्रतिबिम्वित गर्नु अनिवार्य हुन्छ l यसकालागि हाम्रा नीति, ऐन, नियम, र अन्य सम्बन्धित दस्तावेजमध्ये केहीमा उल्लेख भएका प्रावधानलाई निम्नानुसार प्रस्तुत गरिएका छन् :

### २.१.१ संवैधानिक प्रावधान

धारा ३१

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने छ।
२. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने छ।
३. अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने छ।
४. दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिकभाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने छ।
५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने छ।

धारा ५१ राज्यका नीतिः (ज) नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिः

१. शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने
२. शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने
३. उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने
४. नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने

यसै गरी धारा ३८ को महिलाको हकसम्बन्धी उपधारा ५, धारा ३९ को बालबालिकाको हकसम्बन्धी उपधारा २, ३, ७ र ९, धारा ४० को दलितको हकसम्बन्धी उपधारा २, धारा ४२ को सामाजिक न्यायको हकसम्बन्धी उपधारा २ र ५ मा पनि लक्ष्यित समूहका लागि शिक्षासम्बन्धी विशेष व्यवस्था गरिएको छ।

### २.१.२ स्थानीय सरकार सञ्चालनसम्बन्धी ऐन, २०७४

दफा ११ (२) ज **(स्थानीय तहका शिक्षासम्बन्धी काम, कर्तव्य र अधिकार)**

१. प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन
२. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन
३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,
४. मातृभाषामा शिक्षा दिने अनुमति, अनुगमन तथा नियमन
५. गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्ति व्यवस्थापन

६. गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन

७. विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन

८. विद्यालयको नामकरण

९. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन

१०. विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण

११. सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान

१२. विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन

१३. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

१४. आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन

१५. विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन

१६. निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन

१७. ट्युसन, कोचिङजस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन

१८. स्थानीयस्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण

१९. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन

२०. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन

२१. सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन

२२. शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास

२३. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन

दफा २४ योजना बनाई कार्यान्वयन गर्नेः

क) गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयक्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने छ।

ख) योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपत् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने छ।

ग) योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिनुपर्ने छः

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने
- जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने
- स्थानीय बासिन्दाहरूको सहभागिता जुट्ने, स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने
- स्थानीय स्रोत, साधन र सिपको अधिकतम प्रयोग हुने
- महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने
- दिगो विकास, वातावरणीय संरक्षण तथा संवर्धन गर्न सघाउ पऱ्याउने
- भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने

घ) योजना तर्जुमा र कार्यान्वयन गर्दा अधिकतम जनसहभागिता गर्नुपर्ने छ।

ङ) अनुगमन तथा मूल्याङ्कन योजना तयार गर्नुपर्छ।

### २.१.३ सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ (योजना निर्माणसम्बन्धी):

क) आयोजना तर्जुमा र कार्यान्वयनः (दफा १३ मा भएको योजना तर्जुमासम्बन्धी व्यवस्था)

- स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीयस्तरीय आयोजनाको तर्जुमा स्थानीय तहले गर्ने छ।
- प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वियन गर्दा सङ्घीय कानुनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नुपर्ने छ।
- सङ्घले आयोजना तर्जुमा गर्दा प्रदेश वा स्थानीय तह मार्फत कार्यान्वयन हुने गरी गर्ने सक्ने छ र त्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नुपर्ने छ।

### २.१.४ अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७

१. दफा ६ मा अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने व्यवस्थाः स्थानीय तह मार्फत राज्यले चार वर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा नभएको प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नुपर्ने छ।
२. चार वर्ष उमेर पूरा भएपछि कम्तीमा एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा प्रदान गर्नुपर्ने छ।
३. दफा १४अनुसार आधारभूत तहसम्म वैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने।
४. दफा १५ अनुसार माध्यमिक तहमा अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्ने।
५. दफा १६ अनुसार परम्परागत शिक्षा प्रदान गर्न सकिने
६. दफा १७ मा प्राविधिक शिक्षासम्बन्धी व्यवस्था
७. दफा १८ मा अभिभावक नभएका बालबालिकाको शिक्षा
८. दफा २० माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने
९. पाठ्यपुस्तक उपलब्ध गराउने, शैक्षिक सामग्री प्रदान गर्ने, छात्रवृत्ति प्रदान गर्ने, स्वास्थ्य उपचारको प्रबन्ध, दिवा खाजाको व्यवस्था मिलाउने आदि व्यवस्था
१०. साक्षरता कार्यक्रम सञ्चालन गर्नेः स्थानीय तहले निरक्षर नागरिकलाई साक्षर बनाउन आवश्यकताअनुसार क) सामुदायिक सिकाई केन्द्र, ख) आधारभूत प्रौढ शिक्षा, ग) परम्परागत तथा अनौपचारिक शिक्षाका अन्य माध्यम। (नियम ३)
११. आर्थिक, भौगोलिक, शारीरिक वा मानसिक अवस्था वा अन्य कुनै प्रतिकूलताका कारण विद्यालय जान नसकेका बालबालिका, अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकाका लागि आवास सुबिधा सहित अध्ययनको व्यवस्था मिलाउनु पर्छ। (नियम ४)
१२. माध्यमिक तहसम्मको शिक्षामा शुल्क लिन नहुनेः क) विद्यार्थी भर्ना शुल्क, ख) मासिक पढाई शुल्क, ग) परीक्षा शुल्क, पाठ्यपुस्तक बापतको रकम। (नियम ५)
१३. छात्रवृत्ति तथा विशेष व्यवस्था : (ब्रेल पाठ्यपुस्तक, सांकेतिक भाषामा पाठ्य तथा सिकाइ सामग्री, स्रोतकक्षा, अशक्तका लागि घुम्ती शैक्षिक सेवा वा आवासीय सुबिधासहितको विद्यालय शिक्षा, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री आदि)। (नियम ६)
१४. जनआन्दोलन, सशस्त्र संघर्ष, क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीद, बेपत्ता पारिएका व्यक्ति, द्वन्द्व पीडित, घाइते तथा अपाङ्गता भएका व्यक्तिका छोराछोरीलाई आधारभूत तहसम्मको विद्यालय शिक्षामा दिवा खाजा, पोसाक तथा स्टेशनी वापतको छात्रवृत्तिमा आवश्यकता र उपलब्धताको आधारमा विशेष अवसर प्रदान गर्ने छ।

## २.२ दूरदृष्टि

**समुन्नत र समृद्ध नगरपालिका हाम्रो इच्छा : पहुँच योग्य ,सर्वशुलभ,सँस्कारयुक्त गुणस्तरीय शिक्षा**

## २.३ लक्ष्य

विद्यालय शिक्षालाई अनिवार्य र निशुल्क,समावेशीमूलक वनाई आधुनिक व्यवसायिक प्रविधिमैत्री गुणस्तरीय शिक्षाको माध्यमबाट सभ्य नैतिकवान र आत्मनिर्भर नागरिक तयार गर्ने ।

## २.४ उद्देश्य

१. विद्यालय उमेर समुहका सबै बालबालिकाहरुको समतामुलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
२. विद्यालय तहको शिक्षामा गुणस्तरीयता र सान्दर्भिकता सुनिश्चिततता गर्नु,
३. बालमैत्री तथा अपांगमैत्री भौतिक पूर्वाधार निर्माण गरी सिकाई वातावरणमा सुधार ल्याउनु,
४. विषयगत र कक्षागत रुपमा शिक्षकहरुको दरबन्दी व्यवस्थापन गर्नु,
५. स्थानीय पाठ्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्नु,
६. विद्यालय शिक्षामा सूचना तथा संचार प्रविधिको पहुँच सुनिश्चित गर्दै प्रभावकारी कार्यान्वयन गर्नु,
७. अनौपचारिक तथा आजीवन सिकाईका अवसरहरु सुनिश्चित गर्नु,
८. स्थानीय तहको शिक्षा शाखाको संस्थागत क्षमता विकास गर्नु,
९. प्राविधिक शिक्षामा पहुँच बिस्तार गरी सीपमुलक जनशक्ति उत्पादन गर्नु,
१०. आपतकालीन तथा संकटपूर्ण अवस्थामा पनि बैकल्पिक योजनाहरुको कार्यान्वयन गरी बालबालिकाहरुको शिक्षा प्राप्त गर्न अधिकार सुनिश्चित गर्नु ।

## २.५ रणनीति

| क्र.सं. | उद्देश्यहरु | रणनीतिहरु |
|---|---|---|
| १. | १. विद्यालय उमेर समुहका सबै बालबालिकाहरुको समतामुलक पहुँच र सहभागिता सुनिश्चित गर्नु, | १.१ विद्यालय नक्शांकन, समायोजन, विकास र विस्तार गरी आवश्यकता अनुसार बालबालिकाहरुलाई विद्यालय शिक्षामा समतामुलक पहुँच र सहभागिता सुनिश्चित गर्ने ।<br>१.२विद्लाय तहसम्मको शिक्षा अनिवार्य र निशुल्क बनाउन कानुनको पूर्ण कार्यन्वयन गर्ने ।<br>१.३ सिमान्तकृत समुदायका बालवालिकाहरुलाई माध्यमिक तहसम्मको विद्यालय शिक्षामा पहुँच सुनिश्चित गर्ने । |
| २. | २. विद्यालय तहको शिक्षामा गुणस्तरीयता र सान्दर्भिकता सुनिश्चित गर्नु, | २.१ शिक्षण सिकाईलाई प्रभावकारी डिजिटल पाठ्यसामाग्रीको व्यवस्था, शैक्षिक सामाग्री, विद्युतीय पुस्तकालय तथा विज्ञान प्रयोगशालाको स्थापना तथा सञ्चालन गर्ने<br>२.२ विद्यालयका शैक्षिक गतिविधि अनुगमन गरी समयमा सुधार गर्न शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक समिति सहितको स्थानीय विद्यालय अनुगमन संयन्त्र तयार गरी शिक्षाको गुणस्तर सुधारको लागि पृष्ठपोषण र सहजिकरण गर्ने ।<br>२.३ विद्यालयमा खेलकुदलाई प्रवद्र्धन गर्न प्रयाप्त मात्रामा |

| क्र.सं. | उद्देश्यहरु | रणनीतिहरु |
|---|---|---|
| | | खेलकुदको सामाग्री व्यवस्था गरिनुका साथै बालबालिकाहरुको प्रतिभा पहिचान र प्रोत्साहनको लागि अतिरिक्त क्रियाकलाप सञ्चालन र पुरस्कारको प्रबन्ध गर्ने । |
| ३. | ३. बालमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वाधार निर्माण गरी सिकाई वातावरणमा सुधार ल्याउनु, | ३.१ विद्यालय नक्शांकनको आधारमा उपयुक्त भौतिक पूर्वाधार निर्माण गर्ने ।<br><br>३.२ सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री तथा अपांगमैत्री निर्माण गर्ने ।<br><br>३.३ हरेक विद्यालयमा बगैचा स्थापना, वृक्षारोपण तथा संरक्षणको अभ्यास गर्ने । |
| ४. | ४. शिक्षकहरुको विषयगत र कक्षागत दरबन्दी व्यवस्थापन गर्नु, | ४.१ आधारभूत तथा माध्यमिक तहमा शिक्षक दरबन्दी मिलान गर्ने ।<br><br>४.२ शिक्षक दरबन्दी मिलानको आधारमा विषयगत र कक्षागत शिक्षक व्यवस्थापन गर्ने । |
| ५. | ५. स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्नु, | ५.१ स्थानीय आवश्यकतामा आधारित विषयबस्तुहरु छनौट गरी निर्माण गरिएको आधारभूत तहको स्थानीय पाठ्यक्रम प्रभावकारी रुपमा कार्यन्वयन गर्ने ।<br><br>५.२ स्थानीय पाठ्यक्रमको आधारमा विद्यार्थीहरुको सिकाई उपलब्धीको मूल्यांकन गर्ने ।<br><br>५.३ सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा ख्याती कमाएका उद्यमी, कृषक, कालिगड, ख्यातीप्राप्त व्यक्ति तथा सिल्पीहरुसंग साप्ताहिक कार्यक्रम अन्र्तगत अन्तरक्रिया तथा सीप हस्तान्तरणको अवसर उपलब्ध गराउने ।<br><br>५ ४ विद्यालय शिक्षालाई विविधताअनुकुल सिकाइ क्रियाकलाप सञ्चालन गर्न स्थानिय भाषाको उपयोग तथा सामाजिक साँस्कृतिक विविधताको सम्मान र समावेशी हुने गरी सिकाइ सामग्री र विधि प्रकृया प्रयोग गर्ने । |
| ६. | ६. विद्यालय शिक्षामा सूचना तथा संचार प्रविधिको पहुँच सुनिश्चित गर्दै प्रभावकारी कार्यान्वयन गर्नु, | ६.१ आधारभूत तथा माध्यमिक विद्यालयहरुमा सूचना तथा संचार प्रविधिको पहुँच विस्तार गर्ने ।<br><br>६.२ विद्यालयमा गुणस्तरीय इन्टरनेट सुविधा तथा शिक्षण |

| क्र.सं. | उद्देश्यहरु | रणनीतिहरु |
| --- | --- | --- |
| | | सिकाईका लागि कम्प्युटर, डिजिटल सामग्री, मल्टिमिडियाको व्यवस्था तथा शिक्षकको आवश्यक क्षमता विकासको वातावरण मिलाउने ।<br><br>६.३ विद्यालयहरुको अनुगमनमा इ–हाजिरी र सिसि क्यामरा जडान गरी दैनिक हाजिरी, सूचना प्रवाह र अभिलेख व्यवस्थापनमा सूचना तथा संचार प्रविधि प्रयोग गर्ने ।<br><br>६.४ शिक्षक तथा विद्यार्थीलाई इन्टरनेटको माध्यमबाट अध्ययन, खोज तथा क्षमता विकास गर्ने ।<br><br>६.५ विद्यालयहरुमा सुविधा सम्पन्न सूचना संचार प्रविधिको उपयोग (ICT) ल्याव तथा विद्युतीय पुस्तकालय स्थापना गर्ने । |
| ७. | ७. अनौपचारिक तथा आजीवन सिकाईका अवसरहरु सुनिश्चित गर्नु, | ७.१ आवश्यकतामा आधारित अनौपचारिक तथा आजीवन सिकाईका कार्यक्रमहरु संचालन गर्ने ।<br><br>७.२ सामुदायिक सिकाई केन्द्रको सुदृढिकरण गरी सीप विकास, आयआर्जन, शैक्षिक योग्यताको प्रमाणिकरण लगायतका कार्यहरु गर्ने ।<br><br>७ ३ परम्परागत स्थानिय ज्ञान र सीपको प्रबर्द्धन गरी नयाँ पुस्तामा सस्कृती हस्तान्तरण सरक्षाण प्रदान गर्ने । |
| ८. | ८. स्थानीय तहको शिक्षा क्षेत्रको संस्थागत क्षमता विकास गर्नु, | ८.१ स्थानीय तहको शिक्षा क्षेत्रमा आवश्यक जनशक्ति, पूर्वाधार, श्रोतसाधन व्यवस्थापन गर्ने ।<br><br>८.२ स्थानीय तहका शैक्षिक संस्थाहरुमा कार्यरत जनशक्तिहरुको क्षमता विकास गर्ने । |
| ९. | ९. प्राविधिक शिक्षामा पहुँच बिस्तार गरी सीपमुलक जनशक्ति उत्पादन गर्नु, | ९.१ प्राविधिक विद्यालय सञ्चालनको लागि आवश्यक पूर्वाधार, जनशक्ति तथा सामाग्रीको यथोचित व्यवस्था गरी आवश्यकता अनुसार प्राविधिक धारको कक्षा सञ्चालन गर्ने ।<br><br>९.२ असल सिकाईबाट शिक्षामा गुणात्मक सुधार ल्याउन हरेक वडामा लिडर र फिडर विद्यालयको अवधारणा कार्यान्वयन गर्ने ।<br><br>९.३ विद्यार्थीलाई कृषि, प्राविधिक ज्ञान, विशिष्ट सीप सम्बन्धमा जानकारी प्रदान गरी प्रयोगात्मक अभ्यास लगायत |

| क्र.सं. | उद्देश्यहरु | रणनीतिहरु |
|---|---|---|
| | | रचनात्मक कार्यहरु सञ्चालनको व्यवस्था गर्ने।<br><br>९ ४ प्राविधक र व्यवसायीक शिक्षा र सिपको गुणस्तरीयता प्रभावकारीता र पहुँच बढाउनका लागि सरोकारवालासँग समन्वय गर्ने। |
| १०. | १०.आपतकालीन तथा संकटपूर्ण अवस्थामा वैकल्पिक योजनाहरुको कार्यान्वयन गरी बालबालिकाहरुको शिक्षा प्राप्त गर्न अधिकार सुनिश्चित गर्नु, | १०.१ स्थानीय तहको विपद व्यवस्थापन योजना निर्माण गर्ने।<br><br>१०.२ आपतकालिन तथा संकटकालिन अवस्थामा विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चित गर्न रेडियो, टेलिभिजन, अनलाईन, वैकल्पिक सिकाई सामाग्रीहरुको विकास, विस्तार र प्रसारण गर्ने।<br><br>१०.३ विपद व्यवस्थापन सम्बन्धी आधारभूत जानकारी र व्यवस्थापन सम्बन्धी अभ्यास तथा सामाग्री वितरण गरिनेछ। |

## २.६ अपेक्षित उपलब्धि

| अपेक्षित उपलब्धीहरु |
|---|
| विद्यालय उमेर समुहका सबै बालबालिकाहरुको समतामुलक पहुँच र सहभागिता सुनिश्चित हुनेछ। |
| पाठ्यक्रमले तोके बमोजिमका सिकाई उपलब्धीहरु हासिल भएको हुनेछ। |
| बालमैत्री तथा अपांगमैत्री भौतिक पूर्वाधार निर्माण भई सिकाई वातावरणमा सुधार आउनेछ। |
| विषयगत र कक्षागत रुपमा शिक्षकहरुको दरबन्दी मिलान भई आवश्यकता अनुसार शिक्षकको व्यवस्थापन भएको हुनेछ। |
| स्थानीय पाठ्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनेछ। |
| विद्यालय शिक्षामा सूचना तथा संचार प्रविधिको विस्तार भएको हुनेछ। |
| अनौपचारिक तथा आजीवन सिकाईका कार्यक्रमहरु संचालन भएको हुनेछन्। |
| स्थानीय तहमा कार्यरत जनशक्तिहरुको क्षमता विकास भएको हुनेछ। |

| **अपेक्षित उपलब्धीहरु** |
|---|
| प्राविधिक शिक्षामा पहुँच पुगी सीपमुलक जनशक्ति उत्पादन हुनेछ । |
| आपतकालीन अवस्थामा बैकल्पिक शैक्षिक योजनाहरुको कार्यान्वयन भई बालबालिकाहरुको सिक्ने पाउने अधिकार सुनिश्चित भएको हुनेछ । |

## २.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| **क्र.सं** | **सूचक** | **सूचकको तहको** | **आधार वर्ष २०८१** | **२०८३** | **२०८५** | **२०८७** | **सूचकको स्रोत** |
|---|---|---|---|---|---|---|---|
| १. | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर* (%) | स्थानीय | १५४.७ | १४५ | १३७ | १२९ | **क्यलिब्रेशन टुलकिट** |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **८६.२** | **८९.५** | **९४.०** | **९९.०** | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ६९ | ७१ | ७६ | ८० | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **६८.६** | **७३.०** | **८५.०** | **९५.0** | |
| २. | **आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ६५ | ७० | ७५ | ८० | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **९६.९** | **९७.५** | **९९.०** | **१००** | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर (%) | स्थानीय | १४७ | १३७ | १२७ | ११७ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **१२१.९** | **११५.०** | **१०७.०** | **१०५.०** | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९५.७ | ९७.५ | ९८.५ | ९९.५ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **९७.१** | **९९.०** | **९९.५** | **१००** | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कुल भर्ना दर* (%) | स्थानीय | **१३३.७** | **१२९.६** | **१२१ .६** | **११६.७** | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **११९.२** | **११५.०** | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | **७५** | **७९** | **८३** | **८७** | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **८५.८** | **९३.१** | **९५.५** | **९९.५** | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका | स्थानीय | **१४.८** | १२.२ | १०.४ | ८.५ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **२२.२** | **२०.०** | **१५.०** | **१०.०** | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | बालबालिका* (%) | | | | | | | |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | | स्थानीय | **०.९१** | **०.९४** | **०.९८** | **१** | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | **१.०६** | | | **१.०१** | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | | स्थानीय | **९४.४** | **९५** | **९७** | **९८** | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | **९३.४** | **९९.०** | | **१००** | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर (%) | | स्थानीय | ११९.६ | ११५ | १११ | १०९ | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | **११०.४** | | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | | स्थानीय | ८५.१ | ८९ | ९३ | ९७ | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | **७९.३** | | | **९५.०** | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | | स्थानीय | ५५.६ | ५८.५ | ६०.३ | ६२.४ | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | **७२.७** | | | **९५.०** | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कुल भर्ना दरमा लैङ्गिक समता सूचक* | | स्थानीय | **०.९१** | **०.९५** | **०.९८** | **१.०** | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | **१.०१** | **१.०१** | | | |
| २.१६ | कक्षा ३ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ४७.७ | ५१ | ५५ | ५९ | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोहीबमोजिम पछि राखिने | | | | |
| | | गणित | स्थानीय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोहीबमोजिम पछि राखिने | | | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| २.१७ | कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ४१ | ४५ | ४९ | ५४ | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ४५.० | ५२.० | ६०.० | ७०.० | |
| | | गणित | स्थानीय | २५.० | ३५.० | ४५.० | ५५.० | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०.० | ६०.० | ७०.० | |
| | | अङ्ग्रेजी | स्थानीय | २१.२ | ३०.० | ४०.० | ५०.० | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| २.१९ | विद्यालय बाहिर रहेका | आधारभूत (कक्षा | स्थानीय | २.० | १.५ | ०.५ | ० | |
| | | | प्रदेश | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | बालबालिका* (%) | (१-५) | राष्ट्रिय | **२.९** | **१.०** | **०.५** | **०** | |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | ५.३ | ३.५ | २.० | १.० | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | **६.६** | | **१.०** | **०** | |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | | स्थानीय | ३२.० | ३६.६ | ३८.० | ४०.० | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | **43.७** | **४५.०** | **५०.०** | **५०.०** | |
| ३. | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | | स्थानीय | ४७.२ | ५२ | ५७ | ६२ | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | **४७.६** | | **६५.०** | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्ना दर* (%) | | स्थानीय | **११२.२** | **१०९.०** | **१०५.०** | **१०२.०** | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | **७१.४** | | | **९९.०** | |
| ३.३ | माध्यमिक तहमा कुल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | | स्थानीय | ६५.१ | ६९ | ७२ | ७४ | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | **१.०२** | **१.००** | **१.००** | **१.००** | |
| ३.४ | आधारभूत तहबाट माध्यमूक तहमा ट्रान्जिसन दर* (%) | | स्थानीय | ९१.० | ९३.० | ९५.० | ९८.० | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | **९७.५** | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | | स्थानीय | १२.० | १५.० | १८.० | २२.० | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | **२०.६** | **२२.०** | **२७.०** | **३३.०** | |
| ४. | **जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | |
| ४.१ | साक्षरता दर (पाँच वर्ष भन्दा माथि) (%) | | स्थानीय | ६९.५ | ७४.० | ७८.० | ८२.० | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | **५८.०** | | **९५.०** | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | | स्थानीय | ८६.१ | ९०.० | ९३.० | ९६.० | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | **९२.०** | | **९९.०** | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (पाँच वर्ष भन्दा माथि) | | स्थानीय | ०.६२ | ०.६८ | ०.७२ | ०.८० | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | **०.६५** | | | **०.८०** | |
| **सुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थीःशिक्षक अनुपात | | स्थानीय | ३७:१ | ३५:१ | ३२:१ | ३०:१ | |
| | | | प्रदेश | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | (सामुदायिक विद्यालय) | राष्ट्रिय | २४:१ | | ३०:१ | ३०:१ | |
| | | राष्ट्रिय | ३०:१ | | ३०:१ | ३०:१ | |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ५८:१ | ५५:१ | ५२:१ | ४८:१ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थीःशिक्षक अनुपात | स्थानीय | ४८:१ | ४४:१ | ४०:१ | ३५:१ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | [illegible] | ३५:१ | ३०:१ | ३०:१ | |

## परिच्छेद ३ : विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

यस परिच्छेदमा विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरु जस्तैः प्रारम्भिक बाल विकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा ,प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम र अनौपचारिक शिक्षा र आजीवन सिकाइसँग सम्बन्धित उपक्षेत्रहरुको परिचय, वर्तमान अवस्था, उद्देश्य, रणनीति, प्रमुख उपलब्धी , नतिजा तथा परिमाणात्मक लक्ष्य र प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य जस्ता उपशीर्षकहरुमा विभाजन गरी विश्लेषण गरिएको छ।

### ३.१प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरुलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले संचालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ। नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को आठौ संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ। नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा राष्ट्रिय शिक्षा नीति २०७६ मा चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने कुरा उल्लेख छ। नेपालको सोह्रौँ योजनामा पनि प्रारम्भिक वालविकास र शिक्षा कार्यक्रमलाई जोड दिइएको सन्दर्भमा सो कार्यक्रमलाई समावेश गरिएको छ।

आगामी ५ वर्षमा पालिका भित्रका ४ वर्ष उमेर समूहका सबै बालबालिकाहरुलाई बाल विकास केन्द्रमा भर्ना गर्नका लागि बाल विकास केन्द्रको यो संख्या अपर्याप्त रहेकोले नयाँ बाल विकास केन्द्रहरुको स्थापना जरुरी छ। प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्ग दर्शक पुस्तिका २०६७ को पहिलो संशोधन २०७५ मा उल्लेखित मापदण्डानुसार बाल विकास केन्द्र बालबालिकाको घरबाट १० देखि १५ मिनेटको पैदल दूरीमा हुनु पर्ने कुरा पनि उल्लेख भएको हुनाले भएका बाल विकास केन्द्रहरुको पुनर्वितरण र थप नयाँ बाल विकास केन्द्रहरुको स्थापना गर्नु पर्ने नितान्त जरुरी छ।

लक्षित उमेर समूहका सबै बालबालिकाहरु विशेष गरी सीमान्तकृत, विपन्न तथा अपाङ्गता भएकाहरुलाई प्रारम्भिक बालविकास र शिक्षामा ल्याउनु, सबै प्रारम्भिक बालविकास केन्द्रहरुमा संस्थागत र संरचनागत संयन्त्र निर्माण तथा व्यवस्थापन गरी न्यूनतम मापदण्ड पूरा गर्नु र बालविकास सहजकर्ताहरुको न्यूनतम पारिश्रमिक व्यवस्थापन गर्नु तथा उनीहरुको पेशागत क्षमता विकास गर्नु प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख चुनौतीहरु रहेका छन्। प्रयाप्त लगानी तथा स्रोत व्यवस्थापन गर्नु, अनुगमन तथा मूल्याङ्कनको चुस्त संयन्त्र विकास गर्नु, बालबालिकाका अभिभावकहरुलाई अभिभावक शिक्षा प्रदान गर्नु र बालबालिकाहरुको स्वास्थ्य, सुरक्षा र पोषणको उचित व्यवस्थापन सहायक चुनौतीहरु हुन्।

सुनौला हजार दिन, बहुक्षेत्रीय पोषण कार्यक्रम, दिवा खाजा, शिशु स्याहार केन्द्र, किण्डर गार्टेन विद्यालय, विद्यालय तथा समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्र तथा पूर्व प्राथमिक कक्षा नामका कार्यक्रमहरु विभिन्न सरकारी निकाय, गैर सरकारी संघसंस्थाहरु निजी क्षेत्रको संलग्नतामा सञ्चालन, नेपालको संविधानले प्रारम्भिक बालविकास र सहभागिताको हकलाई मौलिक हकको रुपमा उल्लेख गर्नु, र प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गिण व्यक्तित्त्व विकासको हकको प्रत्याभुत गर्नु, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन २०७५, बालबालिकासम्बन्धी ऐन २०७५, पन्ध्रौं योजना २०७६/७७-२०८०/८१, बालबालिकासम्बन्धी राष्ट्रिय नीति २०६९, विद्यालय क्षेत्र विकास योजना २०७३-२०८०, बहुपोषण योजना दोस्रो २०७५/७६-२०७९/८० र बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ समेतमा प्रारम्भिक बालविकास सम्बन्धी कानुनी प्रावधानहरु समेटिनु, नेपालमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत गर्भवती महिला, नवजात शिशु तथा बालबालिकाको स्वास्थ्य स्थितिमा आवश्यक सुधार ल्याउन स्वास्थ्य तथा पोषणसम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन हुनु, बालाबालिकाको सुरक्षा र संरक्षणका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नु आदि प्रारम्भिक बाल विकास शिक्षाका अवसरहरु हुन्।

### ३.१.२ वर्तमान अवस्था

यस नगरपालिकामा हाल विद्यालयमा आधारित ८७ वटा र समुदायमा आधारित १७ बालविकास केन्द्रहरू संचालनमा रहेका छन् । यसैगरी ३० वटा संस्थागत विद्यालयमा पनि बालविकास केन्द्रहरु सञ्चालनमा रहेका छन् । संस्थागत विद्यालयमा प्रारम्भिक बालविकास तथा शिक्षाका ३ वर्षे कार्यक्रम संचालनमा छन् भने सामुदायिक विद्यालयमा रहेका प्रारम्भिक बालविकास तथा शिक्षामा १ वर्षे कार्यक्रम संचालनमा छ । नगरपालिका भित्र ४ र ५ वर्ष उमेर समूहका ४०९७ जना बालबालिकाहरू रहेका छन । उमेर नपुगेका बालबालिका समेत वालविकास केन्द्रमा जाने गरेको पाईन्छ । वालविकास केन्द्रमा विद्यालयमा र समुदायमा आधारित गरेर जम्मा १०३सहजकर्ता हरु कार्यरत रहेका छन् | बालविकास केन्द्रका सबै सहजकर्ता हरु ले आधारभूत तालिम लिएको देखिदैन । विद्यालयमा सञ्चालित वालविकास केन्द्रको र समुदायमा आधारित वालविकास केन्द्रहरूको भौतिक पूर्वाधारको अवस्था सन्तोषजनक नभएको र व्यवस्थापन कमजोर रहेको छ । यस नगरपालिकाको वालविकासमा खुद भर्नादर ५७.५ % , वालविकासको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाहरु ७२.६ % प्रतिशत रहेको छ । सबै उमेर समूहका बालबालिकाहरु बालविकास केन्द्रको पहुँमा नआउनु , गुणस्तरमा अपेक्षित उपलब्धि हासिल हुनु नसक्नु समस्याको रुपमा रहेको छ ।

**तालिका नं. १७**

**प्रारम्भिक बालविकासको अवस्था**

| क्र.स. | नाम | सहजकर्ताको तालिमको अवस्था | | छुट्टै कोठाको व्यवस्था | | बसाई व्यवस्था | | | भित्ता सजावट | | | | सिकाई सामाग्री व्यवस्था | | खेल सामाग्री व्यवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | तालिम पाएको | तालिम नपाएको | छ | छैन | खाली भुई | उपयुक्त फर्निचर र सहित कार्पेटिङ | कार्पेटिङ मात्र | छ | छैन | राम्रो | ठीकै | हुँदै नभएको | Indoor outdoor दुबै | Indoor मात्र | out door मात्र | कुनै छैन | कैफियत |
| १ | राष्ट्रिय जनहित मा.वि. | √ | | √ | | | | √ | √ | | | □ | | | √ | | | □ |
| २ | जनता आ.वि. हरिहरपुर | √ | | √ | | | | √ | | | | √ | | | √ | | | |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | पार्वती आ.वि. | √ | | √ | | | | √ | | | | √ | | | √ | | | |
| ४ | नारायण प्रा.वि हरिहरपुर | √ | | √ | | | | √ | | | | √ | | | √ | | | |
| ५ | अरसिया दारुस्लाम | √ | | √ | | | | √ | | √ | | √ | | | √ | | | |
| ६ | विश्वमैत्री आ.वि. | √ | | √ | | | | √ | √ | | | √ | | | √ | | | |
| ७ | अल्मनी प्रा.वि. | √ | | √ | | | | √ | | | | | | | √ | | | |
| ८ | जनकल्याण प्रा.वि. | √ | | √ | | | | √ | | √ | | √ | | | √ | | | |
| ९ | राम जानकी आ.वि. बेलौहा | √ | | √ | | | | √ | √ | | | √ | | | √ | | | |
| १० | भगवती आ.वि. | √ | | √ | | | | √ | √ | | | | | | √ | | | |
| ११ | धर्मभक्त मा.वि. | √ | | √ | | | | √ | √ | | | √ | | | √ | | | |
| १२ | कोटिग्राम मा.वि. | √ | | √ | | | | √ | | | | √ | | | √ | | | |
| १३ | महादेव प्रा.वि. | √ | | √ | | | | √ | | √ | | √ | | | √ | | | |
| १४ | श्याम आ.वि. | √ | | √ | | | | √ | √ | | | | | | √ | | | |
| १५ | शितला बक्स मा.वि. | √ | | √ | | | | √ | | | | | | | √ | | | |
| १६ | अनावरुल ऊलुम मदरसा | √ | | √ | | | | √ | - | - | - | - | - | | √ | | | |
| १७ | मिफ्ताउल ऊलुम मदरसा | √ | | √ | | | | √ | | √ | √ | | | | √ | | | |
| १८ | शुक्रराज आ.वि. | √ | | √ | | | □ | √ | | √ | | □ | | | √ | | | |
| 19 | भगवानदास मा.वि. | √ | | √ | | | | √ | √ | | | □ | | | √ | | | |
| २० | गौतमबुद्ध आ.वि. सडवा | √ | | √ | | | | √ | □ | | | □ | | | √ | | | |
| २१ | सुन्दर आ.वि. | √ | | √ | | | | √ | | √ | | □ | | | √ | | | |
| २२ | राम जानकी आ.वि. सेमरहवा | √ | | √ | | | | √ | | √ | | √ | | | √ | | | |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २३ | गौतमबुद्ध प्रा.वि. वरगदवा | √ | | √ | | | | √ | □ | √ | □ | √ | | | √ | | | |
| २४ | तौलेश्वरनाथ सं. मा.वि. | √ | | √ | | | | √ | □ | √ | | √ | | | √ | | | |
| २५ | रत्न राज्य लक्ष्मी मा.वि. | √ | | √ | | | | √ | | | | √ | | | √ | | | |
| २६ | बुद्ध पद्म मा.वि. | √ | | √ | | | | √ | □ | □ | □ | | | | √ | | | |
| २७ | कीर्ति प्रा.वि. | √ | | √ | | | | √ | √ | | | □ | | | √ | | | |
| २८ | महेन्द्र प्रा.वि. तौलिहवा | | | √ | | | | √ | √ | □ | □ | √ | | | √ | | | |
| २९ | आ.वि. सानो वरगदवा | √ | | √ | | | | √ | √ | | | √ | | | √ | | | |
| ३० | प्रा.वि. तौलिहवा | √ | | √ | | | | √ | √ | | | √ | | | √ | | | |
| ३१ | आ.वि.पिपरी | √ | | √ | | | | | √ | □ | | | | | √ | | | |
| ३२ | यशोधरा मा.वि. | √ | | √ | | | | | √ | | | | | | √ | | | |
| ३३ | राधाचन्द्र आ.वि. | √ | | √ | | | | | √ | | | □ | | | √ | | | |
| ३४ | मदरसा सुन्नते इस्लामिया शिव प्रा.वि. | √ | | √ | | | | | √ | | □ | □ | | | √ | | | |
| ३५ | सिद्धार्थ गौतमबुद्ध गुम्बा प्रा.वि. डेरवा | √ | | √ | | | | | √ | | | | | | √ | | | |
| ३६ | आधारभुत विद्यालय कटुवा | √ | | √ | | | | | √ | | | □ | | | √ | | | |
| ३७ | मा.वि. कुशमा | √ | | √ | | | | | √ | | | | | | √ | | | |
| ३८ | कनकमुनी मा.वि. | √ | | √ | | | | | √ | | | □ | | | √ | | | |
| ३९ | राष्ट्रिय मा.वि. विकुली | √ | | √ | | | | | √ | □ | - | □ | - | | √ | | | |
| ४० | राम जानकी प्रा.वि. हरनामपुर | √ | | √ | | | | | □ | | | □ | | | √ | | | |
| ४१ | गडुल गंगा आ.वि. | √ | | √ | | | | | □ | | | □ | | | √ | | | |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नगवा | | | | | | | | | | | | | | | | | |
| ४२ | मदरसा अहले सुन्नत सिराजुलउलुम | √ | | √ | | | | | - | - | - | √ | - | | | | √ | |
| ४३ | कालिकाजन मा.वि. | √ | | √ | | | | | | | | √ | | | | | √ | |
| ४४ | आ.वि. पिप्रहवा | √ | | √ | | | | | | □ | | √ | | | | | √ | |
| ४५ | रामदेव आ.वि. विठुवा | √ | | √ | | | | | √ | √ | - | √ | | | | | √ | |
| ४६ | सरस्वती प्रा.वि. | √ | | √ | | | | | √ | √ | | √ | | | | | √ | |
| ४७ | शिवनाथ आ.वि. बेलभरिया | √ | | √ | | | | | √ | √ | □ | √ | | | | | √ | |
| ४८ | बुद्ध विद्या पिठ प्रा.वि. | √ | | √ | | | | | √ | √ | | √ | | | | | | |
| ४९ | जनता आ.वि. वर्मेली टोल | √ | | √ | | | | | √ | √ | - | □ | - | | √ | | | |
| ५० | लम्बुसागर बुद्ध प्रा.वि. | √ | | √ | | | | | √ | √ | - | □ | - | | √ | | | |
| ५१ | तिलौराकोट मा.वि. | √ | | √ | | | | | √ | √ | | √ | | | √ | | | |
| ५२ | महेन्द्र आ.वि. ठूलो सेमरी | √ | | √ | | | | | | | | √ | | | √ | | | |

***स्रोत: प्र.अ हरूबाट संकलित तथ्यांक***

२०८१ को फ्लास रिपोर्ट अनुसार बालविकास शिक्षाको सूचक यसप्रकार रहेको छ।

| **क्र.सं.** | **सूचक** | **हालको अवस्था** |
|---|---|---|
| १ | प्रारम्भिक बालविकास तथा शिक्षामा कुल भर्ना दर | १०६.७ % |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्ना दर | ५७.५ % |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर कक्षा एकमा भर्ना | ७७ .३% |
| ४ | प्रारम्भिक बालविकास तहको लैङ्गिक समता सूचकाङ्क | ०.७२ |

***स्रोत: CEHRD flash report 2081***

यस पालिका अन्तर्गत सञ्चालित कुल १०३ वटा बालबिकास कक्षाहरु मध्ये ७५ वटा सामुदायिक विद्यालयमा आधारित, १७ वटा सामुदायमा आधारित, र २९ वटा संस्थागत विद्यालयमा सञ्चालन रहेका छन् । उक्त बालविकास केन्द्रमा १०३ जना बालविकास सहजकर्ता रहेका छन् । शैक्षिक सत्र २०८१ अनुसार जम्मा विद्यार्थी सङ्ख्या ५७८५ जना जसमध्ये छात्रा.२४१२ जना र छात्र३३७३ जना रहेको छ । सामुदायिक विद्यालयमा जम्मा १३८७ जना, संस्थागत विद्यालयमा जम्मा ४३९८ जना विद्यार्थीहरु अध्ययनरत छन् ।

**तालिका नं. १८**

**प्रारम्भिक बालविकासमा बिद्यार्थी विवरण**

| क्र सं | बालबिकास कक्षाको प्रकार | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|---|
| १ | सामुदायिक | ११९९ | १८८ | १३८७ |
| २ | संस्थागत | १२१३ | ३१८५ | ४३९८ |
| | जम्मा | २४१२ | ३३७३ | ५७८५ |

स्रोत: EMIS-२०८१

**प्रमुख समस्या र चुनौती**

१. कम उमेर र बढि उमेरका प्रारम्भिक बालबालिका केन्द्रमा भर्ना हुनु,
२. सबै प्रारम्भिक बालविकास केन्द्रमा बालमैत्री वातावरणका न्यूनतम मापदण्ड पुरा नहुनु,
३. प्रारम्भिक बालविकास शिक्षा ४ बर्षको उमेरमा भर्ना गरी सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास र शिक्षामा पहुँच पुर्याउने,
४. प्रारम्भिक बालबिकास केन्द्रमा प्रयाप्त बाल शैक्षिक तथा खेल सामग्रीहरुको व्यवस्थापन नहुनु,
५. प्रारम्भिक बालविकास सहजकर्ताहरुको पारिश्रमिक, योग्यता तथा क्षमता समय अनुकुल अभिवृद्धि नहुनु,
६. पोषणयुक्त दिवा खाजाको प्रवन्ध नहुनु.,
७. व्यक्तिगत स्वस्थ्य तथा सरसफाईको प्रवन्ध नुहुनु,
८. समुदाय र अभिभावकको सक्रियता नहुनु,

**३. १. ३ उद्धेश्य**

१. उमेर समूहका सबै बालबालिकालाई प्रारम्भिक बालविकास र शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्नु
२. प्रारम्भिक बालविकास र शिक्षाको गुणस्तर सुनिश्चित गर्नु ।

**३.१.४ रणनीति**

१. प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नका लागि निर्धारित न्यूनतम मापदण्ड, पाठ्यक्रम, प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड, नर्म्स र ढाँचाअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने
२. बालविकास केन्द्रको नक्साङ्कन गरी स्थानीय आवश्यकताअनुसार समायोजन तथा पुनर्वितरण र नयाँ बालविकास केन्द्र स्थापना गर्ने
३. नगरमा रहेका केहि बालविकास केन्द्रलाई नमुना बालविकास केन्द्रको रुपमा स्थापना गर्ने
४. प्रारम्भिक बालविकास तथा शिक्षामा लागत सहभागिता अभिवृद्धि गर्ने

५. प्रारम्भिक बालविकास र शिक्षाको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था, निजी क्षेत्र र विद्यालयबिच सहकार्य र समन्वय गर्ने
६. बालविकास शिक्षकमा विवाहित महिलालाई प्रथामिकता दिने
७. सहयोगी कार्यकर्ताको क्षमता विकासका लागि विभिन्न तालिम कार्यक्रम सञ्चालन गर्ने
८. बालकक्षाको भौतिक पूर्वाधार निर्माण तथा व्यवस्थापन, कक्षा सजावट, प्रविधिमा आधारित शैक्षिक सामग्री, बाल उद्यानको व्यवस्थापन गर्ने
९. राष्ट्रिय पाठ्यक्रम प्रारूपमा आधारित भई प्रारम्भिक बालविकास तथा शिक्षाका लागि न्यूनतम सिकाइ कार्यघण्टा सुनिश्चित गर्ने ।
१०.

### ३.१.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेका हुने छन् ।
- सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कुल भर्ना सङ्ख्या | ५७८५ | ५७८५ | ५९८५ | ६१८५ | ६३८५ | ६५८५ |
| २ | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या | २३ | २३ | २९ | २९ | २९ | २९ |
| ३ | प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना प्रतिशत | ७७.३ | ७७.३ | ८० | ८५ | ९० | ९५ |

### ३.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | पूर्व प्रा.बि./ECED कक्षा/केन्दमा तोकिएका न्युनतम मापदण्डहरूको (Minimum Standards) कार्यन्वयन गर्ने | केन्द्र | 3 | 3 | 3 | 3 | 3 | १५ | ५० |
| २ | हाल विद्यमान ECED/PPE (संस्थागत विद्यालयका सुविधासहित) को पुनरावलोकन गर्नुका साथै आवश्यकताको पहिचानको आधारमा ECED केन्द्रहरूको व्यवस्थापन गर्नु। | केन्द्र | ० | १ | १ | १ | १ | ४ | १० |
| ३ | न्यूनतम मापदण्डको पालना सुनिश्चित गर्न ECED मैत्री | केन्द्र | ० | ५ | ५ | ५ | ५ | २० | ५० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | WASH सुविधा उपलब्ध गराउने व्यवस्था गर्नु | | | | | | | | |
| ४ | दिवा खाजा कार्यक्रम (अन्य क्षेत्रहरू) | बिद्यार्थी | १३८७ | १४५३ | १४९८ | १५०५ | १५५० | ७३९३ | १४७८६ |
| ५ | बालबालिकाको समग्र विकास र सिकाइलाई प्रवर्द्धन गर्न प्रारम्भिक बाल्यकाल तथा सिकाइ मापदण्डहरूको कार्यान्वयन।" | केन्द्र | 1 | 1 | 1 | 1 | 1 | ५ | १० |
| ६ | निर्धारित मापदण्डहरूको प्रगतिको आधारमा ECED केन्द्रहरू र शिक्षकहरूलाई प्रदर्शन अनुदान। | शिक्षक | 0 | १ | १ | १ | १ | ४ | १० |
| ७ | बिभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकाहरूलाई सहयोग (Support to disable students) | बिद्यार्थी | ० | ७ | ७ | ८ | ८ | ३० | ५० |
| ८ | पालिका तहको स्वास्थ्य केन्द्रहरूमार्फत त्रैमासिकरुपमा बालबालिकाहरुको स्वस्थ्य जांच गर्ने साथै बालबालिकाहरूमा अपाङ्गता परीक्षण गरी पहिचान गर्ने (Assement and identification of disabilities) | पटक | ० | १ | १ | १ | १ | ४ | १० |
| ९ | ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकको तलब भत्ता | सहजकता | ८७ | ८७ | ८७ | ८७ | ८७ | ४३५ | ८७० |
| १० | ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकका लागि पोशाक भत्ता | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ११ | ECED कक्षाका सहयोगीहरूका लागि तलब/भत्ता | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १२ | ECED कक्षाहरूका सामग्री र सिकाई कुनाका लागि बजेट अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १३ | ECED कक्षाहरूका सिकाई सामग्री र बिद्धुतीय सिकाई सामग्रीका लागि बजेट अनुदान | बिद्यार्थी | १३८७ | १४५३ | १४९८ | १५०५ | १५५० | ७३९३ | १४७८६ |
| १४ | ECED कक्षाहरूमा अध्ययनरत तोकिएका अति बिपन्न र लक्षित | बिद्यार्थी | ५२३ | ५२० | ५२९ | ५३८ | ५४७ | २६५७ | ५३१४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | समुदायका बालबालिकाहरुको सुबिधाका लागि बजेट अनुदान | | | | | | | |
| | **तपाइको पालिकाबाट थप गर्न चाहेका कार्यक्रमहरु:** | | | | | | | |
राष्टिय शिक्षा नीति २०७६ अनुसार साधारण शिक्षाका अतिरिक्त शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा र तालिम सचालनको क्षेत्रमा पनि महत्वपूर्ण कार्य हुँदै आएको छ । मन्त्रालय अन्तर्गतका केही परियोजना केही अर्धसरकारी सस्था तथा अन्तर्गतका विभाग र कार्यालयबाट पनि प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रम सञ्चालन विकास र विस्तारका विभिन्न कार्यहरु भैरहेका छन् । मन्त्रालय अन्तर्गत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद शिक्षा तथा मानवस्रोत विकास केन्द्र व्यावसायिक शिक्षा तथा तालिम अभवृद्धि परियोजना जीवन पर्यन्त सिकाइलाई सीप र ज्ञानका लागि सहयोग कार्यक्रम दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना तथा रोजगार कोषको सचिवालयले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सञ्चालन गर्दै आएका छन् ।

३.४.२ वर्तमान अवस्था

उद्यम व्यवसाय तथा रोजगारीलाई सहयोग पुर्याउने सिप सिकाउने शिक्षा तथा तालिमलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम भन्ने गरीन्छ । नेपाल सरकार मन्त्रिपरिषदले २०७६।७।१८ मा स्वीकृत गरेको राष्टिय शिक्षा नीतिले प्राविधिक तथा व्यावसायिक शिक्षालाई विशेष जोड दिएको छ । सघीय तहमा स्थापना हुने राष्टिय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम परिषदमार्फत प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन अनुसन्धान नवप्रवर्तन र उद्यमशीलता विकास जस्ता कार्य सम्पादन गरी दक्ष प्राविधिक जनशक्ति उत्पादनमा जोड दिने लक्ष्य राखेको छ ।

योजनाबद्ध विकास गर्ने उद्धेश्यले गणतन्त्र स्थापना पश्चात निर्माण भएको पाँचवर्षे पन्ध्रो योजनामा गुणस्तरीय शिक्षा मार्फत सिर्जनशील दक्ष प्रतिस्पर्धी उत्पादनशील र नवप्रवर्धनशील मानव स्रोतको विकास गर्ने लक्ष्य राखिएको छ । उक्त लक्ष्य पुरा गर्न शिक्षालाई गुणस्तरीय जीवनोपयोगी र प्रविधिमैत्री बनाउने प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासमा समावेशी र समतामुलक पहुँच विस्तार गर्ने उच्च शिक्षालाई नवप्रवर्धनात्मक अनुसन्धानात्मक प्रविधिमैत्री र रोजगारमूलक बनाउने उद्धेश्य राखिएको छ । सोह्रो योजनामा पनि प्राविधिक तथा व्यावसायिक सीप तथा तालिमलाई प्राथमिकतामा राखी विशेष जोड दिइएको छ ।

तत्कालिन शिक्षा विभाग हाल शिक्षा तथा मानवस्रोत विकास केन्द्रको सहयोगमा सामुदायिक माध्यमिक विद्यालयहरुमा प्राविधिक तथा व्यावसायिक शिक्षा दिन एकै शैक्षिक सत्रमा कक्षा ९ देखी कक्षा १२ सम्म सञ्चालित ९९ विद्यालयलाई प्राविधिक धार सञ्चालन गर्ने अनुमति दिइयो । स्थापना भएका विद्यालयलाई प्रयोगशाला निर्माण प्रशिक्षक व्यवस्थापन तथा कार्यका लागि आर्थिक सहयोग गरियो । हाल शिक्षा तथा मानव स्रोत विकास केन्द्रको सहयोगमा ४८५ ओटा विद्यालयले प्राविधिक धारका कार्यक्रमहरु सञ्चालन गरिरहेका छन् । शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अनुमति मार्फत यस कपिलवस्तु नगरपालिकामा २ ओटा प्राविधिक धारका विद्यालयहरु सञ्चालनमा रहेका छन् । सिविल इन्जिनियरिङ तर्फ बुद्धपद्म माध्यमिक विद्यालय र बाली विज्ञान तर्फ कनकमुनी माध्यमिक विद्यालयमा उक्त कार्यक्रम सञ्चालित छ । प्राविधिक धारका विद्यालयहरु सञ्चालन गर्नका लागि ल्याब र प्रयोगशाला सामग्री व्यवस्थापन गर्न एकमुष्ठ अनुदान दिने व्यवस्थाले निरन्तरता पाएको छ । प्रशिक्षक सहायक प्रशिक्षक ल्याब सहयोगीको तलब भत्ता र ओजीटी गर्नका लागि प्रति विद्यार्थी अनुदान जस्ता सालबसाली प्राप्त हुने अनुदानको आधारमा विद्यालय सञ्चालन भएका छन् । सामुदायिक विद्यालयहरुमा प्राविधिक धारका विद्यालयहरु सञ्चालनमा रहेतापनि चाहे अनुसारको अपेक्षा प्राप्त गर्न सकिएको छैन् । प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँचको कमी, प्रशिक्षक तथा सहायक प्रशिक्षकको अस्थिरता, स्थानीय आवश्यकता र सम्भावना भन्दा फरक विषय, प्रयोगात्मक कार्य ओजीटी वयवस्थित नहुनु, प्रशिक्षक तथा सहायक प्रशिक्षकलाई प्रशिक्षण सम्बन्धी तालिमको अभाव, निरीक्षण अनुगमन तथा पृष्ठपोषणको कमी, शिक्षा प्राविधिक र सिपमूलक भन्दा बढी सैद्धान्तीक, विद्यार्थीको आकर्षण घट्दो, ठुलो लगानि आवश्यक जस्ता समस्याहरु देखिएका छन् । माथी उल्लेखीत समस्याहरुलाई समाधान गरी प्राविधिक

तथा व्यावसायिक शिक्षाको गुणस्तर सुनिश्चित गर्ने गरी विद्यालयमा सञ्चालित प्राविधिक धारका विद्यालयहरुलाई व्यवस्थित बनाउन अति आवश्यक देखिन्छ । यस नगरपालिकामा प्राविधिक तथा व्यावसायीक तालिम परिषद मार्फत अनुमति लिई सञ्चालनमा रहेका सस्था अति न्युन रहेका छन् । सञ्चालनमा रहेका सस्था पनि प्रभावकारी ढगले सञ्चालन भएको पाइदैन् । यस नगरपालिकाको जनसङ्ख्यालाई विश्लेषण गर्दा र यस नगरपालिकाको रोजगारीको अवस्थालाई हेर्दा प्राविधिक तथा व्यावसायीक सीप तथा तालीमका कार्यक्रमहरु बढी भन्दा बढी सञ्चालन गरी पछाडी परेका समुदाय आर्थिक रुपमा विपन्न र लक्षित वर्गलाई सहयोग पुग्ने गरी त्यस्ता व्यक्तिलाई उद्यमशीलता बनाउनु आजको आवश्यकता देखिन्छ ।

यस नगरपालिका मा प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद बाट संचालित प्राबिधिक शिक्षालय नभएता पनि शिक्षा मन्त्रालय को शिक्षा बिभाग द्वारा अनुमति पर्दा न गरि २ बिद्यालय मा कक्षा ९-१२ सम्म प्राबिधिक (ई- ईन्जीनियरिंग र बाली बिज्ञान ) बिषय को अध्यापन भैरहेको छ | साथै व्यवसायिक तालिम लिन अचाहने हरु का लागि पालिका स्तर मै पालिका तथा विभिन्न संघ सस्ण्ठ हरु को सहकार्य मा व्यवसायिक तालिम हरु संचालन भएका छन् |

**तालिका नं. २०**

**प्राबिधिक बिद्यालय को बिवरण**

**बुद्ध पद्मम माध्यामिक बिद्यालय :**

| कक्षा | बि स २०८० | | | बि स २०८१ | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ९ | ४ | ३६ | ४० | ३ | ४२ | ४५ |
| १० | ० | ३१ | ३१ | ३ | ३० | ३३ |
| ११ | ४ | ११ | २३ | ० | ११ | १९ |
| १२ | १ | ११ | १२ | २ | १३ | १५ |
| जम्मा | ९ | ८६ | ९५ | ८ | १०४ | ११२ |

***स्रोत: EMIS dashboard 2081***

**तालिका नं. २१**

**कनकमुनी माध्यामिक बिद्यालय :**

| कक्षा | बि स २०८० | | | बि स २०८१ | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ९ | ९ | ३२ | ४१ | २० | २६ | ४६ |
| १० | ७ | २२ | २९ | ११ | ३० | ४९ |
| ११ | ४ | १४ | १८ | २ | १५ | १७ |
| १२ | ९ | १५ | २४ | ४ | १३ | १७ |
| | २९ | ८३ | ११२ | ४५ | ८४ | १२९ |

***स्रोत: EMIS dashboard 2081***

दूई वोटा  प्राबिधिक शिक्षालय मा शैक्षिक शत्र २०८० र ८१ को कक्षा ९-१२ मा  बिद्यार्थी को भर्ना तथ्यांक विश्लेषण गर्दा बि स २०८० मा जम्मा ३८ जना (१८%) छात्रा र १६९ जना (८१%) छात्र भर्ना भएका छन् भने २०८१ मा ५३ जना (२१%) छात्रा र (१८८ जना७८ %) छात्र भर्ना भएका छन् | यसरि हेर्दा  बिगत भन्दा यो शैक्षिक सत्र मा  प्राबिधिक शिक्षा तर्फ भर्ना दर १६.४६ प्रतिशत ले वृद्धि भएको छ |

**३.४.३ उद्देश्य**

१. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा समतामूलक पहुँच अभिवृद्धि गर्नु ।

२. प्राविधिक तथा व्यावसायिक शिक्षामा गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्नु ।

३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाको संस्थागत क्षमता अभिवृद्धि गर्नु ।

४. सबै नागरिकका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका साथै  रोजगार को अवसर सुनिश्चित गर्ने

**३.४.४ रणनीति**

१. प्राविधिक तथा व्यवसायिक शिक्षाको लागि सरोकारवालाहरूको सहभागिता र स्थानीय सरकारको अपनत्व र लगानीमा बृद्धि गर्ने,

२. बहुप्राविधिक शिक्षालय/तालिम केन्द्रहरुको स्थापना, सञ्चालन तथा नियमन गर्ने,

३. कृषि क्षेत्र उद्योग, बजारको आवश्यकताको आधारमा योग्यता र क्षमता अनुसार सान्दर्भिक, उपयोगी, गुणस्तर, प्राविधिक जनशक्ति विकास गर्न इच्छुक सबैलाई अवसर प्रदान गर्ने,

४. शिक्षामा पिछडिएका वर्ग क्षेत्र र समुदायलाई समेट्ने विशेष सुहलियत दिन नीति अवलम्बन गर्ने,

५. प्रयोगात्मकतर्फ  विशेष प्राथमिकता दिन प्रयोगात्मक फिल्डका लागि जग्गा खरिद एवम् व्यवस्थापन गर्ने,

६. घर अपायक पर्ने क्षेत्रको विद्यार्थीहरूलाई प्राविधिक शिक्षामा पहुँच विस्तार गर्न आवासीय सुविधा दिने कार्यका लागि छात्रावास व्यवस्थापन गर्ने,

७. प्राविधिक विद्यालय, स्थानीय सरकार र समुदायबीच खेती प्रणालीको सम्भाव्यता र अनुसन्धान कार्यका लागि समन्वयात्मक कार्यक्रम तय गरी अगाडि बढाउने,

८. प्राविधिक विद्यालयमा अध्ययन गर्न इच्छुक लक्षित वर्गका बालबालिकाहरूलाई वडा कार्यालय मार्फत स्तर पहिचान गरी आर्थिक सुविधा सहित अध्ययनका लागि सिफारिस गर्ने,

९. प्राविधिक धारमा अध्ययनरत विद्यार्थीहरूका लागि (On the job Training) र शैक्षिक सहुलियतका लागि छात्रवृत्ति लगायत अनुदान उपलब्ध गराउने,

१०. प्राविधिक शिक्षाका विकासका लागि उक्त धारमा कार्यरत शिक्षकहरूका क्षमता अभिबृद्धि र प्रविधि सम्बन्धी तालिम सञ्चालन गर्नका साथ आइसिटी कम्प्युटर ल्याबको स्थापना गर्ने,

११. नगरपालिकाको सहयोगमा प्राविधिक तथा व्यवसायिक धारका विद्यालयमा व्यवसायिक तथा सीपमुलक विषयगत

प्रयोगशाला स्थापना गरी अनुसन्धान कार्य अगाडि बढाउने,

१२ भौगोलिक अवस्थालाई मध्यनजर गरी विद्यालयहरूमा प्राविधिक शिक्षालय विस्तार गरी पहुँच सुनिश्चित गर्ने।

### ३.४.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. प्राविधिक शिक्षाको पहुँच तथा जनशक्ति उत्पादनमा वृद्धि भएको हुने।

२ विद्यालयहरूमा प्राविधिक शिक्षालय विस्तार गरी पहुँच सुनिश्चित भएको हुने।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राबिधिक शिक्षा का लागि नक्शांकन साथै व्यवस्थित हुने बिद्यालय संख्या | ० | ० | १ | ० | ० | ० |
| २ | पाबिधिक शिक्षा तथा व्यवसायिक तालिम प्रदान गर्ने बिद्यालय संख्या | १ | १ | ० | १ | ० | ० |
| ३ | माद्यामिक तह मा प्राबिधिक तथा व्यवसायिक तह मा भर्ना हुने बिधाथ्री संख्या | २२१ | २२१ | २८० | ३४० | ४०० | ४६० |
| ४ | गरिब तथा बिपन्न सिमान्तकृत बिध्यार्थिउ हरु का लागि छात्रवृत्ति | १५ | १५ | २० | २५ | ३० | ३५ |

### ३.४.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | बहुप्राविधिक शिक्षालयको स्थापना | बिद्यालय | ० | ० | ० | ० | १ | १ | १ |
| २ | रोजगार परामर्श सेवा | पटक | १ | १ | १ | १ | १ | ४ | १० |
| ३ | स्वरोजगार प्रवर्द्धन | पटक | ० | १ | १ | १ | १ | ४ | १० |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| | कार्यक्रम | | | | | | | | |
| ४ | प्राविधिक तथा व्यावसायिक विद्यालय व्यवस्थापन | बिद्यालय | ० | १ | ० | ० | १ | २ | ४ |
| ५ | प्रयोगशाला व्यवस्थापन र स्तरोन्नति | बिद्यालय | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | युवाहरुलाई खोज तथा नवप्रवर्तनका लागि प्रोत्साहनमूलक कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ४ | १० |
| ७ | प्राविधिक शिक्षा अध्ययन गरेका युवाहरुलाई इन्टर्नसिप तथा उद्यमशिलता विकासका लागि कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | ४ | १० |
| ८ | लागत साझेदारी मा युवा हरु लाई रोजगारी को अवसर | पटक | ० | १ | १ | १ | १ | ४ | १० |

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | |
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | |
| बहुप्राविधिक शिक्षालयको स्थापना | 0 | 0 | 0 | 0 | 500 | 500 |
| रोजगार परामर्श सेवा | 150 | 150 | 150 | 150 | 150 | 750 |
| स्वरोजगार प्रवर्द्धन कार्यक्रम | 0 | 200 | 200 | 200 | 200 | 800 |
| प्राविधिक तथा व्यावसायिक विद्यालय | 0 | 300 | 0 | 0 | 300 | 600 |
| प्रयोगशाला व्यवस्थापन र स्तरोन्नति | 500 | 500 | 500 | 500 | 500 | 2500 |
| युवाहरुलाई खोज तथा नवप्रवर्तनका लागि प्रोत्साहनमूलक कार्यक्रम | 200 | 200 | 200 | 200 | 200 | 1000 |
| प्राविधिक शिक्षा अध्ययन गरेका युवाहरुलाई इन्टर्नसिप तथा उद्यमशिलता विकासका लागि कार्यक्रम | 0 | 200 | 200 | 200 | 200 | 800 |
| लागत साझेदारी मा युवा हरु लाई रोजगारी को अवसर | 0 | 300 | 300 | 300 | 300 | 1200 |
| **प्राविधिक तथा व्यवसायिक शिक्षा कार्यक्रमको जम्मा बजेट** | **850** | **1850** | **1550** | **1550** | **2350** | **8150** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| (हजार मा ) | | | | | | | |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.६.१ परिचय

औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानव जिवनका लागि आवश्यक ज्ञान, सीप र प्रकृयाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि विभिन्न लक्ष्य बनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरवृद्धी, शिक्षासँग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवम् आजीवन शिक्षाले काम गर्दछ । संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिले अवलम्वन गरेको सिद्धान्त, दिगो विकासका लक्ष्य ४ तथा आवधिक योजनाले अपेक्षा गरेको, प्रत्येक नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ । सबैका लागि गुणस्तरीय शिक्षा र जीवनपर्यान्त सिकाइ अवसर दिगो विकासको मुल मर्म रहेकोले विगतको साक्षरताका कार्यक्रमवाट साक्षर बनेका नवसाक्षरहरूका लागि मागमा आधारित निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइ अवसर उपलव्ध गराउनुपर्दछ। विशेष गरी शिक्षाको औपचारिक संरचना बाहिर ठूलो सङ्ख्यामा रहेका युवा, महिला र प्रौढहरूका लागिकार्यमूलक साक्षरता, आयआर्जन, समूह साझेदारी Digital Literacy लगायतका कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ । राष्ट्रिय शिक्षा निति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक बनाइ अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतीको विकास गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारणगरेको छ ।

स्थानीयसरकार सञ्चालनऐन, २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाइ प्रदान गरेको छ । सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ जस्ता नीतिगत व्यवस्था गरिएको छ ।

### ३.६.२ वर्तमान अवस्था

यस नगरपालिकामा ३ वटा सामुदायिक सिकाई केन्द्र, ३० वटा परम्परागत विद्यालय, २ वटा सामुदायिक पुस्ताकालय, माध्यमिक तह सम्म पठनपाठनको लागि १ वटा खुला माध्यमिक विद्यालय संन्चालित छन् । यस पालिकाको जम्मा जनसंख्या ८८७४ रहेको छ। नगरपालिकाको साक्षरता प्रतिशत ७३.१ रहेको छ । नगरपालिकाका १५-६० उमेर समूहका व्यक्तिहरुलाइ साक्षरता कार्यक्रम सन्चालन गरी साक्षर पालिका बि स २०८० असार १२ गते घोषणा गरीएको छ । नगरपालिकाले विभिन्न समूह तथा सघसस्था मार्फत लामा छोटा अवधिका आयआर्जन सम्वन्धी सीप सँग सम्बन्धित तालिम सन्चालन गरीएको छ । शिक्षाको अवसरबाट वञ्चित भएका, गरिविको चपेटामा परेका समुदायका विभिन्न व्यक्तिहरूको आवश्यकतामा आधारित सीपमुलक कार्यक्रम, चेतनामुलक कार्यक्रम र पुस्तकालय सञ्चालन गर्ने उद्देश्यले सामुदायिक सिकाइ केन्द्रको भूमिका रहनु पर्नेमा लक्ष्य अनुसार क्रियाकलाप गरेको पाइदैन । नगरपिलकालाई साक्षार घोषाणा गरिए पनि सन्तोषजनक उपलब्धि नदेखिनु समस्याको रुपमा रहेको छ । नगरपालिका भित्र अनौपचारीक माध्यमबाट सिकिएका ज्ञान तथा सीपहरुको परीक्षण र प्रमाणीकरण गर्नु चुनौतिका रुपमा रहेको छ । नेपाल सरकारले जारी गरेको अनिवार्य तथा निशुल्क शिक्षा एन २०७५ र नियमावली २०७७ लाई पूर्ण कार्यान्वयन गर्नु ठुलो समस्याको रुपमा देखिन्छ ।

**तालिका नं. २२**

**कपिलवस्तु नगरपालिका मा ५ वर्ष माथि का महिला र पुरुष को सक्षरता जनसंख्या बिवरण**

| उमेर | जम्मा | जनसख्या |
|---|---|---|

| | | पढ्न लेखन दुवै जानेको | | पढ्न मात्र जानेको | | लेख्न मात्र जानेको | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| ५ बर्ष | २१३० | ८८२ | ७७६ | ९ | ६ | २४९ | २०० |
| 06 Year | १९२४ | ८४६ | ७८७ | ५ | १० | १३८ | १३४ |
| 07 Year | १८७१ | ८३२ | ८३७ | ६ | ५ | ९३ | ९७ |
| 08 Year | २३४६ | ११२६ | १०३४ | ५ | ४ | ९९ | ७८ |
| 09 Year | १५०७ | ७१५ | ६७७ | १ | २ | ५३ | ५८ |
| 10 Year | २४३९ | ११९१ | १११७ | २ | ३ | ५० | ७६ |
| 11 Year | १३३४ | ६९१ | ६०१ | ० | ० | १८ | २४ |
| 12 Year | २२७७ | ११४२ | १०३९ | ० | ० | ५३ | ४३ |
| 13 Year | १६९९ | ७८८ | ८४९ | ० | ० | २६ | ३६ |
| 14 Year | १९२४ | ९४१ | ९०३ | ० | २ | ४४ | ३४ |
| 15 Year | १९१६ | ९३२ | ८८३ | ० | ० | ४३ | ५८ |
| 16 - 19 Years | ७५३७ | ३५७४ | ३४५६ | २ | ४ | २०५ | २९५ |
| 20 - 24 Years | ८५२१ | ३६१६ | ३८११ | ३ | १३ | ३२६ | ७४८ |
| 25 - 29 Years | ७६२२ | ३१५६ | ३०१० | ० | ७ | ३७४ | १०७३ |
| 30 - 34 Years | ६०२५ | २३०२ | १९१७ | ७ | ८ | ३९८ | १३९३ |
| 35 - 39 Years | ५९३० | २२४७ | १५२९ | ३ | ११ | ५५४ | १५८६ |
| 40 - 44 Years | ४५८७ | १७४२ | ८९४ | ३ | १३ | ५४४ | १३९० |
| 45 - 49 Years | ३७७९ | १३७२ | ६६६ | १ | ९ | ५१५ | १२१५ |
| 50 - 54 Years | ३४३९ | १०९९ | ४६६ | ३ | ७ | ५७२ | १२९२ |
| 55 - 59 Years | २८६४ | ८६० | ३३३ | १ | ३ | ६३५ | १०३२ |
| 60 - 64 | २४८१ | ६९१ | २३६ | ५ | ८ | ५४२ | ९९९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| Years | | | | | | | |
| 65 - 69 Years | २२५७ | ५५२ | १४९ | ६ | २ | ६४२ | ९०६ |
| 70 - 74 Years | १६९९ | ३५७ | १०४ | २ | ५ | ५२४ | ७०६ |
| 75+ Years | १२९९ | २२७ | ६७ | २ | २ | ४५१ | ५४९ |
| | ७९४०७ | ३१८८१ | २६१४१ | ६६ | १२४ | ७१४८ | १४०२२ |

स्रोत : राष्ट्रिय जनगणना २०७८

**३.६.३ उद्देश्य**

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाई सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छः

१. अनौपचारिक तथा आजीवन सिकाइको  विकास तथा विस्तार गरी साक्षरता, डिजिटल साक्षरता कार्यक्रम सन्चालन गर्नु,

२. अनौपचारिक, वैकल्पिक शिक्षा र निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्नु,

३. सिकाइ केन्द्र मार्फत आयआर्जनका कार्यक्रम सञ्चालन गर्दै विशेषतः समाजमा पछाडि परेका वर्गलाई मूलधारमा ल्याउनु।

४. अनौपचारीक माध्यमबाट सिकिएका ज्ञान तथा सीपहरुको परीक्षण र प्रमाणीकरण गर्नु।

**३.६.४ रणनीतिहरू**

१. नगरपालिका भित्र रहेका निरक्षर व्याक्तिको पहिचान गरी साक्षरता, डिजिटल साक्षरता कार्यक्रम सन्चालन गर्ने,
२. प्रत्येक वडामा सामुदायिक पुस्तकालयको स्थापना गरी सवै व्यक्तिको नीरन्तर सिकाइको लागि पहुँचको अभिवृद्धि गर्ने।
३. मौलिक एवंम परम्परागत ज्ञान तथा सीपको पहिचान, संरक्षण, प्रर्वद्धन एवंम हस्तान्तरण सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने।
४. विज्ञ समुहको निर्माण गरी अनौपचारिक तथा आजीवन सिकाई सम्बन्धी अवधारणा पत्र तयार गरिनेछ।
५. सामूदायिक सिकाइ केन्द्र मार्फत विभिन्न आयआर्जन तथा सिपमूलक कार्यक्रमहरु सञ्चालन गर्ने।
६. सामूदायिक सिकाइ केन्द्रहरूको विस्तार तथा पुनर्वितरण गर्ने।
७. सामूदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी संघ संस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गर्ने।
८. सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गर्ने।
९. सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गर्ने।
१०. सामूदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गर्ने।
११. अनौपचारीक माध्यमबाट सिकिएका ज्ञान तथा सीपहरुको परीक्षण र प्रमाणीकरण गरी राष्ट्रिय योग्यता प्रारुपले गरेको

व्यवस्थाबमोजिम प्रमाणपत्रको व्यवस्था मिलाउने।

### ३.६.५ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) अपेक्षित उपलब्धि**

१. सबै नागरिकहरूलाई साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइका लागि अवसर प्राप्त हुनेछन।

२.अनौपचारिक शिक्षा तथा आजीवन सिकाईबाट आर्जित ज्ञान तथा सिपको पहिचान एवम् प्रमाणीकरण गरी समककक्षाको प्रमाणपत्र प्राप्त गरेको हुनेछन्।

**ख)नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन | ० | ० | १ | १ | १ | १ |
| २ | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र वर्षभन्दा माथि) * | ० | ० | १५० | २०० | २५० | ३०० |
| ४ | आधारभूत सुविधासम्पन्न सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | ० | ० | १ | ० | ० | १ |
| ५ | सामुदायिक पुस्तकालयको सङ्ख्या | ० | ० | १ | ० | ० | १ |

**ग) प्रमुख क्रियाकलाप र परीमाणत्मक लक्ष्य**

| क्र.सं. | क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १. | स्थानीय तह र सो तहमा कार्यरत गैर-सरकारी र अन्य सङ्घ-सँस्थाहरू सँगको सहकार्यमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षा सन्चालन र व्यवस्थापनसम्बन्धी लागत सहभागिताको तौरतरिका तथा बिधिका लागि ढाँचा र स्वरूप विकास गर्ने | पटक | ० | १ | ० | १ | ० | २ | ४ |
| २. | स्थानीय तहका सबै सरोकारवालाहरू सँगको समन्वय र सहयोगमा लक्षित कार्यक्रमहरू मार्फत स्थानीय तहका | पटक | ० | १ | ० | ० | ० | १ | २ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | वार्डहरूलाई चरणबद्ध रूपमा पूर्ण साक्षरता बनाउन पूर्ण साक्षर पालिका कार्यक्रम सन्चालन बापतको बजेट अनुदान | | | | | | | | |
| ३. | अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका लागि रेडियो, टिभी जस्ता आम सन्चारका साधनहरूको उपयोग गर्न बजेट अनुदान (स्थानीय तहमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासमबन्धी बिषयबस्तुहरुको विकास, बितरण र प्रचारप्रसार गर्ने) | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४. | स्थानीय तहको प्रत्येक वार्डमा सन्चालित सामुदायिक अध्ययन केन्द्रमा रहेका पुस्तकालयहरू सँग सम्बन्ध स्थापना गराउने गरी समुदाय स्तरमा पुस्तकालय स्थापना र सन्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ८ |
| ५. | अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका अययन, अद्यापन र व्यवहारिक बिषयबस्तु विकास गर्दा वातावरणको परिवर्तन, संरक्षण, प्राथमिक स्वास्थ्य, परम्परागत ज्ञान र सीपहरूको अभिबृधि, स्थानीयस्तरका बिभिन्न सवालहरू र अन्य स्थानीय बिकासात्मक पक्षहरूलाई समेटेर पाठ्यक्रम तयार गर्ने | संख्या | १ | १ | १ | १ | १ | ५ | ४ |
| ६. | हाल सन्चालनमा रहेका समुदायिक केन्द्रहरूमा आवश्यकतामा आधारित नमुना कार्यक्रमहरु थपगरी सवलिकरण गर्ने साथै समुदायिक केन्द्रहरूको सन्चालन र व्यवस्थापन खर्च र अनौपचारिक शैक्षिक सुचना व्यवस्थापन प्रणालीको कार्यान्वयन गरी तथ्याँक बिबरण तयार गर्ने बापतको बजेट अनुदान | पटक | २ | २ | २ | २ | २ | १० | १५ |
| ७. | हाल सन्चालनमा रहेका सामुदायिक अध्ययन केन्द्रहरुमा कम्तिमा १२ कक्षा उत्तीर्ण पूर्णकालिक परिचालकको व्यवस्था गर्न सोको तलबभत्ता बापतको बजेट अनुदान | पटक | 2 | 2 | 2 | 2 | 2 | ५ | १० |
| ८ | शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा हाल सन्चालनमा रहेको Online Learning Portal मा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धी सम्बन्धी Online सामाग्रीहरुको विकास र कार्यान्वयन साथै नुमुना CLC हरुका लागि Online र Offlline नमूना सामाग्रीहरु विकास र प्रयोग गर्न बजेट अनुदान | जना | 2 | 2 | 2 | 2 | 2 | १० | २० |
| ९ | CLC परिचालकहरुको क्षमता अभिबृधि/तालिमका लागि बजेट अनुदान | पटक | 1 | 1 | 1 | 1 | 1 | ५ | १० |
| १० | अनौपचारिक र निरन्तर शिक्षा कार्यक्रमहरुको अनुगमन बापतको बजेट अनुदान | पटक | 2 | 2 | 2 | 2 | 2 | १० | १० |
| ११ | **पालिकाबाट थप गर्न चाहेका कार्यक्रमहरु:** | पटक | 1 | 1 | 1 | 1 | 1 | ५ | १० |
| १२ | घरधुरी सर्वेक्षण तथा निरक्षर व्यक्तिहरूको तथ्याङ्क अद्यावधिक | पटक | 0 | 1 | 1 | 1 | 1 | ४ | ८ |
| १३ | शैक्षिक पहुँच सुनिश्चित गर्न बैकल्पिक शिक्षा कार्यक्रम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १४ | आय आर्जन सीप विकास तालिम कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १५ | अनौपचारिक तथा वैकल्पिक शिक्षाका लागि आवश्यक सिकाइ सामग्री विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १६ | सीमान्तकृत समुदायका व्यक्तिलाई आय आर्जन सीप विकास कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १७ | सामुदायिक सिकाई केन्द्र मार्फत बिद्यालय बाहिर रहेका बालबालिका हरुको तथ्यांक संकलन गर्ने र EMIS मा अध्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

### ३.५.७ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | पाँच वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|
| | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | |
| स्थानीय तह र सो तहमा कार्यरत गैर-सरकारी र अन्य सङ्घ-सँस्थाहरू सँगको सहकार्यमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षा सन्चालन र व्यवस्थापनसम्बन्धी लागत सहभागिताको तौरतरिका तथा बिधिका लागि ढाँचा र स्वरूप विकास गर्ने | २०० | | | | | २०० |
| स्थानीय तहका सबै सरोकारवालाहरू सँगको समन्वय र सहयोगमा लक्षित कार्यक्रमहरू मार्फत स्थानीय तहका वार्डहरूलाई चरणबद्ध रूपमा पूर्ण साक्षरता बनाउन पूर्ण साक्षर पालिका कार्यक्रम सन्चालन बापतको बजेट अनुदान | २५० | - | २५० | - | २५० | ७५० |
| अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका लागि रेडियो, टिभी जस्ता आम सन्चारका साधनहरूको उपयोग गर्न बजेट अनुदान (स्थानीय तहमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासमबन्धी बिषयबस्तुहरुको विकास, बितरण र प्रचारप्रसार गर्ने) | २०० | २०० | २०० | २०० | २०० | १,००० |
| स्थानीय तहको प्रत्येक वार्डमा सन्चालित सामुदायिक अध्ययन केन्द्रमा रहेका पुस्तकालयहरू सँग सम्बन्ध स्थापना गराउने गरी समुदाय स्तरमा पुस्तकालय स्थापना र सन्चालन गर्ने | ३०० | ३०० | ३०० | ३०० | ३०० | १,५०० |
| अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका अययन, अद्यापन र व्यवहारिक बिषयबस्तु विकास गर्दा वातावरणको परिवर्तन, संरक्षण, प्राथमिक स्वास्थ्य, परम्परागत ज्ञान र सीपहरूको अभिबृधि, स्थानीयस्तरका बिभिन्न सवालहरू र अन्य स्थानीय बिकासात्मक पक्षहरूलाई समेटेर पाठ्यक्रम तयार गर्ने | ५०० | ५०० | ५०० | ५०० | ५०० | २,५०० |
| हाल सन्चालनमा रहेका समुदायिक केन्द्रहरूमा आवश्यकतामा आधारित नमुना कार्यक्रमहरु थपगरी सवलिकरण गर्ने साथै समुदायिक केन्द्रहरूको सन्चालन र व्यवस्थापन खर्च र अनौपचारिक शैक्षिक सुचना व्यवस्थापन प्रणालीको कार्यान्वयन गरी तथ्याँक बिबरण तयार गर्ने बापतको बजेट अनुदान | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३,००० |
| हाल सन्चालनमा रहेका सामुदायिक अध्ययन केन्द्रहरुमा कम्तिमा १२ कक्षा उत्तीर्ण पूर्णकालिक परिचालकको व्यवस्था गर्न सोको तलबभत्ता बापतको बजेट अनुदान | ५७२ | ५७२ | ५७२ | ५७२ | ५७२ | २,८५८ |
| शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा हाल सन्चालनमा रहेको Online Learning Portal मा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धी सम्बन्धी Online सामाग्रीहरुको विकास र कार्यान्वयन साथै नुमुना CLC हरुका लागि Online र Offlline नमूना सामाग्रीहरु विकास र प्रयोग गर्न बजेट अनुदान | २०० | २०० | २०० | २०० | २०० | १,००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| CLC परिचालकहरुको क्षमता अभिबृधि/तालिमका लागि बजेट अनुदान | १५० | १५० | १५० | १५० | १५० | ७५० |
| अनौपचारिक र निरन्तर शिक्षा कार्यक्रमहरुको अनुगमन बापतको बजेट अनुदान | १५० | १५० | १५० | १५० | १५० | ७५० |
| **पालिकाबाट थप गर्न चाहेका कार्यक्रमहरु:** | | | | | | |
| घरधुरी सर्वेक्षण तथा निरक्षर व्यक्तिहरूको तथ्याङ्क अद्यावधिक | ० | ५० | ० | ५० | ० | १०० |
| शैक्षिक पहुँच सुनिश्चित गर्न बैकल्पिक शिक्षा कार्यक्रम संचालन | ३०० | ३०० | ३०० | ३०० | ३०० | १,५०० |
| आय आर्जन सीप विकास तालिम कार्यक्रम सञ्चालन | १०० | १५० | १५० | १५० | १५० | ७०० |
| अनौपचारिक तथा वैकल्पिक शिक्षाका लागि आवश्यक सिकाइ सामग्री विकास | ५० | ५० | ५० | ५० | ५० | २५० |
| सीमान्तकृत समुदायका व्यक्तिलाई आय आर्जन सीप विकास कार्यक्रम सञ्चालन | २०० | २५० | ३०० | ४०० | ४०० | १,५५० |
| सामुदायिक सिकाई केन्द्र मार्फत बिद्यालय बाहिर रहेका बालबालिका हरुको तथ्यांक संकलन गर्ने र EMIS मा अध्यावधिक गर्ने | ० | ५० | ५० | ५० | ५० | २०० |
| **अनौपचारिक र निरन्तर शिक्षा कार्यक्रमको जम्मा बजेट(हजारमा)** | **३७७२** | **३५२२** | **३७७२** | **३६७२** | **३८७२** | **१८६०८** |

## परिच्छेद ४

## अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु

योजनामा शिक्षा क्षेत्र अन्तर्गतका मुख्य उपक्षेत्रहरु अन्तर्गत प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसँग सम्बन्धित वर्तमान अवस्थाको विश्लेषणका आधारमा चुनौती र अवसरहरुको पहिचान गरी यस योजनाका लागि उद्देश्य, रणनीतिहरु तथा प्रमुख नतिजा, क्रियाकलाप तथा लक्ष्यहरुसहितको योजनाको खाका प्रस्तुत गरिएको छ।

प्रस्तुत परिच्छेदमा शिक्षा क्षेत्र अन्तर्गतका उल्लिखित विभिन्न उपक्षेत्रहरुसँग सम्बन्धित विभिन्न अन्तरसम्बन्धित विषयहरु जस्तैः शिक्षक व्यवस्थापन तथा विकास, पाठ्यक्रम पाठ्यसामग्री तथा मूल्याङ्कन, शैक्षिक सुशासन, सबलीकरण र गुणस्तर व्यवस्थापन शिक्षामा सूचना र प्रविधि, शिक्षामा समतामूलक समावेशीकरण र मनोसामाजिक परामर्श, सुरक्षित विद्यालय व्यवस्थापन, भौतिक पूर्वाधार विकास समावेश गरी विश्लेषण गरिएको छ।यी अन्तरसम्बन्धित विषयहरुलाई योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न उपक्षेत्रसँग सम्बन्धित गराउन सहयोग पुर्‍याउने उद्देश्यले यस परिच्छेदमा प्रस्तुत गरिएको छ। यी विषयलाई यस खण्डमा अलगै प्रस्तुत गर्दा कतिपय रणनीति तथा क्रियाकलापहरु जाने भए पनि अघिल्लो परिच्छेदका रणनीति तथा क्रियाकलापहरुले सम्बन्धित खण्ड वा उपक्षेत्रमा प्रयोग गर्ने कुरामा  विशेष ध्यान दिन्छ भने यस परिच्छेदले ती विषयलाई व्यवस्थित गर्न र विभिन्न उपक्षेत्रमा उपलब्धि प्राप्तिलाई सहयोग पुर्‍याउने काम गर्दछ।

### ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

#### ४.१.१ परिचय

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठयक्रम हो । पाठ्यक्रम कुनै कक्षा वा तहमा के के सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित हुदैन ।  देशकाल र परिस्थिति अनुसार विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने  हो भन्नेसँग पनि सम्बन्धित छ । के पढाउने,के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउन र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मुल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार  समेत हो । मानवीय चेतना र वौद्धिक विकासको निमित्त लिइएका उद्देश्यहरू पूरा गराउनु हो   । बालबालिकाको सर्वांगीण विकास गर्नु, सभ्यता वा संस्कृतिको हस्तान्तरण एवम विकास गर्नु, शैक्षिक प्रक्रियाको स्वरुप निर्धारण गर्नु जस्ता कुराहरू पाठ्यक्रमको उद्देश्यभित्र पर्दछन् । मानवीय आवश्यकता,बालबालिकाका रुची, सामाजिक मूल्य मान्यता, समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान सिप तथा प्रविधि अनुकुल पाठ्यक्रमलाई एउटा गतिशील र लचिलो प्रक्रियाका रुपमा लिनु आवश्यक छ । पाठ्यक्रमलाई कार्यान्वियन गर्नका लागि पहिलो शैक्षिक सामाग्रीको रुपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ । सूचना तथा सञ्चार प्रविधिको उचित विकास नभइसकेको हाम्रो परिवेशमा विद्यार्थीको एकमात्र विकल्पको रुपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ । जसले पामाठ्यक्रम कार्यान्वयनलाई सहयोग गर्दछ । हाल नेपालमा सामुदायिक विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई नि:शुल्क पाठ्यपुस्तक वितरण गर्ने गरिएको छ ।

### ४.१.२ वर्तमान अवस्था

राष्टिय शिक्षा पद्धतिको योजना, २०२८ मा सर्वप्रथम विद्यालय तहमा पाठ्यक्रमलाई दस्तावेजिकरण गरिएको थियो । पाठ्क्रम विकासका लागि संस्थागत रुपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्क्रम विकास केन्द्र स्थापना भयो  । पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरता सगैं विद्यालय तहको पाठ्यक्रम विकास, सुधारतथा अद्यावधिक गर्ने क्रममै वि. सं. २०७६ मा नयाँ पाठ्यक्रम प्रारुप तयार भइ कार्यान्वयन गर्ने क्रममा  २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वन सुरु भएको छ । त्यसैगरी वि. सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरूमा यो पाठ्यक्रम कार्यान्वियन हुने योजना छ ।  कपिलवस्तु नगरपालिकामा वि सं २०७७  देखि कक्षा १ देखि ८  सम्मको लागि स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यान्वयनमा ल्याइएको छ भने पाठ्यपुस्तक शैक्षिक सत्र २०८०बाट लागु भएको अवस्था छ  । पाठ्क्रम तथा पाठ्पुस्तकको प्रभावकारी कार्यान्वयनको लागि हाल सम्म कक्षा १ देखि १० सम्म सबै विषय र कक्षा ११ र १२ का लागि अनिवार्य विषयका पाठ्यपुस्तक प्रदान गर्ने नेपाल सरकारले नि:शुल्क व्यवस्था मिलाएको छ ।विभिन्न विषयका शिक्षक निर्देशिका तयार गरेको छ । पाठ्क्रमलाई सान्दर्भिक र प्रभावकारी बनाउन कक्षा १- ३ मा अन्तर सम्वन्धित विषयवस्तुलाई एकीकृत गरिएको छ । प्रत्येक विषयमा विषयवस्तुको स्वरुप अनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशत सम्म भारको प्रयोगात्मक कार्य , परियोजना कार्य वा सामुदायिक कार्य लगायतका व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ । परिवर्तित पाठ्यक्रम अनुसार शिक्षकलाई निश्चित अवधिमा शिक्षकको पेसागत विकास तालिम लिनुपर्ने व्यवस्था गरिएको छ । परीक्षण र मूल्याङ्कन प्रणालीमा सुधार गरी आधारभूत तह सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति अपनाइएको छ । सबै कक्षामा अक्षराङ्कन पद्धतिअनुसार नतिजा निकाल्ने परिपाटी अपनाइएको छ ।

### चुनौतिहरू तथा अवसरहरू

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि विषयगत शिक्षकको व्यवस्था गर्नु  चुनौतिका रूपमा रहेको छ । त्यसैगरी स्थानीय पाठ्क्रम र पाठ्यसामाग्री विकासका लागि क्षमता विकास गर्नु , सबै शिक्षकलाई नयाँ पाठ्क्रमको अभिमुखीकरण गर्नु ,पाठ्क्रमलाई समय अनुसार अद्यावधिक गर्नु पनि चुनौतिका रूपमा रहेका छन् । अपाङ्गता, अनाथ असहाय भएका बालबालिकाको लागि अनुकूलको पाठ्रयसामाग्रीको व्यवस्था गर्ने आदि पाठ्क्रम तथा पाठ्यपुस्तक कार्यान्वयनका चुनौतिहरू पनि हाम्रा सामु छन् । माध्यमिक तहसम्म नि:शुल्क पाठ्यपुस्तकको व्यवस्था, शिक्षक निर्देशिकाको व्यवस्था , परीक्षा र मूल्याङ्कन प्रणालीमा सुधार, स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वियन मार्गदर्शन, २०७६ को निर्माण  र कक्षा ३ सम्म एकीकृत पाठ्यक्रमको व्यवस्था, पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयनका अवसरहरू रहेका छन् ।

### ४.१.३ लक्ष्य

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान, सिप र अभिवृत्तिको विकास भई सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार हुने ।

### ४.१.४ उद्देश्य

१. पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
२. पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण दिनु,
३. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनु,
४. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिपर व्यवहार विकासमा सहजीकरण गर्नु,
५. सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु,
६. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु।

### ४.१.३ रणनीतिहरू

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गरिने
२. विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धीत शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधीकरण गरिने
३. पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गरिने
४. विपद् , महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिने
५. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गरिने
६. शिक्षकको पेसागत सक्षमता विकास गरिने
७. सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिने
८. माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा,  बहु भाषा प्रयोग गरिने
९. विद्यालयमा आधारित सहयोग पद्धति विकास गरिने
१०. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाईने
११. शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइने
१२. स्थानीय तथा मातृ भाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गरिने
१३. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गरिने

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मकसोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार हुने।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय पाठ्यक्रम कार्यन्वयन गरेका विद्यालय सङ्ख्या | ५२ | ५२ | ५२ | ५२ | ५२ | ५२ |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | ५२ | ५२ | ५२ | ५२ | ५२ | ५२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | ५२ | ५२ | ५२ | ५२ | ५२ | ५२ |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | ५२ | ५२ | ५२ | ५२ | ५२ | ५२ |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलतासम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ५२ | ५२ | ५२ | ५२ | ५२ | ५२ |

### ४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| १ | **राष्ट्रिय पाठ्यक्रम प्रारूप २०२७६ को कार्यन्वयन** (तहगत पाठ्यक्रमहरूको विकास, परीक्षण र कार्यन्वयन, नमुना पाठ्यपुस्तकहरूको विकास, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीहरुको विकास गर्ने) | बिद्यालय | ३ | ३ | ३ | २ | १ | १५ | ३० |
| २ | **पाठ्यक्रमको मूल्यांकन** (मुल्यांकन, सुधार र बिद्यालयमा आधारित पाठ्यक्रम विकास र नमूना परीक्षण) | पटक | | | | | १ | १ | १ |
| ३ | **Digital सामाग्रीहरुको कार्यन्वयन** (विधुतीय अन्तरक्रियात्मक सामाग्रीहरुको विकास र तिनलाई Online/Offline माध्यमबाट बिद्यार्थी (अपाङ्गता भएका बिद्यार्थी समेत्) र शिक्षकको पँहुचसम्म पुर्याउने सुनिश्चित गर्ने, पाठ्यक्रम विकास केन्द्रबाट विकास गरिएका सबै सामाग्रीहरुलाई विधुतीय प्रती बनाई तिनलाई e-library को विकास गरी सबैको पँहुच सुनिश्चित गर्ने | पटक | ० | १ | १ | १ | १ | ५ | १० |
| ४ | सँस्थागत संरचनाको विकास र क्षमता अभिबृद्धि गर्ने (बिज्ञहरुको परिचालन गरी स्थानीय तहहरूमा स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयनका लागि प्राबिधिक सहयोग प्रदान गर्ने बिधि र पद्धति स्थापित गर्ने) | पटक | ० | ८ | ८ | ८ | ८ | ४ | ८ |
| ५ | **आधारभूत तहको पाठ्यक्रका लागि सबै शिक्षकहरूलाई ३ दिने अभिमुखीकरण तालिम प्रदान गर्ने** | संख्या | १ | १ | १ | १ | १ | ४८ | |
| ६ | **प्राबिधिक धारका बिषयहरुको पाठ्यक्रम र सिकाई सामग्रीहरुको** | पटक | १ | ६ | ४ | ४ | | ३ | ६ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | **विकास र कार्यान्वयन गर्ने** (जसमा:- प्राबिधिक धारका बिषयगत समस्या तथा सवालहरू पत्ता लागउने, तिनलाई पाठ्यक्रममा समायोजन गर्ने र सोका आधारमा पाठ्यपुस्तक, सिकाई सामग्रीहरूको विकास, मुल्यांकन पद्धतिको विकास र तिनको प्रबोधिकरण, बितरण, प्रयोग बिषयहरु समाबेश गर्ने) | | | | | | | | |
| ७ | **बहूपाठ्यपुस्तकहरूको कार्यान्यन गर्ने** (जसमा:- बहू पाठ्यपुस्तक नीतिको कार्यान्यन गर्ने, गुणस्तर सुनिश्चित गर्ने, पाठ्यपुस्तकहरुको मुल्यांकन र छनौट, बहूबर्षिय पाठ्यपुस्तकहरूको परिक्षण गर्ने र अपाङ्गता भएका बिद्यार्थीहरूका लागि उपयुक्त पाठ्यपुस्तकहरूको विकास गर्ने) | पटक | १ | १ | १ | १ | १ | ४ | ८ |
| ८ | बिद्यालय शिक्षा पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य बिषय क्षेत्रका निर्देशिका, बिधि र प्रक्रियाहरूको विकास र परिमार्जन गर्ने र तिनलाई एकीकृत गर्ने) | पटक | | १ | | | १ | २ | ४ |
| ९ | विद्यार्थीको आवधिक मुल्यांकन | बिद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |
| १० | स्टिम अवधारणा अनुसार शिक्षण प्रकृया हुने विद्यालय | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ११ | सिकाई पोर्टल को प्रयोग सम्बन्धि शिक्षक क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ८ |
| १३ | पाठ्यक्रम प्रबोधिकरण गर्ने | पटक | ० | १ | १ | १ | १ | ४ | ८ |

### ४.१.८ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | |
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | |
| **राष्ट्रिय पाठ्यक्रम प्रारूप २०२७६ को कार्यन्वयन** (तहगत पाठ्यक्रमहरूको विकास, परीक्षण र कार्यन्वयन, नमुना पाठ्यपुस्तकहरूको विकास, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीहरुको विकास गर्ने) | ४५० | ४५० | ४५० | ३०० | १५० | १,८०० |
| **पाठ्यक्रमको मूल्यांकन** (मुल्यांकन, सुधार र बिद्यालयमा आधारित पाठ्यक्रम विकास र नमूना परीक्षण) | ० | ० | ० | ० | १५० | १५० |
| **Digital सामाग्रीहरुको कार्यन्वयन** (विधुतीय अन्तरक्रियात्मक सामाग्रीहरुको विकास र तिनलाई Online/Offline माध्यमबाट बिद्यार्थी (अपाङ्गता भएका बिद्यार्थी समेत) र शिक्षकको पँहुचसम्म पुर्याउने सुनिश्चित गर्ने, पाठ्यक्रम विकास केन्द्रबाट विकास गरिएका सबै सामाग्रीहरुलाई विधुतीय प्रती बनाई तिनलाई e-library को विकास गरी सबैको पँहुच सुनिश्चित गर्ने | - | १५० | १५० | १५० | १५० | ६०० |
| सँस्थागत संरचनाको विकास र क्षमता अभिबृद्धि गर्ने (बिज्ञहरुको परिचालन गरी स्थानीय तहहरूमा स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयनका लागि प्राबिधिक सहयोग प्रदान गर्ने बिधि र पद्धति स्थापित गर्ने) | ० | २४० | २४० | २४० | २४० | ९६० |
| **आधारभूत तहको पाठ्यक्रका लागि सबै शिक्षकहरूलाई ३ दिने अभिमुखीकरण तालिम प्रदान गर्ने** | ० | ३०० | ३०० | ३०० | ३०० | १,२०० |
| **प्राबिधिक धारका बिषयहरुको पाठ्यक्रम र सिकाई** | २०० | १२०० | ६००० | ८०० | ८०० | ९,००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **सामग्रीहरुको विकास र कार्यान्वयन गर्ने** (जसमा:- प्राबिधिक धारका बिषयगत समस्या तथा सवालहरू पत्ता लागउने, तिनलाई पाठ्यक्रममा समायोजन गर्ने र सोका आधारमा पाठ्यपुस्तक, सिकाई सामग्रीहरूको विकास, मुल्यांकन पद्धतिको विकास र तिनको प्रबोधिकरण, बितरण, प्रयोग बिषयहरु समाबेश गर्ने) | | | | | | |
| **बहूपाठ्यपुस्तकहरूको कार्यान्यन गर्ने** (जसमा:- बहू पाठ्यपुस्तक नीतिको कार्यान्यन गर्ने, गुणस्तर सुनिश्चित गर्ने, पाठ्यपुस्तकहरुको मुल्यांकन र छनौट, बहूबर्षिय पाठ्यपुस्तकहरूको परिक्षण गर्ने र अपाङ्गता भएका बिद्यार्थीहरूका लागि उपयुक्त पाठ्यपुस्तकहरूको विकास गर्ने) | २०० | २०० | २०० | २०० | २०० | १,००० |
| बिद्यालय शिक्षा पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य बिषय क्षेत्रका निर्देशिका, बिधि र प्रक्रियाहरूको विकास र परिमार्जन गर्ने र तिनलाई एकीकृत गर्ने) | | ५०० | ० | ० | ५०० | १,००० |
| **तपाइको पालिकाबाट थप गर्न चाहेका कार्यक्रमहरु:** | | | | | | |
| स्टिम अवधारणा अनुसार शिक्षण प्रकृया हुने विद्यालय | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| सिकाई पोर्टल को प्रयोग सम्बन्धि शिक्षक क्षमता विकास | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| पाठ्यक्रम प्रबोधिकरण गर्ने | ० | १५० | १५० | १५० | १५० | 600 |
| **पाठ्यक्रम र मुल्यांकन कार्यक्रमको जम्मा बजेट (हजारमा)** | १२००.० | ३३९०.० | ७६९०.० | २३४०.० | २८४०.० | १७,४६० |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य व्यावसायिक रूपमा दक्ष पेशाप्रति उत्प्रेरित समर्पित प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । किनभने शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य दक्ष समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ ।

नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना , परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन् । यसको फलस्वरूप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने , प्रविधिको प्रयोग गरी शिक्षण गर्ने , बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन् । विद्यालय क्षेत्र विकास योजना अवधिमा कक्षाकोठाको शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका छन् । यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम , छोटो अवधिको मागमा आधारित तालिमहरू सञ्चालन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न गरियो ।

पेसागत रूपमा सक्षम ,दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको शिक्षणसिकाइमा सुधार आउन सक्छ । यसका लागि शिक्षकलाई पेसागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ । शिक्षकको पेसागत विकासका लागि विभिन्न तौरतरिकाहरू छन् । शिक्षक तालिम ,कार्यशाला ,सेमिनार  कन्फरेन्स , क्रियात्मक अनुसन्धान , शिक्षकहरूको सिकाइ सञ्जाल , अवलोकन भ्रमण मेन्टरिङ आदि अवसरबाट शिक्षकको पेसागत विकास सम्भव छ ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेसालाई रोजाइको पेसाको रूपमा विकास गर्न  शिक्षकहरूलाई सूचना प्रविधि , प्रधानाध्यापक तथा लेखापालहरूलाई विद्यालयमा गरिने लेखा व्यवस्थापन , सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन , शिक्षकहरूलाई पेसागत विकासका विभिन्न मोडालिटिका तालिम  लगायतका कार्यक्रमहरूको आवश्यकता आकलन गरिएको छ । कक्षाकोठाको शिक्षणसिकाइ लाई गुणस्तरीय बनाउने शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने कायलाई प्राथमिकता दिइएको छ । यसमा शिक्षक व्यवस्थापनको वर्तमान अवस्थाको विश्लेषणबाट चुनौतीहरूको पहिचान गरि शिक्षक व्यवस्थापन र विकासलाई प्रभावकारी बनाउने सम्बन्धमा यस कार्यक्रमका उद्देश्य  पुरा गर्नका लागि अपनाईने रणनीतिहरू कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

### ४.२.२ वर्तमान अवस्था

शिक्षण सिकाइ क्रियाकलापमा शिक्षक एक जीवन्त स्रोत हो।यही जीवन्त स्रोतको क्रियाशिलतामा शिक्षण सिकाइमा अरु स्रोतहरुले गति लिने गर्दछन्। शिक्षकमा भएको पेशाप्रतिको समर्पण र उत्साह, विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्त्व प्रदर्शनले विद्यार्थीहरुको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरुको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ।

वर्तमान अवस्थामा शिक्षक तयारी गर्ने काम विश्वविद्यालयहरु तथा विद्यालयहरुले गरिरहेका छन्। शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन गर्ने, रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवासम्बन्धि कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ। आयोगबाट सिफारिस भई आएका शिक्षकहरुको पदस्थापन गर्ने कार्य स्थानीय तहले गर्दै आएको छ।यसै गरी अस्थायी वा विद्यालयको निजी स्रोतमा शिक्षक नियुक्ति, शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य पनि स्थानीय तहबाटै हुँदै आएको छ। शिक्षकको पेशागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले, प्रमाणीकरण तथा कस्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले र शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने कार्य प्रदेश शिक्षा तालिम केन्द्रहरुले गर्दै आएका छन्।

शिक्षण पेसालाई रोजाइको पेसाका रुपमा विकास गर्नु एवम् शिक्षण पेसालाई रोजाइको पेसा बनाएकालाई शिक्षण पेसामा प्रवेश गराउनु, कक्षाकोठाको आवश्यकता र पाठ्यक्रमको मर्म एवम् बालबालिकाहरुको रुचिअनुसार शिक्षकको आपूर्तीका निम्ति शिक्षकसेवा परीक्षा र पाठ्यक्रमलाई समसामयिक बनाउनु, विद्यालय तहको पाठ्यक्रम र शिक्षकको आवश्यकतालाई सम्बोधन हुने गरी विश्वविद्यारलयका शिक्षक तयारी कोर्स वा शिक्षक शिक्षा कार्यक्रमहरुलाई समायोजन गर्नु, सक्षम शिक्षक आपूर्तिका लागि शिक्षा संकायमा विद्यार्थी भर्ना र शिक्षण सिकाइ तथा मूल्यांकन प्रक्रिया सुधार गरी व्यवस्थित बनाउनु, कक्षाकोठालाई पेसागत विकास र सिकाइको थलोको रुपमा विकास गर्नु, पुरस्कार र दण्डको प्रावधानलाई वस्तुगत र न्यायोचित किसिमले कार्यान्वयन गर्नु, विद्यालयमा तहगत रुपमा न्यूनतम विषयगत दरबन्दीको व्यवस्थापन गर्नु, नपुग शिक्षकको आपूर्ति गाउँपालिकाले आफ्नै स्रोतबाट व्यवस्थापन गर्नु, शिक्षकको सरुवा र वृत्ति विकासलाई पारदर्शी, निष्पक्ष,न्यायोचित र विद्यार्थीको सिकाइ उपलब्धिमा आधारित बनाउनु, शिक्षक व्यवस्थापन तथा विकासका क्षेत्रमा देखिएका चुनौतीहरु हुन्।

पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि सुनिश्चित गर्न र शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि तथा शिक्षण सिकाइ क्रियाकलापमा विविधता ल्याउनु, शिक्षक पेसागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु, शिक्षकलाई राजनीतिक थरीथरीका संस्थातिर नभइ पेसागत उन्नयनमा सहयोग पुर्याउने सबैको साझा पेसागत संस्थाप्रति प्रतिबद्ध बनाउनु, शिक्षकको पेसागत विकासको अवसर विस्तार र प्रभावकारितामा सुधार गर्ने गरी संस्थागत प्रबन्ध गर्नु, विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गर्ने कार्यलाई प्रभावकारीरुपमा कार्यान्वयन तथा उपलब्ध शिक्षकहरुको औचित्यपूर्ण वितरण गर्नुका साथै आवश्यक विषयगत विशिष्टतासहित आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु शिक्षक व्यवस्थापन, तथा विकासका क्षेत्रमा देखिने सवालहरु हुन्।

शिक्षक सेवा आयोगले निरन्तर रुपमा स्थायी शिक्षकहरुको पदपूर्ति गर्नु, बढुवा का लागि नियमित कार्यहरु प्रभावकारीरुपमा अगाडि बढाउनु, नेपाल सरकारले शिक्षक दरबन्दी मिलान गर्नका लागि कार्यदल निर्माण गरी प्राप्त प्रतिवेदनअनुसार दरबन्दी मिलानका कार्यहरु शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट तदारुकताका साथ अगाडि बढ्नु, शिक्षकको पेसागत विकास प्रारुप अनुसार पेसागत विकासका तीनवटै तरिकाहरु कार्यान्वयनमा आउनु, प्रदेश र स्थानीय तहले समेतले शिक्षक व्यवस्थापनम लगानी गर्दै आउनु आदि यस क्षेत्रका अवसरहरु हुन्।

**तालिका नं. २२**

**सामुदायिक विद्यालयमा रहेको तहगत शिक्षक विवरण**

| क्र स | तह | स्वीकृत दरबन्दि | राहत | संघिय अनुदान | पालिका अनुदान | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | प्राथमिक(१-५ ) | १४१ | ४५ | ० | १४ | २०० |
| २ | निम्नमाध्यमिक(६-८) | २४ | १४ | ५ | २१ | ६४ |
| ३ | माध्यमिक(९-१०) | ३० | ६ | १५ | ७ | ५८ |
| ४ | उच्च मा बि (११-१२) | ० | ८ | ० | ० | ८ |
| | कुल जम्मा | १९५ | ७३ | २० | ४२ | ३३० |

**स्रोत: तलबी प्रतिवेदन २०८१**

**समस्या र चुनैतीहरू**

कपिलवस्तु नगरपालिका मा  शिक्षक व्यवस्थापन र विकासका मुख्य समस्या र चुनौतीहरू निम्नानुसार छन्:

१. विद्यार्थी संख्याको अधारमा शिक्षक दरवन्दी अत्यन्तै न्यून हुनु
२. शिक्षकहरूको नियमित र समसामयिक तालिमको कमी
३. शिक्षकहरूको समुचित प्रोत्साहन र पुरस्कार प्रणालीको अभावले कामप्रति उत्साह कम गराउनु
४. योग्य र अनुभवी शिक्षकको कमी साथै अंग्रेजी, गणित र विज्ञान शिक्षकको अभाव

५. स्थानीय समुदायको शिक्षक विकासमा संलग्नता न्यून रहँदा समग्र शिक्षाको स्तरमा गिरावट आउँनु
६. शिक्षक व्यवस्थापनका लागि आवश्यक वित्तीय र भौतिक स्रोतको अभाव जसले योजनाबद्ध विकासमा बाधा पुर्याउँछ।

**४.२.३ उद्देश्यहरू**

गुणस्तरीय शिक्षाका लागि योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित हुने

१. सक्षम शिक्षक आपूर्तिका लागि सङ्घ तथा प्रदेश सरकारसँग समन्वय गर्नु
२. शिक्षक नियुक्ति, र सरूवा, बढुवा र पुनर्वितरणलाई सुदृढ बनाउनु
३. विषयवस्तुमा निपुण शिक्षकको सुनिश्चितता गर्नु
४. सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु
५. सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु
६. शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु

**४.२.४ रणनीति**

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रफमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा थप गरिने
२. रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गरिने
३. प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम अनिवार्य बनाइने
४. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने
५. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिने
६. शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धीत गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिने
७. शिक्षक नियुक्ति, सरूवा तथा तालिम र पेसागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरिने
८. खेलकुद, कला, स्वास्थ्य तथा संगीतसँग सम्बन्धित तालिम प्राप्त शिक्षक व्यवस्थापन गरिने

**४.२.५ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धिः**

सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुनेछ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

| **क्रसं** | **सूचक** | **आधार वर्ष (८०/८१)** | **८१/८२** | **८२/८३** | **८३/८४** | **८४/८५** | **८५/८६** |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी नूनतम सक्षमता भएका शिक्षक (%) | ० | ५ | १० | १५ | २० | ३० |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | ० | ५ | १० | १५ | २० | २५ |
| ८ | शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने | ० | ५ | १० | १५ | २० | २५ |

### ४.२.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | शिक्षक योग्यता र बितरणको अध्यावधिक मापदण्डका आधारमा शिक्षक व्यवस्थापन (पुनर बितरण र समायोजन) | पटक | 1 | | 1 | | 1 | ३ | ८ |
| २ | नयाँ नियुक्ति भएका शिक्षकहरुलाई सेवा प्रवेश तालिम | जना | 2 | 2 | 2 | 2 | 2 | १० | २० |
| ३ | १५% देखि ३५% माध्यमिक शिक्षकहरुलाई गणित, विजयन र अंग्रेजी बिषयको बिषयबस्तुहयूको पाठ अध्ययन सामग्री विकाससम्बन्धी तालिम दिने | जना | 0 | 1 | 1 | 1 | 1 | ४ | ८ |
| ४ | शिक्षकहरुलाई ICT मा आधारित तीनदिने Online/Offline सिकाई सम्बन्धी तालिम | जना | ० | 10 | 15 | 20 | 26 | ७१ | १५० |
| ५ | सबै प्रकारका शिक्षक तालिमहरू सन्चालनका लागि प्रशि १० दिने प्रशिक्षण तालिम (TOT) | पटक | | १ | | १ | ० | २ | ४ |
| ६ | प्रारम्भिक कक्षा सिकाई (EGL) सम्बन्धी ५ दिने प्रशिक प्रशिक्षण तालिम | पटक | 0 | १ | | १ | | २ | ८ |
| ७ | ECED सँग सम्बन्धित बिभिन्न तालिमहरुको नयाँ मापदण्डका आधारमा तालिमहरुको गुणस्तर सुनिश्चित गर्न प्रशिक प्रशिक्षण सन्चालन गर्ने | विद्यालय | 0 | १ | 0 | १ | ० | २ | ८ |
| ८ | सबै बिद्यालयका प्र.अ.हरुलाई जिम्मेवार बनाई Teacher's Time-on-task सम्बन्धी तयार गरिएको प्रणालीको अनिवार्य कार्यान्वयन गरिने | पटक | | १ | १ | १ | १ | ४ | ८ |
| ९ | बिद्यालयमा आधारित अनुगमन र | पटक | ० | १ | 1 | १ | १ | ४ | १० |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| | सहयोग प्रणाली अन्तर्गत प्र.अ.हरुका लागि Teachers, Mentors सम्बन्धी ३ दिने तालिम दिने | | | | | | | | |
| १० | शिक्षक अनुगन कार्यक्रमका लागि क्षमता अभिबृद्दी गर्ने | पटक | ० | १ | १ | १ | १ | ४ | ८ |
| ११ | तालिम परिषदबाट स्वीकृत शिक्षक तालिम पाठ्यक्रमका आधारमा माध्यमिक तहका शिक्षकहरुलाई ४५ दिने TPD Certification तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा देने र १५ दिने तालिम बिद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने) | पटक | | `१ | १ | १ | १ | ४ | ४ |
| १२ | माध्यमिक तहका शिक्षकहरुलाई दिइदै आएको Online TPD Certification तालिमलाई निरन्तरता दिने | पटक | 0 | १ | `१ | १ | १ | ४ | ४ |
| १३ | आधारभूत तहका (कक्षा ६-८) शिक्षकहरुलाई TPD Certification तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा देने र १५ दिने तालिम बिद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने) | वटा | १ | १ | १ | १ | १ | ४ | ४ |
| १४ | आधारभूत तहका (कक्षा ६-८) शिक्षकहरुलाई दिइदै आएको Online TPD Certification तालिमलाई निरन्तरता दिने | पटक | | १ | 1 | १ | 1 | ४ | ४ |
| १५ | आधारभूत तहका (कक्षा १-५) शिक्षकहरुलाई TPD Certification | पटक | 1 | | 1 | | 1 | ३ | ४ |

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| | तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा देने र १५ दिने तालिम बिद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने) | | | | | | | | |
| १६ | आधारभूत तहका (कक्षा ६-८) शिक्षकहरुलाई दिइदै आएको Online TPD Certification तालिमलाई शिक्षक तालिम एकीकृत पाठ्यक्रमका आधारमा निरन्तरता दिने | सवै विद्यालय र पालिकामा/ पटक | 2 | 2 | 2 | 2 | 2 | १० | ४ |
| १७ | नयाँ भर्ना हुने ECED Teachers/Facilatotars हरूलाई १५ दिने (९० घण्टा) सेवा प्रवेश तालिम प्रदान गर्ने | सवै विद्यालयमा | 0 | 1 | 1 | 1 | 1 | ४ | ४ |
| १८ | हाल कार्यरत सबै ECED Teachers/Facilatotars हरूलाई दुई Modules मा प्रत्येक ५/५ बर्षमा पुनर्ताजगी तालिम प्रदान गर्ने | जना | 8 | 10 | 15 | 20 | 26 | ७९ | १६० |
| १९ | आधारभूत र माध्यमिक तहका प्र.अ.हरुलाई नेतृत्व विकास तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने र १५ दिने तालिम बिद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने) | पटक | | १ | | १ | ० | २ | ५ |
| २० | शिक्षकहरूलाई Face to Face र Online दुवै विधिमा मागमा आधारित Soft-skills integration, EGL Skill, एकीकृत शिक्षण सिकाई र शिक्षण सिकाईका अन्य क्षेत्रमा छोटो अवधिका | पटक | 0 | १ | | १ | | २ | ४ |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| | तालिमहरू प्रदान गर्ने | | | | | | | | |
| २१ | बिशेष शिक्षाका बिद्यालयहरूमा कार्यरत शिक्षकहरू र बिशेष शिक्षाका स्रोतकक्षाहरू सन्चालन गर्ने स्रोत शिक्षकहरूलाई तालिम प्रदान गर्ने | पटक | 0 | १ | 0 | १ | ० | २ | ८ |
| २२ | बिशेष शिक्षाका बिद्यालयहरूमा कार्यरत शिक्षकहरू र बिशेष शिक्षाका स्रोतकक्षाहरू सन्चालन गर्ने स्रोत शिक्षकहरूलाई तालिम प्रदान गर्ने | पटक | ० | १ | १ | १ | १ | ४ | ६ |
| २३ | असल अभ्यासको अवलोकन भ्रमण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २४ | शिक्षकलाई परामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन, सुपिरवेक्षणको लागि विज्ञ समुह परिचालन गर्ने | पटक | 0 | १ | `१ | १ | १ | ५ | १० |
| २५ | उत्कृष्ट शिक्षक पुरस्कार तथा सम्मान कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २६ | सवै तहका शिक्षक दरवन्दी मिलान तथा पुनर्वितरण | पटक | ० | १ | 1 | १ | 1 | ४ | ८ |

### ४.२.७ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | |
| शिक्षक योग्यता र बितरणको अध्यावधिक मापदण्डका आधारमा शिक्षक व्यवस्थापन (पुनर बितरण र समायोजन) | १०० | ० | १०० | ० | १०० | ३०० |
| नयाँ नियुक्ति भएका शिक्षकहरुलाई सेवा प्रवेश तालिम | १५० | १५० | १५० | १५० | १५० | ७५० |
| १५% देखि ३५% माध्यमिक शिक्षकहरुलाई गणित, विजयन र अंग्रेजी बिषयको बिषयबस्तुहयूको पाठ अध्ययन सामग्री विकाससम्बन्धी तालिम दिने | ४० | ५० | ६० | ७० | ८० | ३०० |
| शिक्षकहरुलाई ICT मा आधारित तीनदिने Online/Offline सिकाई सम्बन्धी तालिम | १३० | १७० | २५५ | ३४० | ४३० | १३२५ |
| सबै प्रकारका शिक्षक तालिमहरू सन्चालनका लागि प्रशि १० | १००० | १००० | १००० | १००० | १००० | ५००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| दिने प्रशिक्षण तालिम (TOT) | | | | | | |
| प्रारम्भिक कक्षा सिकाई (EGL) सम्बन्धी ५ दिने प्रशिक प्रशिक्षण तालिम | ४८० | ३०० | ० | २५२ | ० | १०३२ |
| सबै बिद्यालयका प्र.अ.हरुलाई जिम्मेवार बनाई Teacher's Time-on-task सम्बन्धी तयार गरिएको प्रणालीको अनिवार्य कार्यान्वयन गरिने | ३५ | ३५ | ४५ | ४५ | ० | १६० |
| बिद्यालयमा आधारित अनुगमन र सहयोग प्रणाली अन्तर्गत प्र.अ.हरुका लागि Teachers, Mentors सम्बन्धी ३ दिने तालिम दिने | ३ | ३ | ३ | ९ | ९ | २७ |
| शिक्षक अनुगन कार्यक्रमका लागि क्षमता अभिबृद्दी गर्ने | ५१६ | ५१६ | ५१६ | ५१६ | ५१६ | २५८० |
| आधारभूत तहका (कक्षा ६-८) शिक्षकहरुलाई TPD Certification तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा देने र १५ दिने तालिम बिद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने) | ९० | ९० | ९० | ९० | ९० | ४५० |
| आधारभूत तहका (कक्षा १-५) शिक्षकहरुलाई TPD Certification तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा देने र १५ दिने तालिम बिद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने) | २४० | २४० | २४० | २४० | २४० | १२०० |
| आधारभूत तहका (कक्षा ६-८) शिक्षकहरुलाई दिइदै आएको Online TPD Certification तालिमलाई शिक्षक तालिम एकीकृत पाठ्यक्रमका आधारमा निरन्तरता दिने | १०२० | १०२० | १०२० | १०२० | १०२० | ५१०० |
| नयाँ भर्ना हुने ECED Teachers/Facilatotars हरूलाई १५ दिने (९० घण्टा) सेवा प्रवेश तालिम प्रदान गर्ने | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० |
| हाल कार्यरत सबै ECED Teachers/Facilatotars हरूलाई दुई Modules मा प्रत्येक ५/५ बर्षमा पुनर्ताजगी तालिम प्रदान गर्ने | ४८० | ४८० | ४८० | ४८० | ४८० | २४०० |
| आधारभूत र माध्यमिक तहका प्र.अ.हरुलाई नेतृत्व विकास तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने र १५ दिने तालिम बिद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने) | १५०५ | १५०५ | १५०५ | १५०५ | १५०५ | ७५२५ |
| शिक्षकहरूलाई Face to Face र Online दुवै विधिमा मागमा आधारित Soft-skills integration, EGL Skill, एकीकृत शिक्षण सिकाई र शिक्षण सिकाईका अन्य क्षेत्रमा छोटो अवधिका तालिमहरू प्रदान गर्ने | १२० | १२० | १२० | १२० | १२० | ६०० |
| पालिकाबाट थप गर्न चाहेका कार्यक्रमहरु: | | | | | | |
| असल अभ्यासको अवलोकन भ्रमण गर्ने | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| शिक्षकलाई परामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन, सुपिरवेक्षणको लागि विज्ञ समुह परिचालन गर्ने | ० | २० | ० | ० | २० | ४० |
| उत्कृष्ट शिक्षक पुरस्कार तथा सम्मान कार्यक्रम सञ्चालन | ० | ७५ | ७५ | ७५ | ७५ | ३०० |
| सवै तहका शिक्षक दरवन्दी मिलान तथा पुनर्वितरण | ० | ५० | ० | ० | ० | ५० |
| **शिक्षक व्यवस्थापन र तालिम कार्यक्रमको जम्मा बजेट (हजारमा)** | **६४०९** | **६३२४** | **६१५९** | **६४१२** | **६३३५** | **३१६३९** |

### ४.३ शैक्षिक समता र समावेशीकरण

#### ४.३.१ वर्तमान अवस्था

विभेद र बञ्चितीकरणमा परेका वर्ग समुदाय र क्षेत्रलाई गुणस्तरीय शिक्षामा सजिलै पहुँचको सुनिश्चितता सम्भव हुँदैन । पहुँच र सहभागिताको लागि समानता पुग्ने उद्देश्य हासिल गर्न असमानताहरूबीच गरिने असमान व्यवहार नै शैक्षिक समता हो । यो आफैँमा गन्तव्य नभई एउटा माध्यम मात्र हो । कपिलवस्तु नगरपालिका एउटा विविधताले भरिपूर्ण नगरपालिका हो । यसमा मधेशी, ब्राह्मण, क्षेत्री, दलित, जनजाति, अपाङ्गता भएका बालबालिकाहरूको बसोवास छ। विभिन्न शारीरिक क्षमता भएका, कमजोर आर्थिक अवस्था भएका, समाजमा पछि परेका र पारिएका दलित महिला अपाङ्गता भएका ब्यक्तिहरूको मिश्रित बसोबास यहाँको समुदायमा रहेको छ । समग्रमा महिलाहरूको जनसंख्या यस नगरपालिका मा  बढी छ । सम्पत्ति माथिको अधिकार पुरुषको तुलनामा महिलामा कम छ । सामाजिक साँस्कृतिक तथा विभिन्न परम्परागत कार्यले गर्दा लैंगिक विभेद विद्यमान छ । बालबालिकाहरू विशेषत अपाङ्गता भएका, दलित, विपन्न परिवारमा जन्म भएका आदिहरूको लागि शिक्षामा पहुँच कठीन रहेको छ ।
बालबालिकामा भएका भिन्नताहरूले पहुँच सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समता कायम गर्न आवश्यक छ । यस्तो समताले अवसरको समानता मात्र सिर्जना नगरी अवसर असमान हुनाका कारण पहिचान गरी तिनलाई समान बनाउन विशेष तथा थप प्रबन्ध गर्नुपर्दछ । समता अभिवृद्धि सहित विविधतालाई समावेश गर्न प्रत्येक बालबालिकाले स्वीकारिएको र महत्व दिएको महसुस गर्नुपर्दछ । यो सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्वपूर्ण र अत्यावश्यक छ ।

यसमा देखिएका अन्तर तथा चुनौतिहरू हटाई विविधता अनुकूल हुने गरी शिक्षामा सबैको सहज पहुँच सहभागिता तथा सिकाइका लागि समता तथा समावेशिता अभिवृद्धि गर्नका लागि यस योजनामा अपनाइने रणनीति तथा क्रियाकलापहरू समेत उल्लेख गरिएको छ ।

#### ४.३.१  वर्तमान अवस्था

कपिलवस्तु नगरपालिका मा  ५२  सामुदायिक विद्यालय ,  २९   संस्थागत विद्यालय र मदरसा २८  गरी जम्मा १०९   विद्यालयहरू सञ्चालनमा छन् । त्यसैगरी ८४   वटा बालविकास केन्द्रहरू रहेका छन् । EMIS रिपोर्ट २०८१ अनुसार  बिद्यालय मा अध्ययनरत बिद्यार्थी हरु मध्ये कक्षा १ देखि १२ सम्म जम्मा ८४  जना अपाङ्गता भएका बालबालिकाहरु भर्ना भएको देखिन्छ । अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच वृद्धिका लागि आवासीय तथा गैरआवासीय छात्रबृत्ति प्रदान गर्ने कानुनी ब्यवस्था गरिएको छ । जातीयताको हिसावले दलित तथा जनजाति समेतलाई पछाडि परेको बर्गको रुपमा लिइन्छ । यस नगरपालिका मा  कक्षा १ देखि १२ सम्म विद्यार्थी कुल भर्नामा दलितको संख्या ४३२२  रहेको छ भने जनजातिको संख्या ४२९८  रहेको छ । समुदायमा अपाङ्गता भएका बालबालिकाहरू अझै पनि छन् तर त्यस्ता बालबालिकाहरूको अभिलेखीकरण हुनसकेको छैन । ती बालबालिकाहरू विद्यालय शिक्षाको पहुँचबाट टाढा रहेको अवस्था छ । त्यसैगरी आर्थिक हिसाबले विपन्न बालबालिकाहरू, असाध्य रोगहरूबाट पीडित बालबालिकाहरू, अभिभावक र सहाराविहीन बालबालिकाहरू समेत समुदायमा रहेका छन् तर तिनको लगत र तथ्याङ्क व्यवस्थित हुन सकेको छैन । त्यस्ता प्रकृतिका बालबालिकाहरू समेत विद्यालय शिक्षाको पहुँच बाहिर रहेको देखिन्छ । तर संस्थागत हिसाबले त्यस्ता बालबालिकाहरूको अभिलेख अध्यावधिक गरेर राख्ने कार्य हुन सकेको छैन । समाजमा पछि परेको वर्ग र फरक क्षमता भएको वर्ग लगायतका कमजोर वर्गलाई मूलप्रवाहीकरणमा ल्याउन अझैपनि सकिएको अवस्था छैन ।

### ४.३.२ उद्देश्य

स्थानीय स्तरका कमजोर वर्ग तथा विविधता भएका बालबालिकाहरुको शिक्षामा सहभागिता सुनिश्चित गरी शिक्षामा समावेशिता कायम गर्न यस योजनाले देहाय बमोजिमका उद्देश्यहरु कायम गरिएका छन्।

**उद्देश्यहरुः**

यस योजनाले शिक्षामा कमजोर वर्गको पहुँच र समावेशीकरणका उद्देश्यहरु निम्न बमोजिम रहेका छन्

१. आर्थिक, सामाजिक तथा साँस्कृतिक कारणले पछि परेका व्यक्तिहरुलाई शिक्षाको अवसर सुनिश्चित गर्न आरक्षण, सकारात्मक विभेद, प्राथमिकता, प्रोत्साहन लगायतका उपायहरु अवलम्बन गर्नु।
२. अपाङ्गता भएका बालबालिकाहरुको आवश्यकता र समावेशीकरणको सिद्धान्तका आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरु उपलब्ध गराउनु।
३. अपाङ्गता भएका बालबालिकाहरुको सिकाइ आवश्यकता पूरा गर्न समावेशी शिक्षा एवम् विशेष शिक्षाका अवसर प्रदान गर्ने र जीवनोपयोगी तथा व्यावसायिक सीप विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्रीमा अनुकूलन गर्नु।
४. एक अर्काको धर्म, संस्कृति, परम्परा, सम्प्रदाय, लिङ्ग, रंग, जातजाति लगायतका विविधताका सम्पूर्ण पक्षहरुको सम्मान गर्दै एउटै प्लेटफर्ममा सँगै सिकाइ गर्ने अवसर सिर्जना गर्नु

### ४.३.३ रणनीति

यस योजनाले कपिलवस्तु नगरपालिका मा  बसोबास गरेका र शिक्षामा कमजोर वर्गको पहुँच विस्तार तथा समावेशीकरणलाई यथार्थमा लागू र सफल पार्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछः

१. जोखिममा परेका, अल्पसंख्यक तथा लोपोन्मुख समुदायका विद्यार्थीहरुको सिकाइ आवश्यकता सम्बोधन गरिनुका साथै अपाङ्गता भएका बालबालिकाको पहिचान एवम् लेखाजोखा गरी उचित शैक्षिक अवसरको सिर्जना गर्ने।
२. कपिलवस्तु नगरपालिका क्षेत्रभित्र विद्यालय बाहिर रहेका आर्थिकरुपले विपन्न अपाङ्ग, असहाय र दलित बालबालिकाहरुलाई विद्यालय भर्ना गर्ने अभियानलाई स्थानीय राजनीतिक दल, स्थानीय बुद्धिजिवी, समाजसेवी, गाउँपालिका तथा गैह्रसरकारी निकायहरुको साझेदारीमा सञ्चालन गर्ने
३. आर्थिकरुपले विपन्न, असहाय र अपाङ्ग बालबालिकाहरुलाई विपन्न लक्षित छात्रवृत्ति, स्वास्थ्य केन्द्रमा प्राथमिकता दिने।
४. शिक्षण संस्थाहरुमा बहुप्रकारका विपद्प्रति संवेदनशील र अपाङ्गमैत्री पूर्वाधारको निर्माण गर्ने कार्यलाई प्राथमिकता दिने।
५. स्थानीय पाठ्यक्रममार्फत र अन्य विद्यालयीय क्रियाकलापमार्फत विविधताको सम्मान गर्न सिकाउने पठन सामग्री र अवसर सिर्जना गर्ने
६. सबै किसिमका बालबालिकाको शिक्षामा समावेशीकरण गर्न आवश्यक नीतिगत व्यवस्था गर्ने।
७. असहाय, अपाङ्ग, सडक बालबालिका, द्वन्द्वपीडित, घाइते एवम् महामारिका कारण मृत्यु भएका अभिभावकाका बालबालिकाहरुका लागि विशेष सुविधा तथा अवसर प्रदान गर्ने।
८. नगरपालिका  अपाङ्ग पुनर्स्थापना केन्द्र स्थापना गरी विशेष विद्यालय सञ्चालन गर्ने।
९. विशेष/समावेशी शिक्षाको पाठ्यक्रमको विकास गरी क्रमशः कार्यान्वयन गर्ने।
१०. असहाय, अनाथ, सुस्तमनस्थिति भएका बालबालिकालाई मनोपरामर्श दाता तथा विज्ञहरुबाट आवश्यकतानुसार सहजीकरण हुन सक्ने आवश्यक संयन्त्र निर्माण गर्ने।

### ४.३.५ उपलब्धी, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

१. समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रुपले कमजोर अपाङ्गता भएका र सहारा विहीन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच भएको हुने।

२.

**३.नतिजा तथा परिमाणात्मक लक्ष्य**

| | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समाबेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने | १ | १ | १ | १ | १ | १ |
| २ | लक्षित समूहले तोकिए बमोजिम छात्रबृत्ति एव प्रोत्साहन प्राप्त गरेको बिद्यालय संख्या | ५८ | ५८ | ५८ | ५८ | ५८ | ५८ |
| ३ | विद्यालयहरूमा लैङ्गिक जातीय सामाजिक एवं सबै प्रकारका विभेदको अन्त भएको हुने बिद्यालय संख्या | ५८ | ५८ | ५८ | ५८ | ५८ | ५८ |

### ४.३.४ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| १ | स्थानीय तहका स्वास्थ्य शाखा/केन्द्रहरू सँग समन्वय गरी शैक्षिक सत्रको शुरूमा ECD देखि आधारभूत तहसम्मका बिद्यार्थीहरुको अपाङ्गतासम्बन्धी स्वास्थ्य जांच र | सङ्ख्या | १२९५९ | १३५०० | १४५०० | १५५०० | १६५०० | ६२९५९ | |

| क्र स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| | परीक्षण गरी निदान | | | | | | | | |
| २ | बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि बिशेष शिक्षा प्रदान गर्न बिशेष बिद्यालय निर्माण | विद्यालय | ० | ० | ० | १ | ० | १ | २ |
| ३ | श्रवण/बहिरा, बोलाई कठिनाई भएका र बौद्धिक अपाङ्गता भएका बालबालिकाकालाई बिशेष शिक्षा प्रदान गर्नका लागि साथै आवास सुबिधा | सङ्ख्या | ० | ० | ० | ० | १ | १ | २ |
| ४ | बिशेष शिक्षा परिषदबाट सहयोग प्राप्त भई सन्चालित बिशेष बिद्यालयहरुमा शिक्षण सिकाई सामग्री बितरण | सङ्ख्या | ० | ० | ० | ० | १ | १ | १ |
| ५ | बालबालिका तथा समाहित शिक्षा संजाल गठन तथा बिबिध कार्यक्रम संचलान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | अपाङ्गता तथा समावेशि शिक्षा सम्बन्धी अभिभावक सचेतना विकास कार्यम्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ७ | विद्यालयमा बाल क्लव तथा जुनियर रेडक्रस सर्कलमा आधारित कार्यक्रम सञ्चालन | पटक | ० | ३ | ३ | ३ | ३ | १२ | २४ |
| ८ | सिकाइ सिमीतता भएका बालबालिकाहरूका लागि शैक्षिक सहयोग कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | ४ | ८ |
| ९ | प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी | पटक | ० | १ | १ | १ | १ | ४ | ८ |

| क्र स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| | लक्षित समावेशी शिक्षासम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन | | | | | | | | |
| १० | अपाङ्गता भएका बालबालिकाका लागि सहायक सामग्रीको व्यवस्था | बिद्यार्थी | ० | १० | १० | १० | १० | ४० | ८० |
| ११ | स्रोत कक्षा सञ्चालित विद्यालयको सिकाइ वातावरण सुधार कार्यक्रम | पटक | ० | ० | ० | १ | १ | २ | ४ |

### ४.३.७ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | २०२४/२५<br>८१/८२ | २०२५/२६<br>८२/८३ | २०२६/२७<br>८३/८४ | २०२७/२८<br>८४/८५ | २०२८/२९<br>८५/८६ | |
| स्थानीय तहका स्वास्थ्य शाखा/केन्द्रहरू सँग समन्वय गरी शैक्षिक सत्रको शुरूमा ECD देखि आधारभूत तहसम्मका बिद्यार्थीहरुको अपाङ्गतासम्बन्धी स्वास्थ्य जांच र परीक्षण गरी निदान गर्न बजेट अनुदान | ९५ | ९९ | ९९ | ९९ | १०२ | ४९४ |
| बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि बिशेष शिक्षा प्रदान गर्न बिशेष बिद्यालय निर्माणका लागि बजेट अनुदान | ० | ० | ० | ० | २,००० | २००० |
| श्रवण/बहिरा, बोलाई कठिनाई भएका र बौद्धिक अपाङ्गता भएका बालबालिकाकालाई बिशेष शिक्षा प्रदान गर्नका लागि साथै आवास सुबिधा सहित भएका बिद्यालयहरुलाई बजेट अनुदान | ० | ० | ० | ० | २०० | २०० |
| बिशेष शिक्षा परिषदबाट सहयोग प्राप्त भई सन्चालित बिशेष बिद्यालयहरुमा शिक्षण सिकाई सामग्री बितरण बापतको बजेट अनुदान | ० | ० | ० | ० | २०० | २०० |
| बिशेष शिक्षा अन्तगतका स्रोत कक्षाहरू सन्चालन र व्यवस्थापन बापतको बजेट अनुदान | ० | ० | ३०० | ३०० | ३०० | ९०० |
| पालिकाहरुकालाई बिशेष शिक्षा र अन्तरगतका छात्रबास सुबिधा, छात्रवृत्ति र तथ्याँक प्रमाणिकरणका लागि बजेट अनुदान | ० | ० | ० | ३०० | ३०० | ६०० |
| **पालिकाबाट थप गर्न चाहेका कार्यक्रमहरु:** | | | | | | |
| बालबालिका तथा समाहित शिक्षा संजाल गठन तथा बिबिध | ० | २०० | २०० | २०० | २०० | ८०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कार्यक्रम संचलान | | | | | | |
| अपाङ्गता तथा समावेशि शिक्षा सम्बन्धी अभिभावक सचेतना विकास कार्यम्रम सञ्चालन | ० | २५० | २५० | २५० | २५० | १००० |
| विद्यालयमा बाल क्लव तथा जुनियर रेडक्रस सर्कलमा आधारित कार्यक्रम सञ्चालन | ० | ० | ० | १०० | १०० | २०० |
| सिकाइ सिमीतता भएका बालबालिकाहरूका लागि शैक्षिक सहयोग कार्यक्रम | ० | १०० | १०० | १०० | १०० | ४०० |
| प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी लक्षित समावेशी शिक्षासम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन | ० | ५० | ५० | ५० | ५० | २०० |
| अपाङ्गता भएका बालबालिकाका लागि सहायक सामग्रीको व्यवस्था | ० | ५० | ५० | ५० | ५० | २०० |
| स्रोत कक्षा सञ्चालित विद्यालयको सिकाइ वातावरण सुधार कार्यक्रम | ० | ० | १०० | १०० | १०० | ३०० |
| **समाहित शिक्षा कार्यक्रमको जम्मा बजेट (हजारमा)** | **९५** | **७४९** | **११४९** | **१५४९** | **३९५२** | **७४९४** |

### ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्था उनीहरूको संज्ञानात्मक क्षमता शैक्षिक उपलब्धि गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकोले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ । यसका लागि विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणको कार्यक्रमका माध्यमबाट स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा प्रदान गर्नु एउटा मितव्ययी तथा प्रभावकारी तरिका देखिएको छ | विद्यालयमा आधारित पोषण तथा स्वास्थ्य सेवाको न्यूनतम प्याकेज अन्तर्गत वार्षिक स्वास्थ्य परीक्षण , अर्धवार्षिक रुपमा जुकाको औषधि वितरण तथा आवश्यकता अनुसार प्रतिस्थापन हुने व्यवस्था सहित सबै प्राथमिक विद्यालयका लागि प्राथमिक उपचार सामग्रीको बाकस , कक्षा ६ देखि १२ का बालिकाहरुलाई आइरन चक्की, छात्राहरूका लागि सेनिटरी प्याड ,छात्र र छात्राका लागि अलग अलग शौचालय, व्यवस्थापन समितिको सक्षमतामा सुधार तथा पाेषण र स्वास्थ्यका सवालमा बाल क्लबहरूको परिचालन गर्नुपर्ने रहेको छ । विद्यालय शिक्षा क्षेत्र योजनाले बालबालिकाको स्वास्थ्य पोषण सरसफाई तथा स्वच्छता र खाद्य सम्प्रभुता सम्बन्धमा प्राथमिकता दिए पनि यिनलाई विद्यालयसँग कसरी जोड्ने भन्ने रणनीति स्पष्ट गरेको देखिँदैन । विद्यालय शिक्षा क्षेत्र योजना र १६ औँ आवधिक योजनामा बालबालिकाको स्वास्थ्य तथा पोषणमा सुधार गरी सिकाई सुधार गर्नका लागि जुका नियन्त्रण सूक्ष्मपोषक तत्त्व पुराण तथा दृष्टि एवं श्रावणको जाँच र स्वास्थ्य तथा पोषण शिक्षा प्रदान गरी विद्यालयका सबै विद्यार्थीहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार गर्ने रणनीतिहरू प्रस्ताव गरिएका छन् । यी उद्देश्य प्राप्तिका लागि सञ्चालन गरिने प्रायजसो कार्यक्रमहरूबाट स्वास्थ्य क्षेत्रबाट वा स्वास्थ्य क्षेत्रसँग समन्वय गरी कार्यान्वयन गर्नुपर्ने हुँदा कार्यक्रमको नतिजामा एकरुपता नदेखिने सम्भावना पनि रहेको छ । विशेषत विद्यालय र स्थानीय स्वास्थ्य संस्थाको सक्रियता र स्वेच्छिक सहकार्यमा यी कार्यक्रमहरूको प्रभावकारिता निर्भर भएको देखिन्छ।

विद्यालयहरूमा खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधि २०७४ ले उल्लेख गरे अनुसार सबै विद्यालयहरूमा हुनुपर्ने खानेपानी सरसफाई तथा स्वच्छता सुविधाहरुमा स्वच्छ पिउने पानी सहित पर्याप्त पानी, विद्यार्थी संख्या अनुसार अलग अलग, सफा र सुरक्षित स्थानमा बाल, लैङ्गिक, अपाङ्गता र वातावरण मैत्री शौचालय, वातावरणीय सरसफाई, हरियाली वातावरण र स्वच्छता सुविधा, विद्यालयमा महिनावारी स्वच्छता सन्दर्भमा प्याड व्यवस्थापन , सफा र स्वच्छ खाद्य पदार्थसहितको भान्छा घर सरसफाई तथा स्वच्छता प्रवर्धन र दिगोपनका लागि संस्थागत व्यवस्था रहेका छन् । उल्लेखित सुविधा तथा सेवा बाहेक बालबालिकाका लागि सरसफाई तथा स्वच्छता सम्बन्धी शिक्षाको प्रबन्ध पनि विद्यालयमा हुन आवश्यक छ। स्वच्छता प्रवर्धन र दिगोपनका लागि

विद्यालयहरूमा खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधि २०७४ को पुनरावलोकन गरी तदनुकुलको संस्थागत व्यवस्था गर्न आवश्यक छ।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि तयार गरिएको कार्यक्रम कार्यान्वयनको स्थितिका आधारमा दिवा खाजा कार्यक्रम सञ्चालन हुने गरेको छ भने शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका २०७६ ले कार्यक्रम सञ्चालनका केही मापदण्ड र प्रक्रिया निर्धारण गरेको छ। तर कानुनी आधारसहित नीतिगत मार्गदर्शक दस्तावेजको आवश्यकता देखिएको छ । वित्तीय अवस्थाको कुरा गर्दा धेरैजसो विद्यालयमा आवश्यक भौतिक पूर्वाधार सामग्री तथा खाजा बनाउने व्यक्ति लगायत व्यवस्थापकीय कार्य तथा क्षमता विकासका लागि बजेटको प्रबन्ध गरिएको छैन भने आवश्यक पौष्टिक खानाका लागि मूल्य वृद्धिको अनुपातमा प्रति एकाइ हालको बजेट रु १५ पर्याप्त देखिँदैन ।

**वर्तमान अवस्था :**

कपिलवस्तु नगरपालिकामा वार्षिक स्वास्थ्य परीक्षण अर्धवार्षिक रूपमा जुकाको औषधि वितरण आइरनचकी र फोलिक एसिड वितरण प्राथमिक उपचार सामग्री बाकसको उपलब्धता पक्षहरुमा नगरपालिकाको स्वास्थ्य शाखा र शिक्षा शाखाको समन्वयमा विद्यालयमा कार्यान्वयन गरिएको छ । प्राथमिक उपचार सामग्रीको बाकस र आवश्यक औषधिहरु एकपटक प्रदान गरिए पनि सबै विद्यालयलाई उपलब्ध गराउन सकिएको छैन । उपलब्ध गराइएका प्राथमिक उपचार बाकसमा उपचारका सामग्री औषधि तथा अत्यावश्यक उपकरणहरू समावेश गर्न सकिएको छैन । विद्यालयमा महिनावारी स्वच्छता सम्बन्धमा छात्राहरूका लागि उपलब्ध गराइएको सेनिटरी प्याडको व्यवस्थापन गर्नु मुख्य चुनौतीका रुपमा रहेको छ। सरसफाई तथा स्वच्छताको मापदण्ड तयार गर्न सकिएको छैन । दिवा खाजालाई स्थानीय उत्पादनसँग जोड्न आवश्यक वृहत तथा सूक्ष्म पौष्टिक तत्व  समावेश भएका बहुमेनुहरू स्थानीय स्तरमै तयार गर्ने कार्यलाई प्राथमिकता दिन सकिएको छैन । यद्यपि दिवा खाजा व्यवस्थापनका लागि जनशक्तिको अभाव विद्यालयहरूले झेल्दै आएका छन् । दिवा खाजाका सन्दर्भमा जङ्कफुडको प्रयोगलाई प्रतिबन्ध लगाइए पनि यसको कार्यान्वयनको अवस्थाका बारेमा अनुगमन कम हुने गरेको छ । प्लास्टिक मुक्त विद्यालय क्षेत्र बनाउनका लागि अभियान सञ्चालन गर्न सकिएको छैन । यद्यपि विद्यालयमा रहेका बाल क्लबले सरसफाई प्रवर्धनका क्रियाकलापहरु सञ्चालन गर्दै आइरहेका छन् । विद्यालयका भौतिक संरचनामा पर्याप्त शौचालय र खानेपानी तथा वा सुविधा रहेपनि विद्यार्थीले प्रयोग गर्ने अधिकांश शौचालयहरू दुर्गन्धित छन् । कपिलवस्तु नगरपालिकाको सवालमा बालबालिकाका लागि सरसफाई तथा स्वच्छता सम्बन्धी शिक्षाको प्रबन्धका लागि स्वास्थ्य पोषण र सरसफाई तथा स्वच्छताको शिक्षाको पद्धति तथा संरचना विद्यालयमा आवश्यक रहेको छ ।

**<u>विद्यालयमा अवस्थित स्वास्थ्य सम्बन्धि बिवरण</u>**

| क्र.स. | विद्यालयको नाम | प्राथमिक उपचार बक्स तथा औषधी भएको | प्राथमिक उपचार सहायता/सुविधा | नर्सको व्यवस्था | जुकाको औषधी वितरण भएको | आइरन चक्की वितरण भएको | सेनेटरी प्याड को व्यवस्था भएको | सेनेटरी डिस्पोजल पिट | विद्यार्थीहरुको बर्षमा २ पटक स्वास्थ्य जाँच गरेको | विद्यालय स्वस्थ्य तथा पोषण फोकल शिक्षक | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | रत्नराज्यलक्ष्मी मा.वि. | X | X | X | ✔ | X | ✔ | X | ✔ | ✔ | ☐ |
| २ | प्रा.वि. | X | X | X | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | तौलिहवा | | | | | | | | | | |
| ३ | शुक्रराज आ.वि. | X | X | X | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | |
| ४ | भगवानदास मा.वि. | | | | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | |
| ५ | रामजानकी प्रा.वि. सेमरहवा | - | - | - | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | - |
| ६ | गौतमबुद्ध प्रा.वि. वरदहवा | ☐ | ☐ | ☐ | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | ☐ |
| ७ | तौलेश्वरनाथ सं. मा.वि. | | | ☐ | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | |
| ८ | बुद्ध पद्म मा.वि. | ☐ | - | - | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | - |
| ९ | महेन्द्र प्रा.वि. | X | X | | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | ☐ |
| १० | गौतमबुद्ध आ.वि. सडवा | X | X | ☐ | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | ☐ |
| ११ | प्रा.वि. सानो वरगदवा | X | X | | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | ☐ |
| १२ | यशोधरा मा.वि. | X | X | ☐ | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | ☐ |
| १३ | राधाचन्द्र आ.वि. | X | X | | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | ☐ |
| १४ | सिद्धार्थ गौतमबुद्ध गुम्बा प्रा.वि. | X | X | - | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | ☐ |
| १५ | सुन्नत ऐ इस्लामिया | X | X | | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | शिव प्रा.वि. | | | | | | | | | | |
| १६ | सुन्दर आ.वि. | X | X | ☐ | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | ☐ |
| १७ | किर्ती आ.वि. | X | X | | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | |
| १८ | आ.वि. पिपरी | X | X | ☐ | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | ☐ |
| 19 | धर्मभक्त मा.वि. | X | X | | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | ☐ |
| २० | कोटिग्राम मा.वि. | X | X | | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | ☐ |
| २१ | महादेव प्रा.वि. | X | X | ☐ | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | ☐ |
| २२ | बुद्ध विद्यापिठ प्रा.वि. | X | X | | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | |
| २३ | जनता आ.वि. | X | X | ☐ | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | ☐ |
| २४ | लम्बुसागर आ.वि. | X | X | ☐ | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | ☐ |
| २५ | तिलौराकोट मा.वि. | X | X | | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | |
| २६ | महेन्द्र आ.वि. ठुलो सेमरी | X | X | | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | ☐ |
| २७ | राष्ट्रिय जनहित मा.वि. | X | X | | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | ☐ |
| २८ | जनता प्रा.वि. हरिहरपुर | X | X | | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | ☐ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २९ | पार्वती आ.वि. | X | X | | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | |
| ३० | अर्सिया दारुस्लाम प्रा.वि. | □ | - | □ | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | - |
| ३१ | नारायण प्रा.वि. | □ | □ | □ | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | □ |
| ३२ | अल्मनी प्रा.वि. | | | | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | |
| ३३ | विश्वमैत्री आ.वि. | □ | □ | □ | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | □ |
| ३४ | रामजानकी आ.वि. बेलौहा | □ | □ | □ | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | □ |
| ३५ | भगवती प्रा.वि. | | | | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | |
| ३६ | जनकल्याण प्रा.वि. | □ | □ | □ | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | □ |
| ३७ | अरविया सिराजुल प्रा.वि. | | | | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | |
| ३८ | मा.वि. कुश्मा | 3 | □ | □ | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | □ |
| ३९ | कनकमुनी मा.वि. | □ | □ | - | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | □ |
| ४० | रामजानकी प्रा.वि.हरनामपुर | □ | □ | □ | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | □ |
| ४१ | आ.वि. कटुवा | □ | □ | □ | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | □ |
| ४२ | राष्ट्रिय मा.वि. | □ | □ | □ | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | □ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बिकुली | | | | | | | | | | |
| ४३ | गडुलगंगा प्रा.वि. | | | | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | |
| ४४ | श्याम आ.वि. | ☐ | ☐ | ☐ | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | ☐ |
| ४५ | शितलाबक्स मा.वि. | ☐ | ☐ | ☐ | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | ☐ |
| ४६ | अनावरुलव लुम प्रा.वि. | ☐ | ☐ | ☐ | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | ☐ |
| ४७ | मिफ्ताहुल अल्सफिया प्रा.वि. | ☐ | ☐ | - | ✔ | ✔ | X | X | ✔ | ✔ | ☐ |
| ४८ | कालिकाजन मा.वि. | ☐ | ☐ | ☐ | ✔ | ✔ | ✔ | X | ✔ | ✔ | ☐ |
| ४९ | प्रा.वि. पिप्रहवा | ☐ | ☐ | - | ✔ | ✔ | - | X | ✔ | ✔ | ☐ |
| ५० | रामदेव प्रा.वि. | ☐ | ☐ | ☐ | ✔ | ✔ | ☐ | X | ✔ | ✔ | ☐ |
| ५१ | सरस्वती प्रा.वि. | X | X | ☐ | ✔ | ✔ | | X | ✔ | ✔ | |
| ५२ | शिवनाथ प्रा.वि. | X | X | ☐ | ✔ | ✔ | | X | ✔ | ✔ | |

### ४.४.२ समस्या तथा चुनौतीहरू

१. दिवा खाजा स्वास्थ्य तथा पोषण र सरसफाई तथा स्वच्छताका लागि मितब्ययी, प्रभावकारी, दिगो र पर्याप्त व्यवस्थापन नहुनु
२. स्थानीय क्षमता सुदृढीकरण तथा सबै विद्यालयमा स्वास्थ्यकर्मीको व्यवस्था गर्न नसकिनु।
३. दिवा खाजाका लागि अत्यन्त न्यून रकमको उपलब्धता, स्वास्थ्य तथा पोषण र सरसफाई तथा स्वच्छताका कार्यक्रमका लागि पर्याप्त तथा दिगो वित्तीय प्रबन्ध नहुनु।
४. विद्यालय खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्न नसकिनु।
५. विद्यालय खाजा व्यवस्थापनका लागि मानव स्रोतको व्यवस्था गर्न नसकिनु।
६. विद्यालय खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्न नसक्नु।

७. विद्यालय स्वास्थ्य र पोषणका कार्यक्रमलाई प्रभावकारी रुपमा अनुगमन गर्ने र समयबद्ध मूल्याङ्कन पद्धतिको विकास गर्न नसक्नु ।
८. विद्यालय खाजा विद्यालय स्वास्थ्य पोषण तथा सफाई तथा स्वच्छता सम्बन्धी नीतिगत तथा कार्यक्रमगत बहुक्षेत्रीय समन्वयलाई प्रभावकारी बनाउन नसकिनु ।
९. विद्यालय पोषण स्वास्थ्य तथा सरसफाईलाई कार्यान्वियनका लागि गाउँपालिकाको स्वास्थ्य शाखा र शिक्षा शाखाको समन्वय प्रभावकारी नहुनु ।
१०. खोप, अइरन चक्की फोलिक एसिडको प्रयोगमा मुस्लिम समुदायका सबै छात्राहरूलाइ समावेश गर्न नसकिनु ।

**४.४.३ उद्देश्यहरू :**

यस योजनाले विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमसम्बन्धी देहाय बमोजिमका उद्देश्यहरु राखेको छः

१. प्रत्येक विद्यालयमा बालबबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु,
२. विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु,
३. विद्यालयमा प्राथमिक उपचार, न्यूनतम स्वास्थ्य तथा सरसफाइका सामग्रीहरुको उपलब्धता र प्रयोग सुनिश्चित गर्नु,
४. विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरुका स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी व्यवहारलाई प्रोत्साहन गर्नु,
५. बालबालिकाको स्वास्थ्य र सरसफाइसम्बन्धमा अभिभावकको चेतना र सहभागिता बढाई सिकाइ उपलब्धी सुधार गर्नु,
६. किशोरीहरुको स्वास्थ्य संवेदनशिलता अनुरुपका संरचनाहरुमा वृद्धि गर्नु

**४.४.४ रणनीतिहरू**

यस योजनाले विद्यालय पोषण, दिवा खाजा, सरसफाइ तथा स्वास्थ्य कार्यक्रमसम्बन्धी तय गरेको उद्देश्यहरु प्राप्त गर्न देहाय बमोजिमका रणनीतिहरु तय गरिएका छन्।

१. विद्यालयमा दिवा खाजा व्यवस्थापकको व्यवस्था गर्ने।

२. विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्री सहित आवश्यक संख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरुका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानपानी, कक्षा कोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने।

३. विद्यालयहरुमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरुको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा सुक्ष्म पोषक तत्त्व प्रदायक ट्यावलेट, भिटामिन ए र आइरन फोलिक एसिड आदिको वितरण र किशोरीहरुको महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याड वितरणललाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने।

४. विपदको बेलामा र विपदपश्चात हुन सक्ने जोखिम पहिचान गरी विपत् व्यवस्थापन शाखाको समन्वयमा विद्यालयहरुमा योजना बनाउन लगाई पूर्व अभ्यास र पूर्व तयारी गर्न लगाउने।

५. पालिकाबाट रकम थप गरी थप गुणस्तरयुक्त दिवा खाजाको उपलब्धता सुनिश्चित गर्ने।

६. बालबालिकाको लागि विद्यालयमा नै सफा ताजा र पोषिलो खाजा तयारीको लागि चाहिने भान्सा तथा भण्डार, भान्सामा प्रयोग हुने आवश्यक भाँडावर्तन र अन्य सामग्रीहरु तथा समूहमा हात धुने लगायतका सुविधाहरु विस्तार गर्ने।

७. दिवा खाजाको लागि स्थानीय उत्पादनमा आधारित कृषि उत्पादनलाई प्रोत्साहन गर्ने गरी खाद्य टोकरी निर्माण र यस टोकरीको आधारमा सामाजिकरुपले स्वीकार्य र सांस्कृतिक, बालबालिकाको रुचिसमेतलाई ध्यानमा राखी गुणस्तरीय तथा

पोषिलो खाजा मेनु तयार गर्नको लागि आवश्यक प्रविधिको विकास तथा यस प्रविधिलाई सञ्चालन गर्न सबै विद्यालयहरुको क्षमता अभिवृद्धि गर्ने।

८. स्वास्थ्यसम्बन्धी अभिभावक सचेतनाका लागि स्वास्थ्य शाखा तथा अन्य संघसस्थाहरुको सेमतको साझेदारीमा कार्यक्रमहरु सञ्चालन गर्ने।

### ४.४.४ उपलब्धि तथा नतिजा

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| २ | सबै विद्यालयले गुणस्तरिय तथा स्थानिय उत्पादनलाइ प्रोत्साहन गर्ने दिवा खाजा कार्यक्रमलाइ प्रभावकारी कार्यान्वयन गरेका हुनेछन । | ५८ | ५८ | ५८ | ५८ | ५८ | ५८ |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | ५८ | ५८ | ५८ | ५८ | ५८ | ५८ |
| ५ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य | ५८ | ५८ | ५८ | ५८ | ५८ | ५८ |

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| | सेवाको पहुँच पुगेका विद्यालय सङ्ख्या | | | | | | |

### ४.४.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | दिवा खाजाका लागि भान्सा तथा भण्डार एवम् थप भाँडावर्तनको प्रबन्ध | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | दिवा खाजा व्यवस्थापक | पटक | १ | ० | ० | ० | ० | १ | २ |
| ४ | दिवा खाजाको मेनु सुधार र खाजा टोकरी निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १९ |
| ५ | विद्यालयलाई प्राथमिक उपचार किट प्रदान | बिद्यालय | ५८ | ५८ | ५८ | ५८ | ५८ | ५८ | ५८ |
| ७ | किशोरी महिनावारी स्वच्छता कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ८ | बिद्यालय प्लाष्टिक मुक्त तथा बजारी खाजा मुक्त बिद्यालय कार्यक्रम | | | | | | | | |
| ८ | अभिभावक सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ९ | शौचालय स्वच्छता अभियान | बिद्यालय | ५८ | ५८ | ५८ | ५८ | ५८ | ५८ | ५८ |
| १० | विद्यालयगत रूपमा हरित विद्यालय कार्यढाँचा योजना निर्माण र कार्यान्वयन | बिद्यालय | ५८ | ५८ | ५८ | ५८ | ५८ | ५८ | ५८ |

### ४.४.७ प्रमुख क्रियाकलाप तथा बार्षिक बजेट प्रक्षेपण

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | |
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | |
| दिवा खाजाका लागि भान्सा तथा भण्डार एवम् थप भाँडावर्तनको प्रबन्ध | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| दिवा खाजा व्यवस्थापक | १५० | १५० | १५० | १५० | १५० | ७५० |
| दिवा खाजाको मेनु सुधार र खाजा टोकरी निर्माण | ५० | ५० | ५० | ५० | ५० | २५० |
| विद्यालयलाई प्राथमिक उपचार किट प्रदान | १५० | १५० | १५० | १५० | १५० | ७५० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| किशोरी महिनावारी स्वच्छता कार्यक्रम | ५० | ५० | ५० | ५० | ५० | २५० |
| बिद्यालय प्लाष्टिक मुक्त तथा बजारी खाजा मुक्त बिद्यालय कार्यक्रम | ५० | ५० | ५० | ५० | ५० | २५० |
| शौचालय स्वच्छता अभियान | ५० | ५० | ५० | ५० | ५० | २५० |
| अभिभावक सचेतना कार्यक्रम | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| विद्यालयगत रूपमा हरित विद्यालय कार्यढाँचा योजना निर्माण र कार्यान्वयन | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| **बिद्यालय स्वास्थ्य पोषण कार्यक्रमको जम्मा बजेट(हजारमा)** | **६००** | **६५०** | **६५०** | **६५०** | **६५०** | **३२००** |

### ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

**परिचय**

नेपालमा विद्यालय सुरक्षा एक महत्वपूर्ण मुद्दा हो, जसको प्रमुख उद्देश्य विद्यार्थीहरूलाई सुरक्षित वातावरणमा शिक्षित गर्नु हो । विद्यालय सुरक्षाका लागि सरकार, शैक्षिक संस्थाहरू, र स्थानीय समुदायले मिलेर काम गर्न अति आवश्यक छ । यसमा भवनको सुरक्षा, आपतकालीन योजनाहरू, र विद्यार्थीहरूको भौतिक र मानसिक सुरक्षाहरू पर्दछन । नेपालमा प्रका ेप व्यवस्थापन तथा संकटकालीन अवस्थामा शिक्षा प्राप्त गर्ने बालबालिकाको अवस्थालाई कुण्ठित हुन नदिने गरी नीतिगत तथा कानुनी व्यवस्थाका अतिरिक्त आवधिक राष्ट्रिय योजना शिक्षा क्षेत्रको दीर्घकालीन योजना र वार्षिक बजेट तथा कार्यक्रम समावेश हुँदै आए पनि प्रभावकारी देखिएको छैन विशेषत लामो द्वन्द्वको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेको प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड १९ लगायतका महामारीहरूका कारणले बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी विद्यालय शिक्षा क्षेत्र योजना २०७९ देखि २०८८ सम्म ले आगामी १० वर्षका लागि नीति तथा कार्यक्रम प्राथमिकता र कार्यान्वयन ढाँचा समेत समावेश गरेको छ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले सुरक्षित सिकाई वातावरणका लागि भौतिक तथा मानवीय व्यवस्थापन एवं कार्यान्वयनका मापदण्ड तयार गर्ने, सरोकारवालाहरूलाई विपत् व्यवस्थापन सम्बन्धी सैद्धान्तिक एवं व्यवहारिक ज्ञान दिइ विपदको पूर्व तयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभ सम्बन्धी कार्यक्रमलाई विद्यालय तथा शिक्षालयको वार्षिक कार्यतालिकामा राखी विद्यालयमा हुन सक्ने हिंसा असुरक्षा भय त्रास गाली बेइज्जती विभेद लगायतका गैर संरचनात्मक विपद तथा जोखिमहरूको न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक र समुदायका

सदस्यहरूको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्दै विद्यालयहरूलाई बालमैत्री, छात्रा मैत्री, अपाङ्गता मैत्री तथा सुरक्षित हिंसा रहित र भयरहित सिकाई केन्द्रको रुपमा विकास गर्ने उल्लेख छ।

विद्यालय सुरक्षा, विपत न्यूनीकरण र उत्थानशीलता अन्तर्गत मूलत तीन प्रकारका आपत्कालीन अवस्थाहरू समावेश गरिएको छ। जसमा प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण, महामारी युद्ध द्वन्द विस्थापन र बसाईसराई का कारणले बालबालिकाको शिक्षा क्षेत्रमा पर्ने प्रभावलाई कम गर्न विद्यालय सुरक्षा विपत न्यूनीकरण उत्थानशील योजनाहरु कार्यान्वयन गर्नुपर्ने अवस्था छ । यसका साथै अपतकालिन अवस्थामा समेत सिकाइ वातावरण तयार तथा सिकाइ क्षती न्यूनिकरणका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सिकाइ अपूरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयनमा ल्याएको छ । जसले जोखिमको अवस्थामा पनि अधिकार समावेशीकरण समता र न्याय र पहुँचलाई अभिवृद्धि गर्न सहयोग पुर्‍याउँदछ।

### ४.५.१ वर्तमान अवस्था

कपिलवस्तु नगरपालिका मा विद्यालय भौतिक निर्माणमा मानकहरूको पालना गर्ने प्रयास गरिएको छ यद्यपी विद्यालय भौतिक संरचनाहरू पुराना पनि रहेका छन । भूकम्प प्रतिरोधक संरचना निर्माण भएपनि अन्य सेफ्टी उपकरणहरूको उपलब्धता, र अन्य आपतकालीन सुरक्षा उपायहरूको व्यवस्था गर्न सकिएको छैन । विद्यालयमा विपद सुरक्षाका सम्बन्धमा प्रशिक्षित शिक्षकहरूको उपस्थिति, र विद्यार्थीहरूको लागि नियमित सुरक्षा तालिमहरू सञ्चालन गर्न सकिएको छैन । कपिलवस्तु नगरपालिका मा धेरै विद्यालयहरू बाढी ,हावाहुरी र चट्याङ जस्ता प्रकोपको जोखिममा छन् र विगतमा पनि प्रभावित हुँदै आइरहेका छन् । २०७२ सालको भूकम्पबाट पनि थुप्रै विद्यालयहरूमा क्षति पुग्यो । कोभिड १९ का कारण लामो समयसम्म विद्यालयहरू बन्द भए । विद्यालयहरूको आपतकालीन योजनाहरू तयार निर्माण भएका छैनन जसले गर्दा विपद् व्यवस्थापन, तत्काल उद्धार योजना, र विद्यार्थी र कर्मचारीहरूको सुरक्षा सुनिश्चित गर्ने उपायहरू अवलम्बन हुन सकेका छैनन । विपद् व्यवस्थापनको लागि विद्यालयका शिक्षक र कर्मचारीहरूलाई नियमित तालिम दिनु, र विद्यार्थीहरूलाई विपद् प्रतिरोधक उपायहरूको बारेमा जनचेतना जगाउनु आवश्यक छ। विद्यालयको उत्थानशीलता भनेको विद्यालयको क्षमता, resilience, र दीर्घकालीन विकास सुनिश्चित गर्नका लागि अपनाइने उपायहरू भएपनि यसमा शैक्षिक सुधार, समुदायको संलग्नता, र संरचनात्मक सुधारहरूको प्रयास भएको छैन ।

कपि;वस्तु नगरपालिका मा कोभिड-१९ जस्तो विपदको समयमा शिक्षाका लागि विभिन्न बैकल्पिक प्रयासहरू गरिएका छन् । यीमध्ये केहि प्रमुख प्रयासहरू निम्नलिखित छन्:

१. अनलाइन कक्षाहरू: विद्यालयहरूले अनलाइन प्लेटफर्ममार्फत कक्षाहरू सञ्चालन गरेका छन्। यसमा भिडियो कन्फरेन्सिंग एप्स, जस्तै जूम र गुगल मिटको प्रयोग गरिएको छ।
२. टेलिभिजन र रेडियो कार्यक्रम: शिक्षण सामग्रीको पहुँच सुनिश्चित गर्न टेलिभिजन र रेडियोबाट प्रशारण हुने शैक्षिक विशेष कार्यक्रमहरूमा विद्यार्थी सहभागी भएका छन ।
३. सामग्री वितरण: विद्यार्थीहरूलाई आवश्यक अध्ययन सामग्रीको वितरण गरिएको छ, जसमा किताब, कार्यपत्र, र अन्य शैक्षिक सामग्री समावेश छन्।
४. सामुदायिक शिक्षण केन्द्र: स्थानीय समुदायमा शिक्षण केन्द्रहरूको स्थापना गरिएको छ, जहाँ शिक्षकहरूले विद्यार्थीहरूलाई व्यक्तिगत रुपमा सहयोग गर्ने प्रयास गरेका छन्।
५. मास्क र स्वास्थ्य शिक्षा: विद्यार्थीहरूको स्वास्थ्य र सुरक्षाको लागि मास्क वितरण गरिएको र स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रमको आयोजना गरिएको छ।
६. अभिभावकको संलग्नता: अभिभावकलाई पनि शिक्षामा संलग्न गराउने विभिन्न कार्यक्रमहरूको आयोजना गरिएको छ, जसले उनीहरूलाई घरमै विद्यार्थीहरूको अध्ययनमा सहयोग पुऱ्याउन मद्दत पुर्याएको छ।

यी प्रयासहरूले शिक्षा प्रणालीलाई निरन्तरता दिन र विद्यार्थीहरूको शिक्षा सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

### ४.५.२ लक्ष्य

आपतकालीन र संकटपूर्ण अवस्थामा शैक्षिक क्षति हटाउन समुदायलाई प्रत्यक्ष परिचालन गर्न विपद प्रतिकार्य योजना निर्माण गरी संकटपूर्ण अवस्थमा शिक्षाको लागि उचित वातावरण निर्माण गर्ने ।

४ उद्धेश्यहरु ३.५.

